# संसदीय विवरण पुस्तिका

## पुनर्स्थापित प्रतिनिधि सभा

## (२०६३/०१/१५ - २०६३/१०/०१)




**संघीय संसद सचिवालय**

सिंहदरबार, काठमाडौं

संसद

# पुर्नस्थापित प्रतिनिधि सभा

(२०६३ बैशाख १५ गतेदेखि २०६३ माघ १ गतेसम्म)

संसद सचिवालय
संसद भवन, सिंहदरवार
काठमाण्डौं ।

**प्रकाशक** :

संसद सचिवालय

संसद भवन, सिंहदरवार ।

प्रकाशनः २०६३

पुनः प्रकाशन : २०७७

मुद्रण प्रति : ७०० प्रति

**मुद्रक :**

संसद सचिवालय

अफसेट प्रेस,

संसद भवन, सिंहदरवार ।

## संसद सचिवालय

## यस प्रकाशनसँग सम्बद्ध पदाधिकारी तथा कर्मचारीहरु

| | |
|---|---|
| श्री सूर्य किरण गुरुङ्ग | महासचिव |
| श्री विनोद कुमार अधिकारी | सह-सचिव |
| श्री विरेन्द्र बहादुर कार्की | सह-सचिव |
| श्री रघुनाथ शर्मा आचार्य | उप-सचिव |
| श्री राजन घिमिरे | शाखा अधिकृत |
| श्री रेखा उपाध्याय (खनाल) | कम्प्यूटर अपरेटर |
| श्री माधव प्रसाद नेपाल | पियन |

## मुद्रण तर्फ

| | |
|---|---|
| श्री पुष्पमुनि बज्राचार्य | प्रमुख मुद्रण अधिकृत |
| श्री जगदिश्वरलाल श्रेष्ठ | मुद्रण अधिकृत |
| श्री प्रेमलाल तण्डुकार | मुद्रण अधिकृत |
| श्री गोपालमान अमात्य | मुद्रण अधिकृत |
| श्री सागरकुमार तुलाधर | मुद्रण अधिकृत |
| श्री विष्णुप्रसाद भट्टराई | सि. प्रे. टे |
| श्री दिपकप्रसाद न्यौपाने | सि. प्रे. टे |
| श्री गम्बीरमान सिंह | प्रे. टे |
| श्री राजेन्द्र लामिछाने | प्रे. टे |
| श्री प्रेमबहादुर चन्द | प्रे. टे |
| श्री मदन गिरी | पियन |

# मन्तव्य

जन आन्दोलन-२ को अभूतपूर्व सफलताको परिणाम स्वरुप चार वर्षपछि पुर्नस्थापित प्रतिनिधि सभाको बैठक २०६३ साल वैशाख १५ गते देखि २०६३ साल माघ १ गते सम्म ११० वटा बैठक बसी विभिन्न महत्वपूर्ण एवं ऐतिहासिक निर्णयहरु गरी नेपालको इतिहासमा अविस्मरणीय बैठक सावित हुन पुग्यो ।

प्रतिनिधि सभाले के कस्ता कार्यहरु गरेको छ त्यसको जानकारी सबैमा हुनु आवश्यक छ र संसद प्रति आस्था राख्ने लगायत सबैको लागि चासोको विषय पनि हो । पुर्नस्थापित प्रतिनिधि सभाले गरेको महत्वपूर्ण काम कारवाहीलाई समेटेर यो पुस्तिका तयार गरिएको छ ।

शान्तिवार्ता प्रकृया, संविधान सभा, जेष्ठ ४ को प्रतिनिधि सभाको घोषणा, महत्वपूर्ण विधेयकहरु लगायतका कार्यहरु मार्फत निरंकुशताका आधार तथा अवशेषहरु समाप्त गर्ने, समावेशीताका आधारहरु स्थापित गर्ने र समग्रमा जनतालाई सबल बनाउँदै संविधान सभामा पुग्ने आधार तयार गर्ने, आफ्नो ऐतिहासिक दायित्व पुरा गर्दै, पुर्नस्थापति प्रतिनिधि सभाले २०६३ माघ १ गते अन्तरिम संविधान जारी गर्दै अन्तरिम संविधान अनुरुप स्थापित व्यवस्थापिका-संसदलाई आफ्नो जिम्मेवारी सुम्पिएको छ ।

यो पुस्तिका मा० सदस्य लगायत संसदीय काम कारवाहीको जानकारी राख्न चाहने जो कोही पाठकहरुको लागि उपयोगी हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्त्यमा पुस्तिका तयार गर्ने क्रममा मेहनतको साथ लागि पर्ने पुस्तिका तयारी कार्यदलका सम्पूर्ण कर्मचारीहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु ।

(सुवास नेम्वाङ्ग)
सभामुख

दिनाङ्क : २०६३

# मन्तव्य

जनआन्दोलनको परिणाम स्वरुप चार वर्ष पछि पुर्नस्थापित प्रतिनिधि सभाको बैठक सम्वत् २०६३ साल बैशाख १५ गते देखि २०६३ साल माघ १ गते सम्म जम्मा ९६ दिन चल्यो र यो नेपालको इतिहासमै अविस्मरणीय बैठक साबित हुन पुग्यो ।

यस अवधिमा प्रतिनिधि सभाबाट थुप्रै कार्यहरु सम्पादन भएका छन् । ती मध्ये महत्वपूर्ण संसदीय काम कारवाहीहरुलाई छोटकरीमा समेटेर यो पुस्तिका तयार गरिएको छ ।

यो पुस्तिका संसदीय पदाधिकारीहरु, मा.सदस्यहरु लगायत संसदीय काम कारबाहीको जानकारी राख्न चाहने जोकोही पाठकहरुको लागि पनि उत्तिकै उपयोगी हुनेछ भन्ने कुरामा मैले विश्वास लिएकी छु ।

अन्त्यमा पुस्तिका तयारी गर्ने क्रममा बढो मेहनतका साथ लागिपर्ने पुस्तिका तयारी कार्यदलका सम्पूर्ण कर्मचारीहरु एवं यसको प्रकाशनमा सहयोग पुऱ्याउने सचिवालयका अन्य सबै कर्मचारीहरुलाई म विशेषरुपमा हृदय देखिनै धन्यवाद दिन चाहन्छु ।

(श्रीमती चित्रलेखा यादव)
उप-सभामुख

दिनाङ्क २०६३

# मन्तव्य

जनआन्दोलन–२ को सफलताको प्रतिफल स्वरुप मिति २०५९ साल जेष्ठ ८ गते विघटित प्रतिनिधि सभाको पुर्नस्थापना भई यसको प्रथम बैठक मिति २०६३ साल बैशाख १५ गते प्रतिनिधि सभा भवन, सिंहदरबारमा बस्यो । यस प्रतिनिधि सभा बैठकको एकातर्फ आफ्नै प्रकारको ऐतिहासिक महत्व रहेको थियो भने अर्कोतर्फ यस बैठकले नेपालको राजनैतिक इतिहासमा अत्यन्त गहन र जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने थियो । ऐतिहासिक महत्व यस कारण कि यो प्रतिनिधि सभाको पुर्नस्थापना पहिलो पटक जनआन्दोलन मार्फत गरिएको थियो र गहन एवं जिम्मेवारीपूर्ण भूमिका निर्वाह यस कारण गर्नुपरेको थियो कि जनआन्दोलनका दौरान आन्दोलनरत विभिन्न राजनैतिक दलहरुले नेपाली जनता, नागरिक / व्यवसायीक समाज तथा अन्तर्राष्ट्रिय समुदाय प्रति प्रकट गरेको आश्वासन तथा प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयीत गर्नुपर्ने थियो ।

प्रतिनिधि सभाको यस बैठकले निर्वाह एवं कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी वास्तवमा नै चुनौतिपूर्ण कार्य थियो कारण दलीय व्यवस्थामा एकातर्फ आ-आफ्नो दलको आ-आफ्नै प्रकारको विचारधारा, अवधारणा, कार्यशैली तथा प्रतिस्पर्धा रहेको हुन्छ भने अर्कोतर्फ आन्दोलनको समयमा साझा रुपमा आन्दोलनरत दलहरुले आन्दोलनको समयमा प्रदान गरेका आश्वासन एवं प्रतिबद्धतालाई मूर्त स्वरुप प्रदान गर्नु जरुरी थियो । यस्तो वैचारिक द्वन्द्वात्मक अवस्थामा समेत प्रतिनिधि सभाको बैठकले नेपालमा लोकतान्त्रिक व्यवस्थाको जग स्थापना गर्ने केही महत्वपुर्ण साझा निर्णयहरु गऱ्यो र यस्तो कार्य सम्पादन गर्ने श्रेय सर्वप्रथम आन्दोलनरत एवं संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुलाई नै प्रदान गर्नुपर्ने देखिन्छ । दलीय प्रतिस्पर्धा कायम रहेता पनि यस प्रतिनिधि सभाको बैठक अवधिभर प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरु राजनैतिक मुद्दामा एकमत देखिए । नेपालको राजनैतिक इतिहासमा पहिलो पटक दलीय समझदारी प्रत्याभूति हुनु अवश्य पनि शुभ संकेत हुन् । यसै प्रकार राजनैतिक दलहरुबीच यदि स्वच्छ, निष्पक्ष, धाँधलीरहित र निर्भिक अवस्था कायम रहने हो भने नेपाली जनताले कल्पना गरेको "नयाँ नेपाल" अवश्य निर्माण हुनेछ । यस पुस्तिका मार्फत हामीले सोही तथ्यलाई हृदयंगम गर्दै प्रतिनिधि सभाको बैठक मार्फत गरिएका काम कारवाही एवं विवरणलाई प्रकाशित गर्ने प्रयास गरेका छौं ।

यो पुस्तिका संसदीय व्यवस्थामा अभिरुचि राख्ने जो कोही पाठकहरुका लागि स्रोत पुस्तिका स्वरुप महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्त्यमा पुस्तिका तयार गर्ने क्रममा मेहनतका साथ लागि पर्ने पुस्तिका तयारी कार्यदलका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै त्रुटीवश कुनै भूल हुन गएको भए , सुधारका लागि सुझावका लागि समेत अपेक्षा गरेको छु ।

(सूर्य किरण गुरुङ्ग)
महा–सचिव

दिनाङ्क २०६३

# विषयसूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | |
| २. | प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरु | |
| ३. | पुर्नस्थापित प्रतिनिधि सभा सदस्यहरुको नामावली | |
| ४. | स्थान रिक्तता | |
| ५. | छुट्टै दलको मान्यता दिइएको | |
| ६. | सभामुखको निर्वाचन र शपथ ग्रहण | |
| ७. | प्रतिनिधि सभाको घोषणा, २०६३ | |
| ८. | शपथ ग्रहण | |
| ९. | अध्यक्षता गर्नको लागि मनोनयन | |
| १०. | संसदीय दलको नेता | |
| ११. | संसदीय दलका सचेतकहरु | |
| १२. | अधिवेशनकाल | |
| १३. | पारित संकल्पहरु | |
| १४. | प्रधानमन्त्रीबाट नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत | |
| १५. | अर्थमन्त्रीद्वारा श्वेत–पत्र जारी | |
| १६. | आर्थिक सर्वेक्षण पेश | |
| १७. | राजस्व र व्ययको वार्षिक अनुमान पेश | |
| १८. | राजस्व र व्ययको वार्षिक अनुमान माथि छलफल | |
| १९. | विनियोजन विधेयक माथि छलफल | |
| २०. | जरुरी सार्वजनिक महत्वको प्रस्ताव | |
| २१. | अत्यन्त जरुरी सार्वजनिक महत्वको प्रस्ताव (स्थगन प्रस्ताव) | |
| २२. | सार्वजनिक महत्वको विपयमा मन्त्रीहरुद्वारा वक्तव्य/जानकारी | |
| २३. | महत्वपूर्ण ऐतिहासिक सम्झौता एवं दस्तावेजहरु प्रस्तुत | |
| २४. | शोक प्रस्ताव | |
| २५. | पारित विधेयक | |
| २६. | मन्त्रालयगत पारित विधेयक | |
| २७. | कार्यव्यवस्था परामर्श समिति गठन | |
| २८. | संसदीय छानबिन समिति गठन | |
| २९. | प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन | |
| ३०. | प्रतिनिधि सभा नियमावली संशोधन मस्यौदा समिति गठन | |
| ३१. | नेपाल सरकारको कार्य सम्पादन र कार्य विभाजन नियमावली पेश | |
| ३२. | बैठकका गतिरोध तथा बैठक बहिष्कार | |

३३. सूर्तिजन्य पदार्थ निषेधित क्षेत्र घोपणा
३४. संसदीय अनुगमन समिति
३५. बिषयगत समितिहरुको गठन
३६. समितिको प्रतिवेदन पेश
३७. विशेष समिति
३८. बैठकभत्ता वापत प्राप्त रकम जनआन्दोलन–२ का घाइते उपचार कोषमा जम्मा गरिएको
३९. समितिमा छलफल भएका विधेयकहरुको संख्यात्मक विवरण
४०. महासन्धि, सन्धि तथा सम्झौताहरू अनुमोदन
४१ महासन्धि, सन्धि तथा सम्झौताहरूको जानकारी
४२. वैदेशिक सहयोगको विवरण
४३ वार्षिक प्रतिवेदन पेश
४४. माननीय सभामुखद्वारा दिइएका निर्देशन र ध्यानाकर्षण
४५. मन्त्रिपरिषद गठन/हेरफेर, कार्यभार थप
४६. अन्तर व्यवस्थापिका संघ (IPU)
४७. नेपाली संसदीय प्रतिनिधि मण्डलद्वारा विदेश भ्रमण
४८. विदेशी संसदीय प्रतिनिधि मण्डलद्वारा नेपाल भ्रमण
४९. मा. सभामुखबाट शिष्टाचार भेट
५०. बैठकको भौतिक संरचनामा हेरफेर
५१. गोष्ठी र अन्तरक्रिया
५२. लोगो वितरण
५३. अन्तरिम संविधान जारी
५४. व्यवस्थापिका-संसद

## अनुसूची

१. प्रतिनिधि सभाको घोषणा, २०६३
२. बैठककालको विवरण
३. जरुरी सार्वजनिक महत्वका प्रस्तावहरु
४. मा. मन्त्रीहरुद्वारा सार्वजनिक महत्वको बिषयमा वक्तव्य
५. नेपाल सरकार र ने.क.पा (माओवादी) बीच मिति २०६३ जेष्ठ १२ गते सहमति भएको युद्धविराम आचार-संहिता
६. सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको २०६३ कार्तिक २२ गतेको बैठकका निर्णयहरु

७. नेपाल सरकार र ने.क.पा (माओवादी) बीच मिति २०६३ कार्तिक ५ गते भएको विस्तृत शान्ति सम्झौता

८. Agreement on Monitoring of the Management of Arms and Armies, 29 November 2006

९. पुर्नस्थापित प्रतिनिधि सभाको बैठक अवधिमा विधेयक सम्वन्धमा भए गरेको कारवाही

१०. विपयगत समितिमा रहनुभएका मा.सदस्यहरु

११. प्रतिनिधि सभाको घोषणा कार्यान्वयन विशेष समितिको पहिलो प्रारम्भिक प्रतिवेदन

१२. प्रतिनिधि सभाको घोषणा कार्यान्वयन विशेष समितिको दोस्रो प्रतिवेदन

१३. २०५८ साल फागुन १ गतेदेखि २०६२ चैत्र मसान्त सम्म वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौंताहरुको विवरण

१४. सा. सभामुखद्वारा मन्त्रीहरुलाई दिइएको निर्देशन एंव ध्यानाकर्षण

१५. व्यवस्थापिका-संसदका सदस्यहरुको नामावली

## १. पृष्ठभूमि

जन आन्दोलन-२ को अभूतपूर्व सफलताको परिणाम स्वरुप २०६३ साल बैशाख ११ गते राति ११:०० बजे प्रतिनिधि सभाको पुर्नस्थापना गर्ने र २०६३ साल बैशाख १५ गते दिनको १:०० बजे पुर्नस्थापित प्रतिनिधि सभाको बैठक बस्ने घोषणा राजाबाट भयो । सो घोषणा बमोजिम २०६३ साल बैशाख १५ गते दिनको ५:०० बजे पुर्नस्थापित प्रतिनिधि सभाको पहिलो बैठक बस्यो ।

## २. प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरु

प्रतिनिधि सभा सदस्यका लागि वि.सं. २०५६ मा सम्पन्न भएको निर्वाचनमा ३९ वटा बिभिन्न राजनैतिक दलले उम्मेदवारी दिएकोमा ७ वटा राजनैतिक दलले आफ्नो उम्मेदवार विजयी गराउन सफल भएका थिए भने पुर्नस्थापित प्रतिनिधि सभामा निम्न दलहरुको प्रतिनिधित्व रहेको थियो :–

१. नेपाली कांग्रेस
२. ने.क.पा (एमाले)
३. नेपाली कांग्रेस (प्रजातान्त्रिक)
४. राष्ट्रिय प्रजातन्त्र पार्टी
५. जनमोर्चा नेपाल
६. नेपाल सद्भावना पार्टी
७. नेपाल सदभावना पार्टी (आनन्दीदेवी)
८. नेपाल मजदूर किसान पार्टी

## ३. पुर्नस्थापित प्रतिनिधि सभा सदस्यहरुको नामावली

पुर्नस्थापित प्रतिनिधि सभामा २०५६ सालको निर्वाचनबाट निर्वाचित भै आएका निम्नलिखित मा. सदस्यहरुको प्रतिनिधित्व रहेको छ :–

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| १. | श्री अजय कुमार चौरसिया वरै | ने.का. | पर्सा | २ |
| २. | श्री अजय प्रताप शाह | रा.प्र.पा. | कपिलवस्तु | ४ |
| ३. | श्री अर्जुनजंगबहादुर सिहं | ने.का. | बझाङ्ग | १ |
| ४. | श्री अर्जुनप्रसाद जोशी | ने.का. | पर्वत | १ |
| ५. | श्री अष्टलक्ष्मी शाक्य (बोहरा) | ने.क.पा. (एमाले) | काठमाडौं | ६ |
| ६. | श्री आनन्दप्रसाद ढुङ्गाना | ने.का. | धनुषा | ३ |
| ७. | श्री आनन्दप्रसाद पोखरेल | ने.क.पा. (एमाले) | दोलखा | २ |
| ८. | श्री आमोदप्रसाद उपाध्याय | ने.का. | मोरङ्ग | १ |
| ९. | श्री ईश्वर पोखरेल | ने.क.पा.(एमाले) | काठमाडौं | ३ |
| १०. | श्री उमाकान्त चौधरी | ने.का. | बारा | १ |
| ११. | श्री उर्मिला अर्याल | ने.क.पा.(एमाले) | पर्सा | ४ |
| १२. | श्री ऋषिकेश गौतम | ने.का. | बारा | ३ |

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| १३. | श्री एकनाथ रानाभाट | ने.का. | चितवन | २ |
| १४. | श्री ओमप्रसाद ओझा | ने.क.पा.(एमाले) | ताप्लेजुङ्ग | २ |
| १५. | श्री कमलप्रकाश सुनुवार | ने.क.पा.(एमाले) | रामेछाप | १ |
| १६. | श्रीमती कमला पन्त (आचार्य) | ने.का. | गोरखा | २ |
| १७. | श्रीमती काशी पौडेल | ने.का. | बर्दिया | १ |
| १८. | श्री कुन्ता शर्मा | ने.क.पा.(एमाले) | सुनसरी | १ |
| १९. | श्री के.पी.शर्मा ओली | ने.क.पा.(एमाले) | झापा | २ |
| २०. | श्री केशरमान रोका | ने.का. | रुकुम | १ |
| २१. | श्री केशव थापा | ने.का. | ईलाम | ३ |
| २२. | श्री कैलाशनाथ कसौधन | ने.का. | बाँके | ३ |
| २३. | श्री कृष्णकिशोर घिमिरे | ने.का. | दाङ | ३ |
| २४. | श्री कृष्णचरण श्रेष्ठ♦ | रा.प्र.पा. | सिरहा | ३ |
| २५. | श्री कृष्णप्रताप मल्ल | रा.प्र.पा. | धनुषा | ४ |
| २६. | श्री कृष्णप्रसाद दहाल | ने.क.पा.(एमाले) | मकवानपुर | १ |
| २७. | श्री कृष्णप्रसाद भट्टराई | ने.का. | पर्सा | १ |
| २८. | श्री कृष्णप्रसाद सिटौला | ने.का. | झापा | १ |
| २९. | श्री कृष्णलाल महर्जन | ने.क.पा.(एमाले) | ललितपुर | २ |
| ३०. | श्री खुमबहादुर खड्का | ने.का. | दाङ | १ |
| ३१. | श्री खेमराजभट्ट मायालु | ने.का. | बर्दिया | ३ |
| ३२. | श्री गिरिजाप्रसाद कोइराला | ने.का. | सुनसरी | ५ |
| ३३. | श्री गेहेन्द्र गिरी | ने.का. | दाङ | ४ |
| ३४. | श्री गोकर्णराज बिष्ट | ने.क.पा.(एमाले) | गुल्मी | ३ |
| ३५. | श्री गोपालप्रसाद कोइराला | ने.का. | झापा | ६ |
| ३६. | श्री गोपालमान श्रेष्ठ | ने.का. | स्याङ्जा | २ |
| ३७. | श्री गोपाल राई♣ | ने.का. | ओखलढुङ्गा | २ |
| ३८. | श्री गोरखबहादुर बोगटी | ने.क.पा.(एमाले) | हुम्ला | |
| ३९. | श्री गोविन्दबहादुर शाह | ने.का. | अछाम | १ |
| ४०. | श्री गोविन्दराज जोशी | ने.का. | तनहुँ | १ |
| ४१. | श्री गोविन्दविक्रम शाह | रा.प्र.पा. | जाजरकोट | १ |
| ४२. | श्री डा. गंगाधर लम्साल | ने.का. | चितवन | ३ |
| ४३. | श्री गंगाप्रसाद नेपाल | ने.क.पा.(एमाले) | सिन्धुली | १ |
| ४४. | श्री घनेन्द्र बस्नेत | ने.क.पा.(एमाले) | भोजपुर | १ |
| ४५. | श्री चक्रप्रसाद बास्तोला | ने.का. | झापा | ४ |
| ४६. | श्री चन्द्रबहादुर शाही | ने.क.पा.(एमाले) | मुगु | |
| ४७. | श्री चन्द्रमणी खराल | ने.क.पा.(एमाले) | नवलपरासी | २ |
| ४८. | श्री चिरञ्जीवी वाग्ले | ने.का. | गोरखा | १ |
| ४९. | श्री चित्रबहादुर के.सी. | स्वतन्त्र | बाग्लुङ | २ |

♦ २०६३ असोज ७ गते हत्या भएको ।

♣ २०६३ असोज ७ गते हेलिकप्टर दुर्घटनामा निधन भएको ।

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| ५०. | श्रीमती चित्रलेखा यादव | ने.का. | सिरहा | २ |
| ५१. | श्री जगदिशप्रसाद शाह | ने.क.पा.(एमाले) | सप्तरी | ४ |
| ५२. | श्री जगन्नाथ खतिवडा | ने.क.पा.(एमाले) | उदयपुर | २ |
| ५३. | श्री जनकराज गिरी | ने.का. | बाजुरा | |
| ५४. | श्री जयप्रकाशप्रसाद गुप्ता | ने.का. | सप्तरी | १ |
| ५५. | श्री टुकराज सिग्देल | ने.क.पा.(एमाले) | तनहुँ | ३ |
| ५६. | श्री टेकबहादुर चोखाल | ने.का. | कैलाली | ४ |
| ५७. | श्री टंकप्रसाद राई | ने.का. | संखुवासभा | १ |
| ५८. | श्री टंकप्रसाद शर्मा कडेल | ने.का. | बाग्लुङ | १ |
| ५९. | श्री डम्बर सिं सम्वाहाम्फे | ने.क.पा.(एमाले) | पाँचथर | २ |
| ६०. | श्री डिलाराम आचार्य | स्वतन्त्र | अर्घाखाँची | १ |
| ६१. | श्री डिल्लीराज खनाल | ने.क.पा.(एमाले) | अर्घाखाँची | २ |
| ६२. | श्री डिल्लीराज शर्मा | ने.का. | पर्वत | २ |
| ६३. | श्री तारानाथ रानाभाट | ने.का. | कास्की | १ |
| ६४. | श्री तारासम यङ्गया | ने.क.पा.(एमाले) | झापा | ५ |
| ६५. | श्री तारणीदत्त चटौत | ने.का. | कञ्चनपुर | २ |
| ६६. | श्री तिर्थराम डङ्गोल | ने.का. | काठमाडौं | ७ |
| ६७. | श्रीमती तिर्था गौतम | ने.क.पा.(एमाले) | रुकुम | २ |
| ६८. | श्री तिलकुमार मेन्याङ्वो (लिम्बु) | ने.क.पा.(एमाले) | ताप्लेजुङ | १ |
| ६९. | श्री दानबहादुर चौधरी | ने.क.पा.(एमाले) | कपिलवस्तु | १ |
| ७०. | श्री दामोदर वस्ताकोटी | ने.का. | नवलपरासी | १ |
| ७१. | श्री दिलबहादुर लामा | ने.का. | रसुवा | |
| ७२. | श्री दिलेन्द्रप्रसाद वडु | ने.का. | दार्चुला | |
| ७३. | श्री दुर्गा लिंखा | ने.क.पा.(एमाले) | धनकुटा | १ |
| ७४. | श्री दुर्योधन सिंह | ने.का. | रुपन्देही | १ |
| ७५. | श्री देवीलाल थापा | ने.क.पा.(एमाले) | जुम्ला | |
| ७६. | श्री देवेन्द्रराज कँडेल | ने.का. | नवलपरासी | ४ |
| ७७. | श्री धर्मनाथप्रसाद शाह | ने.क.पा.(एमाले) | सिरहा | ५ |
| ७८. | श्री नरबहादुर बुढाथोकी* | ने.क.पा.(एमाले) | डोल्पा | |
| ७९. | श्री नरबहादुर हमाल | ने.क.पा.(एमाले) | दैलेख | १ |
| ८०. | श्री नरेन्द्रबहादुर बम | ने.का. | बैतडी | १ |
| ८१. | श्री नेरन्द्रबिक्रम नेम्वाङ | ने.का. | झापा | ३ |
| ८२. | श्री नवराज सुवेदी | स्वतन्त्र | प्युठान | २ |
| ८३. | श्री नागेन्द्रकुमार राय | ने.का. | सर्लाही | ४ |
| ८४. | श्री नारायणप्रकास साँउद | ने.का. | कञ्चनपुर | १ |
| ८५. | श्री नारायणमान बिजुक्छे | स्वतन्त्र | भक्तपुर | १ |
| ८६. | श्री नारायणशर्मा पौडेल | ने.का. | चितवन | ४ |
| ८७. | श्री नारायण सिंह पुन◆ | ने.का. | म्याग्दी | |

* ने.क.पा.(एमाले) संसदीय दलबाट मिति २०६३/१/१३ मा पार्टीबाट निष्काशनको लागि लेखि पठाएको ।

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| ८८. | श्री नेत्रलाल श्रेष्ठ | रा.प्र.पा. | सल्यान | २ |
| ८९. | श्री परशुराम मेघी गुरुङ्ग | ने.क.पा.(एमाले) | संखुवासभा | २ |
| ९०. | श्री परी थापा | स्वतन्त्र | बाग्लुङ | ३ |
| ९१. | श्री पशुपति चौलागाई | ने.क.पा.(एमाले) | दोलखा | १ |
| ९२. | श्री पशुपति शमशेर ज.ब.रा. | रा.प्र.पा. | सिन्धुपाल्चोक | ३ |
| ९३. | श्री पाल्तेन गुरुङ | ने.का. | मनाङ | |
| ९४. | श्री पुस्करनाथ ओझा | ने.का. | कैलाली | ३ |
| ९५. | श्री पूर्णबहादुर खड्का | ने.का. | सुर्खेत | १ |
| ९६. | श्री प्रकाश कोइराला• | ने.का. | रौतहट | ४ |
| ९७. | श्री प्रकाश ज्वाला | ने.क.पा.(एमाले) | सल्यान | १ |
| ९८. | श्री प्रकाशबहादुर गुरुङ | ने.का. | कास्की | ३ |
| ९९. | श्री प्रदीपकुमार ज्ञवाली | ने.क.पा.(एमाले) | गुल्मी | २ |
| १००. | श्री प्रदीप नेपाल | ने.क.पा.(एमाले) | काठमाडौं | १ |
| १०१. | श्री प्रेमबहादुर सिंह♣ | ने.क.पा.(एमाले) | कालिकोट | |
| १०२. | श्री प्रेमलाल सिंह | ने.का. | काठमाडौं | ४ |
| १०३. | श्री फटिकबहादुर थापा | ने.क.पा.(एमाले) | गुल्मी | १ |
| १०४. | श्री फर्मुलाह मंसुर | ने.का. | बारा | ४ |
| १०५. | श्री बद्रीप्रसाद मण्डल | ने.स.पा. | मोरङ | ७ |
| १०६. | श्री बलदेव शर्मा | ने.का. | दाङ | २ |
| १०७. | श्री बलबहादुर के.सी. (खत्री) | ने.का. | सोलुखुम्बु | |
| १०८. | श्री बिरोध खतिवडा | ने.क.पा.(एमाले) | मकवानपुर | २ |
| १०९. | श्री बुद्धीमान तामाङ | रा.प्र.पा. | धादिङ | १ |
| ११०. | श्री बेनुपराज प्रसाई | ने.का. | ईलाम | १ |
| १११. | श्री डा. बंशीधर मिश्र | ने.क.पा.(एमाले) | रौतहट | ३ |
| ११२. | श्री भक्तबहादुर बलायर | ने.का. | डोटी | १ |
| ११३. | श्री भद्रबहादुर थापा | ने.क.पा.(एमाले) | पाल्पा | १ |
| ११४. | श्री भरतकुमार शाह | ने.का. | रुपन्देही | ४ |
| ११५. | श्री भरतमोहन अधिकारी | ने.क.पा.(एमाले) | मोरङ | २ |
| ११६. | श्री महन्थ ठाकुर | ने.का. | सर्लाही | ५ |
| ११७. | श्री महादेव गुरुङ | ने.का. | कास्की | २ |
| ११८. | श्री महेन्द्रकुमार राय | ने.का. | महोत्तरी | ४ |
| ११९. | श्री महेन्द्रप्रसाद यादव | ने.क.पा.(एमाले) | सर्लाही | १ |
| १२०. | श्री महेन्द्रबहादुर पाण्डे | ने.क.पा.(एमाले) | नुवाकोट | ३ |
| १२१. | श्री महेन्द्र यादव | ने.का | महोत्तरी | १ |
| १२२. | श्री महेश आचार्य | ने.का. | मोरङ | ५ |
| १२३. | श्री माधवकुमार नेपाल | ने.क.पा.(एमाले) | रौतहट | १ |

♦ नेपाली कांग्रेस संसदीय दलबाट मिति २०६३/१/१३ मा पार्टीबाट निष्काशनको लागि लेखि पठाएको ।

• नेपाली कांग्रेस संसदीय दलबाट मिति २०६३/१/१३ मा पार्टीबाट निष्काशनको लागि लेखि पठाएको ।

♣ ने.क.पा.(एमाले) संसदीय दलबाट मिति २०६३/१/१३ मा पार्टीबाट निष्काशनको लागि लेखि पठाएको ।

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| १२४. | श्री मो. अफताव आलम | ने.का. | रौतहट | २ |
| १२५. | श्री मोहनबहादुर बस्नेत | ने.का. | सिन्धुपाल्चोक | १ |
| १२६. | श्री मंगलप्रसाद थारु | ने.का. | बर्दिया | २ |
| १२७. | श्री मंगलसिद्धि मानन्धर | ने.क.पा.(एमाले) | काठमाडौं | ५ |
| १२८. | श्री मृगेन्द्रकुमार सिंह यादव | ने.स.पा. | सप्तरी | ५ |
| १२९. | श्री यज्ञजीत शाह | ने.स.पा. | रुपन्देही | ५ |
| १३०. | श्री यादवबहादुर रायमाझी | ने.क.पा.(एमाले) | पाल्पा | ३ |
| १३१. | श्री योगनारायण यादव | ने.क.पा.(एमाले) | धनुषा | २ |
| १३२. | श्री रघुजी पन्त | ने.क.पा.(एमाले) | ललितपुर | ३ |
| १३३. | श्री रत्नप्रसाद शर्मा न्यौपाने | ने.क.पा.(एमाले) | जाजरकोट | २ |
| १३४. | श्री रमेश लेखक | ने.का. | कञ्चनपुर | ३ |
| १३५. | श्री राजेन्द्र खरेल | ने.का. | काभ्रेपलाञ्चोक | ३ |
| १३६. | श्री राजेन्द्रप्रकाश लोहनी♣ | ने.क.पा.(एमाले) | नुवाकोट | १ |
| १३७. | श्री राजेन्द्रप्रसाद पाण्डे | ने.क.पा.(एमाले) | धादिङ | ३ |
| १३८. | श्री राजेन्द्र महतो | ने.स.पा. | सर्लाही | २ |
| १३९. | श्री रामकुमार चौधरी | ने.का. | सप्तरी | २ |
| १४०. | श्री रामकृष्ण ताम्राकार | ने.का. | रुपन्देही | २ |
| १४१. | श्री रामचन्द्र तिवारी | ने.का. | महोत्तरी | २ |
| १४२. | श्री रामचन्द्र पौडेल | ने.का. | तनहुँ | २ |
| १४३. | श्री रामचन्द्र यादव | ने.क.पा.(एमाले) | सिरहा | १ |
| १४४. | श्री रामचन्द्र राय | रा.प्र.पा. | सर्लाही | ३ |
| १४५. | श्री रामजनम चौधरी | ने.का. | कैलाली | २ |
| १४६. | श्री रामनाथ अधिकारी | ने.का | धादिङ | २ |
| १४७. | श्री रामबहादुर गुरुङ | ने.का. | लमजुङ | १ |
| १४८. | श्री रामबहादुर बिष्ट | ने.का. | अछाम | २ |
| १४९. | श्री डा. रामबरण यादव | ने.का. | धनुषा | ५ |
| १५०. | श्री डा. रामशरण महत | ने.का. | नुवाकोट | २ |
| १५१. | श्री रामहरि ढुङ्गेल | ने.का. | रामेछाप | २ |
| १५२. | श्रीमती रेणुकुमारी यादव | रा.प्र.पा. | सप्तरी | ३ |
| १५३. | श्री रोमि गौचन थकाली | ने.का. | मुस्ताङ | |
| १५४. | श्री लक्ष्मणप्रसाद मेहता | ने.का. | सुनसरी | ३ |
| १५५. | श्री लालबाबु पण्डित | ने.क.पा.(एमाले) | मोरङ | ३ |
| १५६. | श्री लीलामणि पोखरेल | स्वतन्त्र | सिन्धुली | ३ |
| १५७. | श्री लेखनाथ आचार्य | ने.का. | रोल्पा | १ |
| १५८. | श्री लेखनाथ न्यौपाने | ने.का. | भक्तपुर | २ |
| १५९. | श्री वसन्तकुमार नेम्वाङ | ने.क.पा.(एमाले) | पाँचथर | १ |
| १६०. | श्री विजयकुमार गच्छदार | ने.का. | सुनसरी | २ |

♣ निर्वाचन अदालत ललितपुर पाटनको मिति २०५७/३/१३ को फैसला अनुसार श्री प्रकाश चन्द्र लोहनी निर्वाचित भई सदस्य हुनुभएकोमा सर्वोच्च अदालतको मिति २०५८ श्रावण २४ गतेको फैसला अनुसार श्री राजेन्द्र प्रकाश लोहनीलाई प्रतिनिधि सभा सदस्यमा स्थापित ।

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| १६१. | श्री विजय सुब्बा | ने.क.पा.(एमाले) | तेह्रथुम | |
| १६२. | श्रीमती विद्यादेवी भण्डारी | ने.क.पा.(एमाले) | काठमाण्डौं | २ |
| १६३. | श्री विनयध्वज चन्द | ने.का. | बैतडी | २ |
| १६४. | श्री वीरबहादुर लामा | ने.क.पा.(एमाले) | मकवानपुर | ३ |
| १६५. | श्री विरेन्द्रकुमार कनौडिया | ने.का. | कपिलवस्तु | ३ |
| १६६. | श्री ब्रिजेशकुमार गुप्ता | रा.प्र.पा. | कपिलवस्तु | २ |
| १६७. | श्री सरतसिंह भण्डारी | ने.का. | महोत्तरी | ३ |
| १६८. | श्री शिवकुमार वस्नेत | ने.का. | खोटाङ | २ |
| १६९. | श्री शिवप्रसाद हुमागाईं | ने.का. | काभ्रेपलाञ्चोक | २ |
| १७०. | श्री शिवबहादुर देउजा | ने.क.पा.(एमाले) | काभ्रेपलाञ्चोक | १ |
| १७१. | श्री शिवराज जोशी | ने.का. | दैलेख | २ |
| १७२. | श्री शिवराज जोशी | ने.का | सूर्खेत | ३ |
| १७३. | श्री शुभाष कर्माचार्य | ने.क.पा.(एमाले) | सिन्धुपाल्चोक | २ |
| १७४. | श्री शेरधन राई | ने.क.पा.(एमाले) | भोजपुर | २ |
| १७५. | श्री शेरबहादुर देउवा | ने.का. | डडेल्धुरा | |
| १७६. | श्री शंकरनाथ शर्मा अधिकारी | ने.क.पा.(एमाले) | सिन्धुली | २ |
| १७७. | श्री शंकरप्रसाद पाण्डे | ने.का. | स्याङ्जा | ३ |
| १७८. | श्री सर्वधन राई | ने.का. | खोटाङ | १ |
| १७९. | श्रीमती सावित्री बोगटी (पाठक) | ने.का. | चितवन | १ |
| १८०. | श्री सिद्धराज ओझा | ने.का. | डोटी | २ |
| १८१. | श्री सुभाष नेम्वाङ्ग | ने.क.पा.(एमाले) | ईलाम | २ |
| १८२. | श्री सुरेन्द्रप्रसाद चौधरी | ने.का. | पर्सा | ३ |
| १८३. | श्री सुरेन्द्र हमाल | ने.का. | रोल्पा | २ |
| १८४. | श्री सुरेशकुमार कार्की | ने.क.पा.(एमाले) | उदयपुर | १ |
| १८५. | श्री सुरेश मल्ल | ने.का. | बझाङ | २ |
| १८६. | श्री सुशिल कोइराला | ने.का. | बाँके | २ |
| १८७. | श्री सुशिला नेपाल | ने.क.पा.(एमाले) | ललितपुर | १ |
| १८८. | श्री सुशिला स्वाँर | ने.का. | कैलाली | १ |
| १८९. | श्री सूर्यप्रसाद प्रधान | ने.का. | रुपन्देही | ३ |
| १९०. | श्री सूर्यबहादुर थापा | रा.प्र.पा. | धनकुटा | २ |
| १९१. | श्री सोमप्रसाद पाण्डेय | ने.क.पा.(एमाले) | पाल्पा | २ |
| १९२. | श्री सोहनप्रसाद चौधरी | ने.क.पा.(एमाले) | बारा | २ |
| १९३. | श्री स्मृतीनारायण चौधरी | ने.का. | धनुषा | १ |
| १९४. | श्री हर्कमान तामाङ | ने.क.पा.(एमाले) | मोरङ | ४ |
| १९५. | श्री हरि आचार्य | स्वतन्त्र | प्युठान | १ |
| १९६. | श्री हरिनारायण चौधरी | ने.का. | मोरङ | ६ |
| १९७. | श्री हरिप्रसाद सापकोटा | ने.का. | सुनसरी | ४ |
| १९८. | श्री हरिभक्त अधिकारी | ने.का. | लमजुङ | २ |
| १९९. | श्री हरिलाल जोशी | ने..का | गोरखा | ३ |
| २००. | श्री हितकाजी गुरुङ | ने.क.पा.(एमाले) | स्याङ्जा | १ |

| क.सं. | नाम थर | सम्बन्धित दल | जिल्ला | निर्वाचन क्षेत्र नं. |
|---|---|---|---|---|
| २०१. | श्री * | | | |
| २०२ | श्री होमनाथ दाहाल | ने.का. | ओखलढुङ्गा | १ |
| २०३. | श्री हृदयराम थानी | ने.का. | सुर्खेत | २ |
| २०४. | श्री हृदयेश त्रिपाठी | ने.स.पा. | नवलपरासी | ३ |
| २०५. | श्री ज्ञानु के.सी. | ने.का. | बाँके | १ |

## ४. स्थान रिक्तता

२०६० माघ २० गतेका दिन सिराहा क्षेत्र नं. ४ का प्रतिनिधि सभाका तत्कालिन सदस्य श्री हेमनारायण यादवको र २०६३ असोज ७ गते सिराहा क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा निर्वाचित मा.श्री. कृष्णचरण श्रेष्ठको अमानवीय तवरले हत्या गरिएकोले प्रतिनिधि सभा सदस्यको दुई स्थान हाल रिक्त रहेको छ ।

## ५. छुट्टै दलको मान्यता दिइएको

मिति २०६३ बैशाख २७ गतेको बैठकमा नेपाली काँग्रेस (प्रजातान्त्रिक) लाई सात राजनैतिक दलहरुबीचको छलफलबाटै राजनैतिक सहमति कायम गरी छुट्टै संसदीय दलको मान्यता प्रदान गरिएको व्यहोरा मा० सभामुखले जानकारी गराउनु भएको थियो । सोहि दिनको बैठकमा मा० सभामुखले नेपाल सद्भावना पार्टीबाट दल त्याग ऐन, २०५४ को दफा ५ को उपदफा (१) को खण्ड (घ) बमोजिम दल त्याग गरी छुट्टै दल नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) गठन भएकोले सो दललाई कानून बमोजिमको मान्यता प्रदान गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

## ६. सभामुखको निर्वाचन र शपथ ग्रहण

तत्कालिन मा. सभामुख श्री तारानाथ रानाभाटले मिति २०६३ साल बैशाख १३ गते सभामुख पदबाट राजीनामा दिनुभएकोले रिक्त हुन आएको सभामुख पदको लागि प्रतिनिधि सभा नियमावली बमोजिम सभामुखको निर्वाचन, २०६३ साल बैशाख ३० गते शनिवार भएको थियो । सो अनुसार “सभामुख पदमा प्रतिनिधि सभाका सदस्य मा.श्री सुभाष नेम्वाङ्गलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्” भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त भएकोले बैठकको अध्यक्षता गर्नु भएकी मा. उपसभामुख श्रीमती चित्रलेखा यादवले

* सिराहा क्षेत्र नं. ४ बाट प्रतिनिधि सभामा ने.क.पा.(एमाले) को तर्फबाट निर्वाचित सदस्य श्री हेम नारायण यादवको प्रतिनिधि सभा पूर्नस्थापित हुनु पूर्व नै मिति २०६० माघ १९ गते हत्या भएको हुँदा उक्त सूचीमा नाम समावेस नगरिएको ।

मा. श्री सुभाष नेम्वाङ्ग निर्विरोध सभामुख पदमा निर्वाचित हुनुभएको घोषणा गर्नुभएको थियो ।

उक्त प्रस्तावको प्रस्तावक मा. श्री टेकबहादुर चोखाल हुनुहुन्थ्यो भने समर्थक मा. श्री बेनुपराज प्रसाई, मा. श्री राजेन्द्र प्रसाद पाण्डे र मा. श्री लीलामणि पोखरेल हुनुहुन्थ्यो ।

**<u>सभामुखको शपथ</u>**

प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित मा. श्री सुभाष नेम्वाङ्गले निर्वाचित भएकै दिन अर्थात २०६३ बैशाख ३० गते प्रतिनिधि सभा समक्ष सभामुख पदको शपथ ग्रहण गर्नुभएको थियो ।

## ७. प्रतिनिधि सभाको घोषणा, २०६३

माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले मिति २०६३ साल जेठ ४ गते सदनमा प्रस्तुत गर्नुभएको प्रतिनिधि सभा घोषणालाई सोहि दिनको प्रतिनिधि सभाको बैठकले सर्वसम्मतिले अनुमोदन गरेको थियो । उक्त ९ बुंदे घोषणामा व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधि सभाले प्रयोग गर्ने, प्रतिनिधि सभाको अधिवेशन प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाका सभामुखद्वारा आव्हान र अन्त्य गर्ने, श्री ५ को सरकारलाई नेपाल सरकार भनिने, सरकारको कार्यविभाजन र कार्य सम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरिने, शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना राखिने, राष्ट्रिय सुरक्षा परिषद् खारेज गरिने, प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने, राजपरिषद्को विद्यमान व्यवस्था खारेज गर्ने, राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने खारेज गर्ने अधिकार प्रतिनिधि सभालाई हुने, श्री ५ को खर्च र सुविधा प्रतिनिधि सभाले निर्धारण गर्ने, श्री ५ को निजी सम्पत्ति र आय माथि कानून बमोजिम कर लाग्ने, श्री ५ बाट भए गरेको कामहरुको बारेमा प्रतिनिधि सभा र अदालतमा प्रश्न उठाउन सकिने, नागरिकताको समस्या शिघ्र समाधान गर्ने, राष्ट्रिय गानलाई परिवर्तन गर्ने, नेपाल धर्मनिरपेक्ष राज्य हुने, घोषणा कार्यान्वयनमा आई पर्ने कुनैपनि बाधा अड्काउ प्रतिनिधि सभाले निर्णय गरी फुकाउन सक्ने, संवैधानिक निकायहरुमा हुने नियुक्तिमाथि सम्बन्धित आयोग/परिषद्को सिफारिशलाई प्रतिनिधि सभाद्धारा गठित एक समितिले अनुमोदन गर्नुपर्ने र यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान,२०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुने कुराहरु रहेका छन् ।

प्रतिनिधि सभा घोषणाको विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

## ८. शपथ ग्रहण

प्रतिनिधि सभाको घोषणा २०६३ को दफा ९(ख) बमोजिम तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधि सभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनुपर्ने प्रावधान रहे अनुसार देहायका पदाधिकारीहरुले देहायका मितिमा शपथ लिनु भएको थियो ।

| सि. नं. | पदाधिकारी | शपथ मिति |
|---|---|---|
| १. | प्रतिनिधि सभा/राष्ट्रिय सभाका मा. सदस्यहरु | २०६३/३/१४ |
| २. | मा.प्रधानमन्त्री, मा. उपप्रधानमन्त्रीहरु र मा. मन्त्रीहरु | २०६३/३/२० |

## ९. अध्यक्षता गर्नको लागि मनोनयन

प्रतिनिधि सभा नियमावली बमोजिम सभामुख र उप सभामुखको अनुपस्थितिमा प्रतिनिधि सभाको बैठकको अध्यक्षता गर्न निम्न मा. सदस्यहरुलाई मिति २०६३ साल बैशाख २२ गतेको बैठक बाट मनोनयन गरिएको थियो ।

१. मा. श्रीमती काशी पौडेल
२. मा. श्री गोविन्द बहादुर शाह
३. मा. श्री तारासम यङ्या
४. मा. श्री प्रकाश बहादुर गरुङ्ग
५. मा. श्री लेखनाथ न्यौपाने
६. मा. श्री शकंरनाथ शर्मा अधिकारी
७. मा. श्री सुशिला नेपाल

## १०. संसदीय दलको नेता

यस बैठक अवधिमा विभिन्न दलका संसदीय दलका नेताहरु निम्नानुसार रहनु भएको छ :-

| क.सं. | संसदीय दलको नेता | नेता नियुक्त हुनुभएको मिति |
|---|---|---|
| १. | ने.कां. संसदीय दलको नेता श्री गिरिजाप्रसाद कोइराला | २०६३/१/१४ |
| २. | नेकपा एमाले संसदीय दलको नेता श्री माधवकुमार नेपाल | २०६३/१/१५ |
| ३. | ने.कां. (प्रजातान्त्रिक) संसदीय दलको नेता श्री शेरबहादुर देउवा | २०६३/३/४ |
| ४. | रा.प्र.पा. संसदीय दलको नेता श्री पशुपति शमसेर ज.व.रा. | २०६३/१/१५ |
| ५. | ने.स.पा. संसदीय दलको नेता श्री यज्ञजीत शाह | २०६३/२/११ |

| क.सं. | संसदीय दलको नेता | नेता नियुक्त हुनुभएको मिति |
|---|---|---|
| ६. | जनमोर्चा नेपालको संसदीय दलको नेता श्री लिलामणि पोखरेल | २०६३/८/११ |
| ७. | पुनर्गठित जनमोर्चा नेपालको संसदीय दलको नेता श्री चित्र बहादुर के.सी. | २०६३/२/२१ |
| ८. | जनमोर्चा नेपालको संसदीय दलको नेता श्री परि थापा | २०६३/१/२४ |
| ९. | ने.स.पा. (आनन्दीदेवी) संसदीय दलको नेता श्री राजेन्द्र महतो | २०६३/२/२० |
| १०. | ने.म.कि.पा. संसदीय दलको नेता श्री नारायणमान विजुक्छें | २०६३ साल बैशाख |

## ११. संसदीय दलका सचेतकहरु

यस बैठक अवधिमा विभिन्न संसदीय दलका सचेतकहरु निम्नानुसार रहनु भएको छ :-

| क.सं. | सचेतकहरु | नियुक्त मिति |
|---|---|---|
| १. | ने.कां. संसदीय दलको मुख्य सचेतक श्री आनन्दप्रसाद ढुंगाना<br>सचेतक श्री रामबहादुर बिष्ट | २०६३/१/२९<br>२०६३/१/२९ |
| २. | ने.कां. (प्रजातान्त्रिक) संसदीय दलको मुख्य सचेतक श्री टेकबहादुर चोखाल<br>सचेतक श्री गोविन्दबहादुर शाह | २०६३/२/९<br>२०६३/२/३१ |
| ३. | नेकपा एमाले संसदीय दलको प्रमुख सचेतक श्री महेन्द्रबहादुर पाण्डे<br>सचेतक श्री परशुराम मेघी गुरुङ | २०६३/१/१५<br>२०६३/१/१५ |
| ४. | रा.प्र.पा. संसदीय दलको सचेतक श्री कृष्णचरण श्रेष्ठ<br>संसदीय दलको सचेतक श्री गोविन्दविक्रम शाह | २०६३/१/१७<br>२०६३/६/७ |

## १२. अधिवेशनकाल

२०६३ बैशाख १५ गतेदेखि चालु रहेको पुर्नस्थापित प्रतिनिधि सभाको बैठक २०६३ माघ १ गतेसम्म जम्मा २६३ दिनहरु मध्ये ९६ दिनमा ११० वटा बैठक बसी ३०६ घण्टा २२ मिनेट खास कार्यमा व्यतीत गरी विभिन्न महत्वपूर्ण एंव ऐतिहासिक निर्णयहरु गऱ्यो ।

बैठककालको विवरण अनुसूची २ मा दिइएको छ ।

## १३. पारित संकल्पहरु

प्रतिनिधि सभा नियमावली २०६३ को नियम ९० अनुसार यस वैठक अवधिमा चार वटा संकल्प प्रस्तावहरु पारित भए । बैठक कालमा पारित भएका संकल्पको विवरण यस प्रकार छ :-

| क्र.सं. | विषय | प्रस्तावक सदस्य | सम्बन्धित मन्त्री | छलफल र पारित मिति |
|---|---|---|---|---|
| १. | अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई विश्वका ६५ भन्दा बढी राष्ट्रहरुले अनुमोदन गरिसकेको परिप्रेक्षमा नेपालले पनि सबै प्रकारका मानवता विरुद्धका अपराधको विरुद्धमा आफ्नो प्रतिवद्धता जाहेर गर्दै आइरहेकोले अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई नेपाल सरकारले पनि अनुमोदन गर्नुपर्छ भन्ने संकल्प गर्दै यो बैठक सो विधान अनुमोदनका लागि नेपाल सरकारलाई निर्देश गर्दछ । | मा. श्री परशुराम मेघी गुरुङ | मा. उपप्रधान मन्त्री एवं परराष्ट्र मन्त्री | २०६३/४/९ |
| २. | विश्वमा धुम्रपानबाट बर्सेनि ५० लाख मानिसहरु मर्ने गर्छन् । हरेक ८ सेकेण्डमा एकजनाको ज्यान जान्छ । नेपालमा वर्षेनि १५ हजार मानिसहरु मर्ने गर्छन भन्ने कुरा विश्व स्वास्थ्य संगठनको तत्कालिन प्रतिवेदनले देखाएको छ । तसर्थ विश्व स्वास्थ्य संगठनद्वारा सूर्ती जन्य पदार्थको नियन्त्रणको लागि प्रस्तावित महासन्धि (FCTC–FrameWork Convention on Tobacco Control) माथि नेपाल सरकारले हस्ताक्षर गरेर समर्थन समेत गरिसकेको अवस्थामा मुलुकमा सूर्ती जन्य पदार्थको नियन्त्रणको लागि त्यस महासन्धिलाई नेपाल सरकारद्वारा अनुमोदन गर्नुपर्दछ भन्ने संकल्प गर्दै यो बैठक उक्त महासन्धिलाई अनुमोदनका लागि नेपाल सरकारलाई निर्देश गर्दछ । | मा. श्री महेन्द्र बहादुर पाण्डे | मा.उपप्रधान मन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री | २०६३/४/१५ |
| ३. | नेपाली आदिवासी जनजातिहरुको हक, अधिकारको सम्मान र सुरक्षा गर्नको साथै नेपालको वर्तमान द्वन्दलाई स्थायीरुपमा समाधन गर्न जरुरी भएकोले त्यसका लागि सहायक बन्न सक्ने अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ अनुमोदनको लागि यो प्रतिनिधि सभा नेपाल सरकारलाई निर्देश गर्दछ । | मा. श्री विजय सुब्बा | मा.स्थानीय विकास मन्त्री | २०६३/५/१२ |

| क.सं. | विषय | प्रस्तावक सदस्य | सम्बन्धित मन्त्री | छलफल र पारित मिति |
|---|---|---|---|---|
| ४. | लोकतान्त्रिक प्रणालीमा राज्यका सम्पूर्ण अंगहरु जनसहभागिता, पूर्वानुमानियता, उत्तरदायित्व र पारदर्शीता जस्ता सुशासनका प्रमुख आधार स्तम्भ प्रति समर्पित रहनु पर्दछ। राज्यका अंगहरु र त्यसमा कार्यरत सार्वजनिक पदाधिकारीहरुमा नैतिक मूल्यको अभाव भई गैर-कानूनी रुपमा व्यक्तिगत सम्पत्ति आर्जन गर्ने भ्रष्टचारी मनोबृत्ति हावी भएमा त्यसले अन्ततः लोकतान्त्रिक सस्थाहरु, राष्ट्रिय अर्थ व्यवस्था र कानूनको शासनको मर्मलाई नै समाप्त पार्ने खतरा रहन्छ । तसर्थ यसको रोकथाम तथा नियन्त्रणका लागि भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धिलाई नेपाल सरकारले पनि अनुमोदन गर्ने तर्फ ठोस पहल गर्ने तर्फ अग्रसर रहन नेपाल सरकारलाई निर्देश गर्दछ। | मा.श्री परशुराम मेघी गरुङ | मा.उपप्रधान मन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री | २०६३/६/२५ |

## १४. मा० प्रधानमन्त्रीबाट नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको तर्फबाट मा. उपप्रधानमन्त्री श्री के.पी शर्मा ओलीले मिति २०६३ असार २५ गतेको बैठकमा नेपाल सरकारको आ.व. २०६३/६४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भयो । उक्त नीति तथा कार्यक्रमलाई २०६३ असार २७ गतेको बैठकले सर्वसम्मतिले पारित गर्‍यो ।

## १५. अर्थमन्त्रीद्वारा श्वेत-पत्र जारी

मा. अर्थमन्त्री डा. रामशरण महतले मिति २०६३ जेष्ठ १ गतेको प्रतिनिधि सभाको बैठकमा अर्थतन्त्रको वर्तमान अवस्था सम्बन्धी श्वेत-पत्रबारे जानकारी गराउनु भयो ।

## १६. आर्थिक सर्वेक्षण पेश

मिति २०६३ असार २७ गतेको बैठकमा मा. अर्थ मन्त्रीको तर्फबाट मा. कृषि तथा सहकारी मन्त्री श्री महन्थ ठाकुरले आर्थिक वर्ष २०६२/६३ को आर्थिक सर्वेक्षण पेश गर्नुभयो ।

## १७. राजस्व र व्ययको वार्षिक अनुमान पेश

मिति २०६३ असार २८ गतेको बैठकमा मा. अर्थमन्त्री डा. रामशरण महतले आर्थिक वर्ष २०६३/६४ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुभयो । जस अनुसार यस

आर्थिक वर्षको बजेट साधारणतर्फ ७९ अर्ब ६३ करोड ५३ लाख ४२ हजार र विकासतर्फ ६४ अर्व २७ करोड ६९ लाख ५८ हजार गरी कूल १ खर्व ४३ अर्व ९१ करोड २३ लाख विनियोजन भएको छ ।

## १८. राजस्व र व्ययको वार्षिक अनुमान माथि छलफल

मा. अर्थ मन्त्रीले दिनुभएको वक्तव्यबाट प्रारम्भ भएको राजस्व र व्ययको वार्षिक अनुमान माथिको छलफल २०६३ साल असार २८ गते बुधवार प्रारम्भ भई असार ३०, ३१ र ३२ गतेसम्म गरी जम्मा चार दिन जारी रह्यो । असार ३२ गतेको दिन मा. अर्थ मन्त्रीसंग विभिन्न मा. सदस्यहरुले स्पष्टीकरण माग गर्नुभएकोमा मा. अर्थ मन्त्रीले सो स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्नु भयो ।

## १९. विनियोजन विधेयक माथि छलफल

मिति २०६३ साल श्रावण ७ गतेको बैठकबाट प्रारम्भ भएको विनियोजन विधेयक, २०६३ माथिको छलफल श्रावण ८, ९, १०, ११, १२, १४, १५, १६, १७, १८, १९, २१, २२, २३, २६, २८, २९ र ३० गते, भाद्र १, २ र ७ गते गरी जम्मा २२ दिन सम्म जारी रह्यो र भाद्र ७ गतेको बैठकले विनियोजन विधेयकलाई सर्वसम्मतिले पारित गऱ्यो ।

## २०. जरुरी सार्वजनिक महत्वको प्रस्ताव

प्रतिनिधि सभा नियमावली, २०६३ को नियम ७८ बमोजिम जरुरी सार्वजनिक महत्वको विषयमा छलफल गर्न चाहने मा.सदस्यहरुले सो को सूचना दिन सकिने व्यवस्था रहेकोमा बैठक अवधिभर १८ वटा प्रस्तावहरु पेश भए । ती मध्ये १३ वटा सार्वजनिक महत्वका प्रस्तावहरु प्रतिनिधि सभा नियमावली, २०६३ जारी हुनु पहिले नै राजनैतिक निर्णयको रुपमा पारित भए । प्रतिनिधि सभा नियमावली, २०६३ जारी भए पछि ५ वटा सार्वजनिक महत्वका प्रस्तावहरु पेश भई सम्बन्धित मन्त्रीले उत्तर दिने काम भयो । प्रस्तावको मन्त्रालयगत विवरण यस प्रकार रहेको छ :-

| क.सं. | मन्त्रालय | संख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १ |
| २. | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | १ |
| ३. | अर्थ मन्त्रालय | ४ |
| ४. | गृह मन्त्रालय | ७ |
| ५. | भूमि-सुधार तथा व्यवस्था मन्त्रालय | १ |
| ६. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | १ |
| ७. | कृषि तथा सहकारी मन्त्रालय | १ |

| क.सं. | मन्त्रालय | संख्या |
|---|---|---|
| ८. | सूचना तथा संचार मन्त्रालय | १ |
| ९. | व्यवस्थापिका-संसदको सभामुख पदको निर्वाचन गरियोस् | १ |

जरुरी सार्वजनिक महत्वको प्रस्तावको विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ ।

## २१. अत्यन्त जरुरी सार्वजनिक महत्वको प्रस्ताव (स्थगन प्रस्ताव)

प्रतिनिधि सभा नियमावली, २०६३ को नियम ८४ अनुसार मा.श्री महेन्द्र बहादुर पाण्डेले मिति २०६३ भाद्र ४ गतेको बैठकमा जनआन्दोलन मार्फत स्थापित प्रतिनिधि सभाको लक्ष्य जनताद्वारा जन-आन्दोलन मार्फत अभिव्यक्त भावना अनुरुप मुलुकका समग्र समस्या समाधान गरी नेपाली जनतालाई राहत प्रदान गर्ने रहेकोमा सरकारद्वारा हालै पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धिले नेपाली जनतालाई आघात पुर्‍याएको छ । सरकारको उक्त मूल्य वृद्धि सम्बन्धी निर्णय वर्तमान परिप्रेक्ष्यमा असान्दर्भिक तथा जनभावना अनुरुप नहुनुका साथै यस निर्णयले जनतालाई थप आर्थिक मारमा पारेको छ । तसर्थ सरकारले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि सम्बन्धी निर्णय जनहित अनुकूल हुने गरी पुर्नविचार गरोस् भनि यो स्थगन प्रस्ताव प्रस्तुत गर्दछौं भनी अत्यन्त जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नुभयो ।

सो प्रस्तावका अन्य प्रस्तावकहरुमा मा. श्री आनन्दप्रसाद ढुङ्गाना, मा. श्री टेक बहादुर चोखाल, मा. श्री लिलामणि पोखरेल, मा. श्री राजेन्द्र महतो र मा. श्री चित्र बहादुर के.सी हुनुहुन्थ्यो । उक्त प्रस्तावलाई सभाको सोही दिन बसेको बैठकले सर्वसम्मतिबाट पारित गरेको थियो ।

## २२. सार्वजनिक महत्वको विषयमा मन्त्रीहरुद्वारा वक्तव्य/जानकारी

मा. सभामुखको अनुमति लिएर माननीय मन्त्रीहरुले सार्वजनिक महत्वको विषयमा बैठकमा वक्तव्य वा जानकारी दिन सक्ने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०६३ को नियम २२१ को उपनियम (१) बमोजिम मा. मन्त्रीहरुद्वारा आ-आफ्नो मन्त्रालयसंग सम्बन्धित विभिन्न विषयहरुमा दिइएको वक्तव्य अनुसूची ४ मा दिइएको छ ।

## २३. महत्वपूर्ण ऐतिहासिक सम्झौता एवं दस्तावेजहरु प्रस्तुत

विगत १२ वर्षदेखि देशमा जारी द्वन्दलाई उचित व्यवस्थापन गर्न एवं दिगो शान्ति स्थापनार्थ मार्ग प्रशस्त गर्नको लागि सात राजनैतिक दल र ने.क.पा (माओवादी) बीच, नेपाल सरकार र ने.क.पा (माओवादी) बीच र नेपाल सरकार, ने.क.पा. (माओवादी) र United

Nations बीच भएका सम्झौताहरुको बिवरण विभिन्न मितिहरुमा टेबुल हुनुका साथै छलफल भयो । जस अनुसार मिति २०६३ जेठ १५ गतेको बैठकमा मा. गृहमन्त्रीले ने.क.पा (माओवादी) र नेपाल सरकार बीच २५ बुँदे आचार संहिता जारी भएको विषयमा जानकारी गराउनु भएको थियो । यसै गरी २०६३ कार्तिक २३ गतेको बैठकमा मा. प्रधानमन्त्रीले सात दल र ने.क.पा. माओवादीका शीर्ष नेताहरुबाट भएका ऐतिहासिक निर्णयहरु टेबुल गर्नुभयो । मिति २०६३ मंसिर ७ गते मा. गृहमन्त्रीले नेपाल सरकार र ने.क.पा (माओवादी) बीच मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको प्रति टेबुल गर्नुभयो । यसैगरी २०६३ मंसिर १३ गतेको बैठकमा २०६३ मंसिर १२ गते भएको Agreement on Monitoring of the Management of Arms and Armies का सम्बन्धमा भएको त्रिपक्षीय सम्झौताको बारेमा जानकारी गराउनु भएको थियो ।

उक्त सम्झौता एवं निर्णयहरुको विस्तृत विवरण क्रमशः अनुसूची (५), (६), (७) र (८) मा दिइएको छ ।

## २४. शोक प्रस्ताव

यस बैठककालमा विभिन्न मितिहरुमा गरी १२ वटा शोक प्रस्तावहरु पारित भए । उक्त शोक प्रस्तावको विस्तृत विवरण यस प्रकार छ ।

| क.सं. | निधन भएको व्यक्ति | प्रस्तावको व्यहोरा | पारित मिति |
|---|---|---|---|
| १. | श्री हेमनारायण यादव | प्रतिनिधि सभाको यो बैठक सिराहा जिल्ला, क्षेत्र नं. ४ बाट निर्वाचित प्रतिनिधि सभाका वर्तमान सदस्य श्री हेमनारायण यादवको मिति २०६० माघ १९ गतेका दिन अमानवीय हत्या गरिएकोमा सो कायरतापूर्ण कार्यको भर्त्सना गर्दै गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिर शान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१७ |
| २. | श्री चक्रबहादुर डगौरा चौधरी | प्रतिनिधि सभाको यो बैठक कैलाली जिल्ला, क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा निर्वाचित भूतपूर्व सदस्य श्री चक्रबहादुर डगौरा चौधरीको मिति २०५९ कार्तिक २८ गतेका दिन अमानवीय हत्या गरिएकोमा सो कायरतापूर्ण कार्यको भर्त्सना गर्दै गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिर शान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१७ |

| क्र.सं. | निधन भएको व्यक्ति | प्रस्तावको व्यहोरा | पारित मिति |
|---|---|---|---|
| ३. | श्री प्रकाश कोइराला | प्रतिनिधि सभाको यो बैठक सिन्धुली जिल्ला, क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित भूतपूर्व सदस्य श्री प्रकाश कोइरालाको मिति २०६२ चैत्र २८ गतेका दिन अमेरिकाको टेक्सास सहरमा हत्या भएकोमा सो कायरतापूर्ण कार्यको भर्त्सना गर्दै गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१७ |
| ४. | श्री वासुदेव रिसाल | प्रतिनिधि सभाको यो बैठक प्रजातन्त्रको लागि अनवरत संघर्षशील व्यक्तित्व, २००७ सालको जनक्रान्तिका सेनानी, २०४६ सालको जनआन्दोलनका योद्धा, राष्ट्रिय सभाका भूतपूर्व सदस्य श्री वासुदेव रिसालको मिति २०६१ साउन १२ गतेका दिन निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१७ |
| ५. | श्री महेशमणि आचार्य दिक्षित | प्रतिनिधि सभाको यो बैठक राष्ट्रि सभाका वर्तमान सदस्य श्री महेशमणि आचार्य दिक्षितको मिति २०६२ माघ ७ गतेका दित निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१७ |
| ६. | श्री दुर्गानन्दप्रसाद सिंह | प्रतिनिधि सभाको यो बैठक सप्तरी जिल्ला, क्षेत्र नं. ५ बाट प्रतिनिधि सभामा निर्वाचित भूतपूर्व सदस्य श्री दुर्गानन्दप्रसाद सिंहको मिति २०६२ पुष ३ गतेका दिन निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१९ |
| ७. | श्री ओमविकास गौचन | प्रतिनिधि सभाको यो बैठक मुस्ताङ जिल्लाबाट प्रतिनिधि सभामा निर्वाचित भूतपूर्व सदस्य श्री ओमविकास गौचनको मिति २०६२ चैत ३० गतेका दिन अमानवीय हत्या गरिएकोमा सो कायरतापूर्ण कार्यको भर्त्सना गर्दै गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । | २०६३/१/१९ |

| क.सं. | निधन भएको व्यक्ति | प्रस्तावको व्यहोरा | पारित मिति |
|---|---|---|---|
| ८. | डा.ध्रुवप्रसाद शर्मा | प्रतिनिधि सभाको यो बैठक सिन्धुली जिल्ला, क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा निर्वाचित भूतपूर्व सदस्य डा. ध्रुवप्रसाद शर्माको मिति २०६१ मंसिर ८ गतेका दिन निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ। | २०६३/१/१९ |
| ९. | श्री शिवराज सुवेदी | प्रतिनिधि सभाको यो बैठक प्युठान जिल्ला, क्षेत्र नं. १ बाट प्रतिनिधि सभामा निर्वाचित भूतपूर्व सदस्य श्री शिवराज सुवेदीको मिति २०६२ साउन ३० गतेका दिन निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ। | २०६३/१/१९ |
| १०. | भारतको मुम्बई लगायत विभिन्न शहरहरुमा आतङ्कारीको हमलाबाट मृत्यु हुनेहरु | प्रतिनिधि सभाको यो बैठक मित्र राष्ट्र भारतको मुम्बई लगायत विभिन्न शहरहरुमा मिति ११ जुलाई सन् २००६ अर्थात् २०६३ साल असार २७ गतेका दिन भएको आतङ्कारी एवं कायरतापूर्ण आक्रमणको घोर भर्त्सना गर्दछ। नेपाली जनता जहिले र जहाँ पनि हुने आतङ्कवादी कृयाकलापको विरुद्धमा रहेको छ र यस्तो कायरतापूर्ण कृयाकलापको निन्दा गर्दछ। साथै प्रतिनिधि सभाको यो बैठक उक्त आक्रमणमा परी दिवंगत भएकाहरुको आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारहरुप्रति हार्दिक सहानुभूति तथा समवेदना एवं घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ र यस दुखद् घडीमा भारतीय जनतामा धैर्य धारण गर्नसक्ने शक्ति प्राप्त होस् भनी हार्दिक कामना गर्दछ। | २०६३/३/२८ |
| ११. | श्री कृष्णचरण श्रेष्ठ | प्रतिनिधि सभाको यो बैठक सिराहा जिल्ला, क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधि सभाका वर्तमान सदस्य एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका प्रमुख सचेतक श्री कृष्णचरण श्रेष्ठको मिति २०६३ असोज ७ गतेका दिन बिहान सिराहाको वेलाहा गा.वि.स. मा अज्ञात व्यक्तिहरुले गोली हानी हत्या गरिएकोमा सो अमानवीय र कायरतापूर्ण कार्यको भर्त्सना गर्दै गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी समवेदना प्रकट गर्दछ। | २०६३/६/९ |
| १२. | श्री गोपाल राई, श्रीमती मिना राई, डा. हर्क गुरुङ्ग, डा. | प्रतिनिधि सभाको यो बैठक वन तथा भू-संरक्षण राज्यमन्त्री एवं ओखलढुङ्गा जिल्ला, क्षेत्र नं. २ बाट नेपाली काँग्रेसका तर्फबाट निर्वाचित प्रतिनिधि सभाका वर्तमान सदस्य श्री गोपाल राई र उहाँ की धर्मपत्नी | २०६३/६/१० |

| क.सं. | निधन भएको व्यक्ति | प्रस्तावको व्यहोरा | पारित मिति |
|---|---|---|---|
| | दामोदरप्रसाद पराजुली, श्री नारायणप्रसाद पौडेल, श्री शरदकुमार राई, पाउली मोस्टोनेन, मार्गरेट अलेक्जेन्डर, डा. विज्ञान आचार्य, डा. जील वाउलिङ्ग, जेनिफर हेड्लि, श्री मिङ्मा नोर्बु शेर्पा, माथ्यू प्रिस, डा. चन्द्रप्रकाश गुरुङ, डा. तिर्थमान मास्के, श्री येसी लामा, श्री बिजय श्रेष्ठ, श्री हेमराज भण्डारी, श्री सुनिल सिंह, दावा क्षिरिङ्ग शेर्पा, क्लिम किम, श्री मिङ्मा शेर्पा, सार्फानो भ्यालरी, श्री तण्डु श्रेष्ठ | श्रीमती मिना राई, विशिष्ट राष्ट्रिय व्यक्तित्व डा. हर्क गुरुङ, वन तथा भू-संरक्षण मन्त्रालयका कार्यवाहक सचिव डा. दामोदरप्रसाद पराजुली, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक श्री नारायणप्रसाद पौडेल, वन विभागका महानिर्देशक श्री सरदकुमार राई, फिनल्याण्डका कार्यवाहक राजदुत पाउली मोस्टोनेन, यु.एस.ए.आई.डी. (अमेरिका) का निर्देशक मार्गरेट अलेक्जेन्डर, यु.एस.ए.आई.डी. (नेपाल) का वातावरण कार्यक्रम निर्देशक डा. विज्ञान आचार्य, विश्व वन्यजन्तु संरक्षण कोष बेलायतका संरक्षक निर्देशक डा. जील वाउलिङ्ग, विश्व वन्य जन्तु संरक्षण कोष बेलायतका संयोजक जेनिफर हेडली, पूर्वी हिमालय कार्यक्रमका प्रवन्ध निर्देशक श्री मिङ्मा नोर्बु शेर्पा, विश्व वन्यजन्तु संरक्षण कोष बेलायतका कार्यक्रम अधिकृत माथ्यू प्रिस, विश्व वन्यजन्तु संरक्षण कोष नेपालका निर्देशक डा. चन्द्रप्रकाश गुरुङ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका पूर्व महानिर्देशक डा. तिर्थमान मास्के, विश्व वन्यजन्तु कोष कार्यक्रमका वरिष्ठ अधिकृत श्री येसी लामा, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य श्री बिजय श्रेष्ठ, नेपाल टेलिभिजनका पत्रकार द्वय श्री हेमराज भण्डारी र श्री सुनिल सिंह, कञ्चनजंघा क्षेत्र उपभोक्ता संरक्षण मञ्चका अध्यक्ष श्री दावा क्षिरिङ शेर्पा, हेलिकप्टरका क्याप्टेन क्लिम किम, क्याप्टेन श्री मिङ्मा शेर्पा, चालकदलका सदस्य द्वय सारर्फानो म्यालरी र श्री तण्डु श्रेष्ठको ताप्लेजुङ्गको लेलेप गा.वि.स. ९ स्थीत घुन्साबाट करिव २ कि.मी. दक्षिण-पश्चिमको ग्याब्ला इलाकामा २०६३ साल असोज ७ गते शनिवारका दिन श्री एयरलायन्सको MI 17 हेलिकोप्टर दुर्घटनामा परी मृत्यु भएकोमा राष्ट्रले ठूलो क्षति व्यहोर्नु परको यस दुःखद घडीमा दुर्घटनामा परेका स्वदेशी एवं विदेशी विशिष्ट व्यक्तिहरु सहित अन्य सबै प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दै गहिरो शोक प्रकट गर्दछ र उहाँहरुको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी समवेदना प्रकट गर्दछ । | |

## २५. पारित विधेयक

प्रतिनिधि सभाका बैठककालमा देहायका मितिमा बसेका बैठकहरुले निम्नलिखित विधेयकहरु पारित गरेको थियो :-

| क्र.सं. | विधेयकहरु | प्रस्तुत मिति | पारित मिति | मा. सभामुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|
| १. | आर्थिक विधेयक, २०६३ | ३/२८ | ५/१२ | ७/२० |
| २. | विनियोजन विधेयक, २०६३ | ३/३२ | ५/७ | ५/१९ |
| ३. | पेश्की खर्च विधेयक, २०६३ | ३/३२ | ३/३२ | ३/३२ |
| ४. | केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०६३ | ४/११ | ४/१८ | ४/२३ |
| ५. | केही नेपाल कानूनलाई संशोधन गर्ने विधेयक, २०६३ | ४/११ | ६/५ | ६/२८ |
| ६. | लुम्बिनी बौद्ध विश्वविद्यालय विधेयक, २०६३ | ४/१२ | ५/२५ | ७/२० |
| ७. | प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण विधेयक, २०६३ | ४/१७ | ६/१२ | ९/३० |
| ८. | मालसामानको बहुविधिक ढुवानी विधेयक, २०६३ | ४/१७ | ६/१२ | ७/१९ |
| ९. | ऋण तथा जमानत (पन्ध्रौं संशोधन) विधेयक, २०६३ | ४/१७ | ५/१२ | ६/५ |
| १०. | राष्ट्र ऋण उठाउने विधेयक, २०६३ | ४/१७ | ५/१२ | ६/५ |
| ११. | बैंक तथा वित्तीय संस्था सम्बन्धी विधेयक, २०६३ | ४/१९ | ५/८ | ७/१९ |
| १२. | गरीवी निवारण कोष विधेयक, २०६३ | ४/२९ | ७/१६ | ७/२३ |
| १३. | कम्पनी विधेयक, २०६३ | ५/१२ | ६/१२ | ७/२४ |
| १४. | निकासी पैठारी तथा बौद्धिक सम्पत्ती सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३ | ५/१२ | ७/२० | ८/८ |
| १५. | सैनिक विधेयक, २०६३ | ५/१ | ६/६ | ६/१२ |
| १६. | केही सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) विधेयक, २०६३ | ५/१ | ५/२७ | ६/५ |
| १७. | सुरक्षित कारोवार विधेयक, २०६३ | ५/१२ | ७/१६ | ७/३० |
| १८. | बैंक तथा वित्तीय संस्थाको ऋण असुली (पहिलो संशोधन) विधेयक, २०६३ | ५/१२ | ७/१६ | ७/१९ |
| १९. | नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) विधेयक, २०६३ | ५/१३ | ६/१२ | ७/२३ |
| २०. | दामासाही सम्बन्धी विधेयक, २०६३ | ५/१२ | ७/१६ | ८/४ |
| २१. | बिद्यूतीय (इलेक्ट्रोनिक) कारोवार विधेयक, २०६३ | ५/१९ | ७/२१ | ८/२२ |
| २२. | पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी विधेयक, २०६३ | ५/१९ | ८/१० | ८/२८ |
| २३. | राष्ट्रिय न्यायिक प्रतिष्ठान विधेयक, २०६३ | ५/१३ | ७/२१ | ८/८ |
| २४. | चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान विधेयक, २०६३ | ५/२५ | ८/७ | ८/१७ |
| २५. | नेपाल नागरिकता विधेयक, २०६३ | ६/३ | ८/१० | ८/१० |

| क.सं. | विधेयकहरु | प्रस्तुत मिति | पारित मिति | मा. सभामुखबाट प्रमाणिकरण मिति |
|---|---|---|---|---|
| २६. | लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३ | ६/५ | ६/१२ | ७/१७ |
| २७. | नोटरी पब्लिक सम्बन्धी विधेयक, २०६३ | ६/५ | ६/१२ | ६/२८ |
| २८. | नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) विधेयक, २०६३ | ६/६ | ८/७ | ८/२२ |
| २९. | खानेपानी व्यवस्थापन बोर्ड विधेयक, २०६३ | ६/१२ | ७/२१ | ८/८ |
| ३०. | जेष्ठ नागरिक सम्बन्धी विधेयक, २०६३ | ६/१२ | ७/१६ | ८/८ |
| ३१. | शिक्षा तथा खलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६३ | ६/५ | ८/१५ | ९/१४ |
| ३२. | खानेपानी महशुल निर्धारण आयोग विधेयक, २०६३ | ६/१२ | ८/१५ | ८/२८ |
| ३३. | सार्वजनिक खरिद विधेयक, २०६३ | ५/१९ | ९/४ | ९/३० |
| ३४. | धितोपत्र सम्बन्धी विधेयक, २०६३ | ५/१२ | ९/११ | ९/३० |
| ३५. | मतदाता नामावली सम्बन्धी विधेयक, २०६३ | ९/४ | ९/१३ | ९/१४ |
| ३६. | राष्ट्रिय महिला आयोग विधेयक, २०६३ | ९/४ | ९/१३ | ९/३० |
| ३७. | नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) विधेयक, २०६३ | ७/२३ | ९/१९ | ९/३० |
| ३८. | नेपाल कानून आयोग विधेयक, २०६३ | ९/१९ | ९/२६ | ९/३० |

१० वटा विधेयकहरु सम्बन्धित समितिमा दफावार छलफलको क्रममा रहेका छन् ।

## २६. मन्त्रालयगत पारित विधेयक

यस बैठककालमा विभिन्न मन्त्रालयसंग सम्बन्धित पारित विधेयकहरुको मन्त्रालयगत विवरण यस प्रकार रहेको छ ।

| क.सं. | मन्त्रालय | पारित विधेयक संख्या | समितिमा विचाराधिन संख्या |
|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ |
| २. | अर्थ मन्त्रालय | १२ | ० |
| ३. | गृह मन्त्रालय | २ | २ |
| ४. | रक्षा मन्त्रालय | १ | ० |
| ५. | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ६ | ० |
| ६. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २ | १ |
| ७. | शिक्षा तथा खेलकुद मन्त्रालय | २ | ० |
| ८. | भौतिक योजना तथा निर्माण मन्त्रालय | ४ | १ |
| ९. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ३ | १ |
| १०. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४ | १ |
| ११. | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | १ | ० |
| १२. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ० | १ |

| क.सं. | मन्त्रालय | पारित विधेयक संख्या | समितिमा विचाराधिन संख्या |
|---|---|---|---|
| १३. | सामान्य प्रशासन मन्त्रालय | ० | १ |
| १४. | सूचना तथा संचार मन्त्रालय | ० | १ |

विधेयक सम्बन्धी विस्तृत विवरण अनुसूची ९ मा दिइएको छ ।

## २७. कार्यव्यवस्था परामर्श समिति गठन

प्रतिनिधि सभा नियमावली, २०६३ को नियम २५ अनुसार २०६३ असार १ गतेको बैठकमा माननीय सभामुखले पदेन सदस्य बाहेक निम्नलिखित मा. सदस्यहरुलाई कार्यव्यवस्था परामर्श समितिमा मनोनयन गर्नुभयो :-

१. मा. श्री गोविन्द बिक्रम शाह
२. मा. श्री टेकबहादुर चोखाल
३. मा. श्री परशुराम मेघी गुरुङ
४. मा. श्री बेनुपराज प्रसाई
५. मा. श्री महेन्द्रबहादुर पाण्डे
६. मा. श्री यज्ञजीत शाह
७. मा. श्री राजेन्द्र महतो
८. मा. श्री रामबहादुर विष्ट
९. मा. श्री लीलामणि पोखरेल
१०. मा. श्री हरि आचार्य

## २८. संसदीय छानबिन समिति गठन

प्रतिनिधि सभाको मिति २०६३ बैशाख २७ गतेको बैठकले नगरकोट र बेलबारी हत्याकाण्डका सम्बन्धमा छानबिन गरी दोषीमाथि कारवाहीको सिफारिस गर्न निम्नलिखित मा. सदस्यहरु रहनुभएको संसदीय छानविन समिति गठन गर्न प्रस्तावित गरेकोमा बैठकले उक्त प्रस्तावलाई सर्वसम्मतिले पारित गऱ्यो । उक्त प्रस्तावका प्रस्तावक मा. श्री महेश आचार्य हुनुहुन्थ्यो । समितिले नगरकोट हत्याकाण्ड सम्बन्धी प्रतिवेदन पेश गरिसकेको छ भने बेलबारी हत्याकाण्डको सम्बन्धमा प्रतिवेदन पेश गर्न बाँकी रहेको छ ।

**नगरकोट र बेलबारी हत्याकाण्ड संसदीय छानविन समिति**

| | |
|---|---|
| १. मा. श्री परि थापा | संयोजक |
| २. मा. श्री नारायणप्रकाश साँउद | सदस्य |
| ३. मा. श्री गोकर्णराज बिष्ट | " |
| ४. मा. श्री रामनाथ अधिकारी | " |
| ५. मा. श्री विजय सुब्बा | " |
| ६. मा. श्री तीर्था गौतम | " |
| ७. मा. श्री कमला पन्त (आचार्य) | " |

उक्त प्रस्तावको समर्थकमा निम्नलिखित मा. सदस्यहरु रहनुभएको थियो :-

१. मा. श्री लालबाबु पण्डित २. मा. श्री भक्तबहादुर बलायर

यसैगरी प्रतिनिधि सभाको सोही दिन बसेको बैठकले सिराहा क्षेत्र नं.४ का प्रतिनिधि सभा सदस्य श्री हेमनारायण यादवको षड्यन्त्र पूर्ण ढङ्गले हत्या गरिएको सम्बन्धमा छानविन गरी दोषी माथि कारवाहीको सिफारिश गर्न निम्नलिखित मा. सदस्यहरु रहनुभएको संसदीय छानविन समिति गठन गर्‍यो । उक्त प्रस्तावका प्रस्तावक मा. श्री जगन्नाथ खतिवडा हुनुहुन्थ्यो ।

**सांसद श्री हेमनारायण यादवको हत्याकाण्ड सम्बन्धी छानविन समिति**

| | |
|---|---|
| १. मा. श्री आनन्दप्रसाद ढुंगाना | संयोजक |
| २. मा. श्री आनन्दप्रसाद पोखरेल | सदस्य |
| ३. मा. श्री रमेश लेखक | " |
| ४. मा. श्री लेखनाथ आचार्य | " |
| ५. मा. श्री योगनारायण यादव | " |
| ६. मा. श्री सुशीला नेपाल | " |
| ७. मा. श्रीमती काशी पौडेल | " |

उक्त प्रस्तावको समर्थकमा मा. सदस्य श्री रामकुमार चौधरी रहनुभएको थियो ।

२०६३ जेठ १० गतेको बैठकले उक्त छानविन समितिका सदस्य श्री रमेश लेखक सरकारका राज्य मन्त्रीमा नियुक्त हुनुभएकोले उहाँको स्थानमा मा. श्री टेकबहादुर चोखाललाई मनोनयन गरियो । साथै समितिले मिति २०६३ मंसिर १५ गते प्रतिनिधि सभा समक्ष आफ्नो प्रतिवेदन पेश गर्‍यो ।

## २९. प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन

प्रतिनिधि सभाको मिति २०६३ साल जेष्ठ ८ गतेको बैठकले प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गर्‍यो । उक्त नियमावली मस्यौदा समिति गठन गरियोस् भनी मा. श्री रामबहादुर बिष्टले प्रस्ताव गर्नुभएको थियो भने मा. श्री आनन्दप्रसाद पोखरेलले समर्थन गर्नुभएको थियो । नियमावली मस्यौदा समितिमा निम्नलिखित मा. सदस्यहरु रहनुभएको थियो :-

| | | |
|---|---|---|
| १. | मा. श्री नारायणमान विजुक्छे | संयोजक |
| २. | मा. श्री अष्टलक्ष्मी शाक्य (बोहरा) | सदस्य |

| | | |
|---|---|---|
| ३. | मा. श्री आनन्दप्रसाद ढुंगाना | " |
| ४. | मा. श्री गोविन्दबिक्रम शाह | " |
| ५. | मा. श्री टेकबहादुर चोखाल | " |
| ६. | मा. श्री नवराज सुवेदी | " |
| ७. | मा. श्री परशुराम मेघी गुरुङ | " |
| ८. | मा. श्री बेनुपराज प्रसाई | " |
| ९. | मा. श्री महेन्द्रबहादुर पाण्डे | " |
| १०. | मा. श्री सावित्री बोगटी (पाठक) | " |
| ११. | मा. श्री हरि आचार्य | " |
| १२. | मा. श्री यज्ञजीत शाह | " |
| १३. | मा. श्री सुशीला स्वाँर | " |

उक्त समितिले मिति २०६३ साल जेष्ठ २४ गतेको बैठकमा आफ्नो प्रतिवेदन पेश गर्नुका साथै मिति २०६३ जेष्ठ २७ गतेको बैठकले प्रतिनिधि सभा नियमावली, २०६३ लाई मा. श्री महेन्द्रबहादुर पाण्डे, मा. श्री गोकर्णराज बिष्ट, मा. श्री कृष्णप्रसाद दाहाल, मा. श्री चन्द्रमणी खराल, मा. श्री भद्रबहादुर थापा, मा. श्री यादवबहादुर रायमाझी र मा. श्री आनन्दप्रसाद ढुंगानाले पेश गर्नुभएको संशोधन सहित सर्वसम्मतिले पारित गरियो ।

## ३०. प्रतिनिधि सभा नियमावली संशोधन मस्यौदा समिति गठन

प्रतिनिधि सभाको मिति २०६३ साल भाद्र २७ गतेको बैठकले प्रतिनिधि सभा नियमावली संशोधन मस्यौदा समिति गठन गऱ्यो । उक्त नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस् भनी मा. श्री परशुराम मेघी गुरुङले प्रस्ताव गर्नुभएको थियो भने मा. श्री रामबहादुर बिष्टले समर्थन गर्नुभएको थियो । प्रतिनिधि सभा नियमावली संशोधन मस्यौदा समितिमा निम्नलिखित मा. सदस्यहरु रहनुभएको थियो :-

| | |
|---|---|
| १. मा. श्री आनन्दप्रसाद ढुंगाना | संयोजक |
| २. मा. श्री महेन्द्रबहादुर पाण्डे | सदस्य |
| ३. मा. श्री टेकबहादुर चोखाल | " |

उक्त समितिले मिति २०६३ साल असोज १ गतेको बैठकमा आफ्नो प्रतिवेदन पेश गर्नुका साथै सोही दिनको बैठकले उक्त प्रतिवेदनलाई सर्वसम्मतीले स्वीकृत गऱ्यो ।

## ३१.    नेपाल सरकारको कार्य सम्पादन र कार्य विभाजन नियमावली पेश

मिति २०६३ असार १ गतेको बैठकमा मा. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री नरेन्द्रबिक्रम नेम्वाङले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६३ र नेपाल सरकार (कार्य बिभाजन) नियमावली, २०६३ पेश गर्नुभयो ।

## ३२.    बैठकमा गतिरोध तथा बैठक बहिष्कार

यस बैठक अवधिमा पनि विभिन्न कारणहरुले गर्दा बैठकमा गतिरोध हुनुका साथै एक जना मा.सदस्यले बैठक बहिष्कार समेत गर्नुभयो । सो को विवरण यस प्रकार छ :-

| क्र.सं. | गतिरोध/बहिष्कार भएको मिति | कारण |
|---|---|---|
| १. | २०६३/३/३१ | राजस्व र व्ययको बार्षिक अनुमान माथिको छलफल कार्यक्रम भईरहेको समयमा सदनमा मन्त्रिपरिषद्का एकजना सदस्यको पनि उपस्थीति नरहेको विषयमा सदनमा मा. श्री होमनाथ दाहाल लगायत अन्य मा. सदस्यहरुले नियमापत्ति गर्नु भएपछि मा. सभामुखले बैठक आधा घण्टाको लागि स्थगित गर्नुभएको । |
| २. | २०६३/४/५ | जिल्लाहरुमा सञ्चालन गरिने विकास कार्यक्रम र विनियोजित रकम सम्बन्धी पुस्तक तत्काल मात्र उपलब्ध भएको कारण जनाउँदै मा. श्री महेन्द्रबहादुर पाण्डेले विनियोजन बिधेयक, २०६३ माथिको छलफल दुई दिनपछि मात्र शुरु गर्न प्रस्ताव गर्नुभएपछि मा. सभामुखले उक्त प्रस्ताव प्रति सहमति जनाउँदै उक्त विधेयक माथिको छलफल साउन ७ गतेदेखि मात्र हुने गरी निर्धारित कार्यक्रम सारिएको जनाउनु भएको । |
| ३. | २०६३/५/४ | इन्धन लगायत पेट्रेलियम पदार्थको मूल्यबृद्धि गरिएको बिषयमा मा. उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रीले सदनमा उपस्थित भई स्पष्टीकरण दिनुपर्ने भन्दै होहल्ला गर्नुभएपछि मा. सभामुखले आधा घण्टाको लागि बैठक स्थगित गर्नुभएको । |
| ४. | २०६३/५/२७ | मधेशी समुदायले आफ्नो माग राख्दै गरिरहेको जुलुस प्रदर्शनीमा प्रहरी हस्तक्षेपबाट धेरै जना घाइते भएको विषयलाई लिएर मा. श्री यज्ञजीत शाहले सो दिनको बाँकी बैठक बहिष्कार गर्दै सदन बाहिर जानु भएको । |
| ५. | २०६३/५/२८ | मा. सदस्यहरुले देशको बिग्रँदो शान्ति सुरक्षाको स्थिति र सरकारले हात हतियार भित्र्याएको बिषय उठाउँदै सरकारले सो बिषयमा सदनलाई जानकारी नगराएसम्म बैठक स्थगित गरियोस् भनी माग राख्नुभएपछि मा.सभामुखले सरकारको ध्यानाकर्षण गर्दै बैठक आधा घण्टाको लागि स्थगित गर्नुभएको । |
| ६. | २०६३/९/२३ | मा. सदस्य श्री नारायणमान बिजुक्छेले नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) बिधेयक माथि दफावार छलफल भईरहँदा सभाको गणपूरक संख्या नपुगेको ध्यानाकर्षण गराउनु भएपछि मा. सभामुखले मा. सदस्यहरुको उपस्थितिको लागि पाँच मिनेट घण्टी बजाउँदा पनि गणपूरक संख्या नपुगी बैठक एक घण्टाको लागि स्थगित गर्नुभएको । |

| क्र.सं. | गतिरोध/बहिष्कार भएको मिति | कारण |
|---|---|---|
| ७. | २०६३/१०/१ | नेपालको अन्तरिम संविधान, २०६३ माथि बिचार गरियोस् भन्ने प्रस्ताव माथि छलफल भईरहँदा बैठकको माइक प्रणालीमा अवरोध आएकोले मा. सभामुखले बैठक आधा घण्टाको लागि स्थगित गर्नुभएको । |

## ३३. सूर्तीजन्य पदार्थ निषेधित क्षेत्र घोषणा

मिति २०६३ साउन १५ गतेको बैठकमा सूर्तीजन्य बस्तुको नियन्त्रणको लागि महासन्धि अनुमोदनको लागि सरकारलाई निर्देश गर्ने संकल्पको प्रस्ताव पारित भए लगत्तै मा. सभामुखले संसद परिसरलाई सूर्तीजन्य पदार्थ सेवन निषेधित क्षेत्र घोषणा गर्नुभयो ।

## ३४. संसदीय अनुगमन समिति

प्रतिनिधि सभाको २०६३ जेष्ठ १६ गतेको बैठकले नेपाल सरकार र ने.क.पा. (माओवादी) दुवै पक्षबाट भएको युद्धबिरामको घोषणा पश्चात दुवै पक्षबीच वार्ता शुरु भइसकेको र २५ बुँदे युद्धबिराम आचारसंहिता समेत लागू भइसकेको अवस्थामा सो वार्ता प्रक्रियाको अनुगमन गर्न वार्ता प्रक्रिया संसदीय अनुगमन समिति गठन गर्‍यो । सो समिति गठन गरियास् भनी मा. श्री रामबहादुर बिष्टले प्रस्ताव गर्नुभएको थियो भने मा. श्री परशुराम मेघी गुरुङले समर्थन गर्नुभएको थियो । समितिमा निम्नलिखित मा. सदस्यहरु रहनु भएको थियो :-

| | | |
|---|---|---|
| १. | मा. सभामुख श्री सुभाष नेम्वाङ्ग | अध्यक्ष |
| २. | मा. उपसभामुख श्रीमती चित्रलेखा यादव | उपाध्यक्ष |
| ३. | मा. श्री अष्टलक्ष्मी शाक्य (बोहरा) | सदस्य |
| ४. | मा. श्री आनन्दप्रसाद ढुंगाना | " |
| ५. | मा. श्री कमला पन्त (आचार्य) | " |
| ६. | मा. श्री गोविन्दबिक्रम शाह | " |
| ७. | मा. श्री चक्रप्रसाद बास्तोला | " |
| ८. | मा. श्री चित्रबहादुर के.सी. | " |
| ९. | मा. श्री टेकबहादुर चोखाल | " |
| १०. | मा. श्री नारायणमान बिजुक्छेँ | " |
| ११. | मा. श्री प्रदिप नेपाल | " |
| १२. | मा. श्री भरतमोहन अधिकारी | " |
| १३. | मा. श्री महेन्द्रबहादुर पाण्डे | " |
| १४. | मा. श्री यज्ञजीत शाह | " |
| १५. | मा. श्री रामकृष्ण ताम्राकार | " |

१६. मा. श्री श्रीमती रेणुकुमारी यादव सदस्य
१७. मा. श्री लीलामणि पोखरेल "
१८. मा. श्री होमनाथ दाहाल "

महिलालाई राज्यका सबै संरचनामा ३३ प्रतिशत सहभागिता गराउने प्रस्ताव जेठ १६ गतेको बैठकले पारित गरिसकेको अवस्थामा संसदीय अनुगमन समितिमा पनि सोही अनुपातमा महिलाको प्रतिनिधित्व हुनुपर्ने भन्दै मा. श्री रामबहादुर बिष्टले उक्त समितिमा मा. श्री काशी पौडेल, मा. श्री तिर्था गौतम र मा. श्री नारायणप्रकाश साँउदले मा. श्री सुशिला स्वाँरको नाम प्रस्ताव गरेकोमा सर्वसम्मतिले उक्त नामहरु समितिमा समावेश गर्न सभाले सहमति जनायो ।

## ३५. विषयगत समितिहरुको गठन

प्रतिनिधि सभाको मिति २०६३ को असार १ गतेको बैठकले प्रतिनिधि सभा नियमावली, २०६३ को नियम १७८ बमोजिम ९ वटा स्थायी विषयगत समितिहरुमा मा. सदस्यहरुको मनोनयन गऱ्यो । ती समितिका कार्यक्षेत्रसंग सम्बन्धित विषयहरु देहाय बमोजिम रहने व्यवस्था छ :-

| समितिको नाम | विषय |
|---|---|
| १. अर्थ समिति | अर्थ र आर्थिक योजना । |
| २. सार्वजनिक लेखा समिति | सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन । |
| ३. परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समिति | परराष्ट्र, मानव अधिकार, वाणिज्य, आपूर्ति र पर्यटन तथा नागरिक उडड्यन । |
| ४. प्राकृतिक स्रोत र साधन समिति | जलस्रोत, भूमिसुधार, भूमिव्यवस्था र कृषि । |
| ५. वातावरण संरक्षण समिति | वातावरण, वन, भू-संरक्षण, उद्योग, आवास र भौतिक योजना । |
| ६. जनसंख्या तथा सामाजिक समिति | जनसंख्या, शिक्षा, स्वास्थ्य, महिला, समाज कल्याण, श्रम र युवा, खेलकुद तथा संस्कृति । |
| ७. राज्य व्यवस्था समिति | मन्त्रिपरिषद्, रक्षा, गृह, सामान्य प्रशासन, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोक सेवा आयोग । |
| ८. कानून, न्याय तथा संसदीय व्यवस्था समिति | कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, महान्यायाधिवक्ताको कार्यालय र प्रत्यायोजित व्यवस्थापन । |
| ९. विकास समिति | निर्माण, यातायात, स्थानीय विकास, बिज्ञान तथा प्रविधि, सूचना र सञ्चार । |

प्रत्येक समितिमा सभामुखबाट पदेन सदस्य सहित बढीमा २५ जना सदस्यहरु मनोनित हुने व्यवस्था छ । मा. प्रधानमन्त्री सबै समितिको र समितिको विषयसंग सम्बन्धित मा. मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था छ ।

२०६३ असार ६ गतेको सूचनाद्वारा मा. श्री मृगेन्द्रकुमार सिंहलाई लेखा समितिको सदस्यमा थप गरिएको, मा. श्री प्रेमलाल सिंहलाई परराष्ट्र तथा मानव अधिकार समितिबाट कानून, न्याय तथा संसदीय व्यवस्था समितिमा, मा. श्री महेन्द्र यादवलाई कानून, न्याय तथा संसदीय व्यवस्था समितिबाट परराष्ट्र तथा मानव अधिकार समितिमा र मा. श्री नरेन्द्रबहादुर बमलाई जनसंख्या तथा सामाजिक समितिबाट वातावरण संरक्षण समितिमा कायम हुने गरी हेरफेर गरिएको थियो ।

समितिमा रहनुहुने मा. सदस्यहरुको नामावली अनुसूची १० मा दिइएको छ ।

## ३६. समितिको प्रतिवेदन पेश

प्रतिनिधि सभाको मिति २०६३ मंसिर १० गतेको बैठकमा सार्वजनिक लेखा समितिका मा. अध्यक्ष श्री चित्रबहादुर के.सी.ले सार्वजनिक लेखा समितिको १३ औं प्रतिवेदन, २०६३ पेश गर्नुभयो । यसै गरी मिति २०६३ मंसिर १३ गतेको बैठकमा प्राकृतिक स्रोत र साधन समितिका मा. अध्यक्ष श्री प्रकाश ज्वालाले प्राकृतिक स्रोत र साधन समितिको वार्षिक प्रतिवेदन, २०६३ पेश गर्नु भयो र मिति २०६३ मंसिर २९ गतेको बैठकमा परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिका मा. अध्यक्ष श्री महेन्द्र यादवले परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिको स्थलगत अध्ययन निरीक्षण भ्रमण प्रतिवेदन, २०६३ पेश गर्नु भयो ।

## ३७. विशेष समिति

प्रतिनिधि सभाको मिति २०६३ असार १ गतेको बैठकले प्रतिनिधि सभा नियमावली, २०६३ को नियम २०५ बमोजिम सुरक्षा विशेष समिति नियम २०६ बमोजिम प्रतिनिधि सभाको घोषणा कार्यान्वयन विशेष समिति र नियम २०८ बमोजिम संसदीय सुनुवाई विशेष समितिहरुमा पदेन सदस्यहरु बाहेक निम्नलिखित मा. सदस्यहरुको मनोनयन गरियो :-

**<u>सुरक्षा विशेष समिति</u>**

१. मा. श्री कृष्णचरण श्रेष्ठ
२. मा. श्री खेमराज भट्ट मायालु
३. मा. श्री गोरखबहादुर बोगटी
४. मा. श्री चित्रबहादुर के.सी.
५. मा. श्री प्रकाशबहादुर गुरुङ
६. मा. श्री प्रदीप नेपाल
७. मा. श्री यज्ञजीत शाह
८. मा. श्री रघुजी पन्त
९. मा. श्री राजेन्द्र महतो
१०. मा. श्री रामकृष्ण ताम्राकार

११. मा. श्री रामबहादुर गुरुङ
१२. मा. श्री शिबकुमार बस्नेत
१३. मा. श्री परि थापा*

**प्रतिनिधि सभाको घोषणा कार्यान्वयन विशेष समिति**

१. मा.श्री ईश्वर पोखरेल
२. मा.श्री केशव थापा
३. मा.श्री गोकर्णराज बिष्ट
४. मा.श्री गोविन्दबिक्रम शाह
५. मा.श्री नवराज सुवदी
६. मा.श्री भरतकुमार शाह
७. मा.श्री महेश आचार्य
८. मा.श्री राजेन्द्र महतो
९. मा.श्री रामचन्द्र पौडेल
१०. मा.श्री लालबाबु पण्डित
११. मा.श्री विनयध्वज चन्द
१२. मा.श्री हरि आचार्य

**संसदीय सुनुवाई विशेष समिति**

१. मा. श्री अर्जुनजंगबहादुर सिंह
२. मा. श्री अष्टलक्ष्मी शाक्य (बोहरा)
३. मा. श्री आमोदप्रसाद उपाध्याय
४. मा. श्री ऋषिकेश गौतम
५. मा. श्री डिलाराम आचार्य
६. मा. श्री पशुपति चौलागाईं
७. मा. श्री पशुपतिशमशेर ज.व.रा.
८. मा. श्री बलदेव शर्मा मजगैया
९. मा. श्री लीलामणि पोखरेल
१०. मा. श्री भरतमोहन अधिकारी
११. मा. श्री यज्ञजीत शाह
१२. मा. श्री राजेन्द्र महतो
१३. मा. श्री रामवरण यादव
१४. मा. श्री विजय सुब्बा
१५. मा. श्री सिद्धराज ओझा

प्रतिनिधि सभा घोषणा कार्यान्वयन बिशेष समितिको विभिन्न मितिहरुमा बैठक बसी उक्त समितिबाट पहिचान भएका नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १, ५, ६, ७, ८, ९, १०, १९ र २० मा रहेका विभिन्न ४९ वटा धाराका प्रावधानहरु बाझिएकोले उक्त धाराहरु अमान्य घोषित गर्ने प्रारम्भिक प्रतिवेदन २०६२ असार १९ गतेको प्रतिनिधि सभाको बैठकमा पेश भई सोही बैठकले पारित समेत गऱ्यो । २०६३ मंसिर १० गतेको बैठकमा पुनः प्रतिनिधि सभाको घोषणा कार्यान्वयन विशेष समितिबाट नेपाल अधिराज्यको संविधान, २०४७ को नागरिकता सम्बन्धी ३ वटा धाराहरुलाई प्रतिनिधि सभा घोषणा, २०६३ संग बाझिएको हदसम्म अमान्य घोषित गर्नेगरी प्रतिवेदन पेश गऱ्यो ।

संसदीय सुनुवाई समितिले निर्वाचन आयोगका प्रमुख आयुक्त पदमा श्री भोजराज पोखरेलको नाम संवैधानिक परिषद्बाट सिफारिस भई आएकोमा मिति २०६३/६/३० गतेको बैठकमा छलफल भई २०६३ कार्तिक ३ गतेको बैठकले उक्त प्रस्तावित नामलाई अनुमोदन गऱ्यो । यसै गरी आयुक्त पदमा संवैधानिक परिषद्बाट सिफारिस भई आएका २ वटा नामहरु श्री निलकण्ठ उप्रेती र श्रीमती उषा नेपालको नाम संसदीय सुनुवाईको लागि २०६३ कार्तिक

* मिति २०६३ असार ६ गते सुरक्षा विशेष समितिमा मा. सदस्यको नाम थप गरिएको सूचना जारी भएको ।

१० गतेको बैठकमा प्रस्तुत भई २०६३ कार्तिक १५ गते अनुमोदन गर्नुको साथै अन्य २ आयुक्त पदमा सिफारिस भई आएका २ वटा श्री दोलखबहादुर गुरुङ र डा. अयोधिप्रसाद यादवको नाम मिति २०६३/९/१३ गतेको बैठकले संसदीय सुनुवाईका लागि प्रस्तुत गऱ्यो भने मिति २०६३/९/२० गतेको बैठकले उक्त नामहरुलाई अनुमोदन गऱ्यो ।

प्रतिनिधि सभा घोषणा कार्यान्वयन समितिका प्रतिवेदनहरु अनुसूची (११), (१२) मा दिइएको छ ।

## ३८. बैठक भत्ता बापत प्राप्त रकम जनआन्दोलन-२ का घाइते उपचार कोषमा जम्मा गरिएको

पुर्नस्थापित प्रतिनिधि सभाको चालू बैठक भत्ता बापत मा. सदस्यहरुले प्राप्त गर्नुहुने सम्पूर्ण रकम जनआन्दोलन-२ का घाइते उपचार कोषमा जम्मा गर्ने प्रतिनिधि सभाको मिति २०६३/१/२१ को निर्णय अनुसार मिति २०६३/३/३० गते (बैशाख, जेठ र असार महिनाको भत्ता रकम) रु. २५,९५,०५०/- डा. सुधा शर्माको संयोजकत्वमा गठित घाइते उपचार कोषमा र मिति २०६३/७/१९ गते (श्रावण, भाद्र र असोज महिनाको भत्ता रकम) रु. २९,१४,९८७.४५/- र मिति २०६३/१०/२२ गते (कार्तिक, मंसिर र पुष महिनाको भत्ता रकम) रु. २६,६७,९८०/- मा. श्री कृष्णकिशोर घिमिरेको संयोजकत्वमा गठित घाइते उपचार समन्वय समितिको कोषमा जम्मा गरियो । यसरी २०६३ बैशाख देखि २०६३ पुषसम्म जम्मा रु. ८१,७८,०१७.४५/- रकम जम्मा गरियो ।

## ३९. समितिमा छलफल भएका विधेयकहरुको संख्यात्मक विवरण :

बैठक कालमा बिभिन्न समितिहरुमा छलफल भएका सम्बन्धित विधेयकहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | सम्बन्धित समिति | छलफलको लागि समितिमा पठाइएको विधेयक संख्या | समितिबाट प्रतिवेदन सहित सभामा प्रस्तुत विधेयक संख्या | प्रतिवेदन पेश गर्न बाँकी विधेयक संख्या |
|---|---|---|---|---|
| १. | अर्थ समिति | ९ | ८ | १ |
| २. | परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समिति | ५ | ३ | २ |
| ३. | वातावरण संरक्षण समिति | ३ | ३ | ० |
| ४. | जनसंख्या तथा सामाजिक समिति | ९ | ६ | ३ |
| ५. | राज्य व्यवस्था समिति | ७ | ४ | ३ |

| क.सं. | सम्बन्धित समिति | छलफलको लागि समितिमा पठाइएको विधेयक संख्या | समितिबाट प्रतिवेदन सहित सभामा प्रस्तुत विधेयक संख्या | प्रतिवेदन पेश गर्न बाँकी विधेयक संख्या |
|---|---|---|---|---|
| ६. | कानून, न्याय तथा संसदीय व्यवस्था समिति | ३ | ३ | ० |
| ७. | विकास समिति | ३ | २ | १ |

## ४०. महासन्धि, सन्धि तथा सम्झौताहरु अनुमोदन

प्रतिनिधि सभा नियमावली, २०६३ को नियम २३० बमोजिम बिभिन्न मन्त्रालयसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौताहरु बिभिन्न मितिमा अनुमोदन भएका छन् । सोको विवरण यसप्रकार छ :-

| क.सं. | बिषय | प्रस्तुतकर्ता मा. मन्त्री | अनुमोदन भएको मिति |
|---|---|---|---|
| १. | सूर्तिजन्य वस्तुको नियन्त्रणको लागि महासन्धि (FCTC Framework Convention on Tobacco Control) | मा. उप प्रधानमन्त्री एवं जनसंख्या तथा स्वास्थ्य मन्त्री श्री अमिक शेरचन | २०६३/४/२३ |
| २. | बेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन, नियन्त्रण सम्बन्धी क्षेत्रीय सार्क महासन्धि, २००२ | मा. महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्याल | २०६३/५/२० |
| ३. | दक्षिण एसियामा बालकल्याण अभिबृद्धिका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि, २००२ | मा. महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्याल | २०६३/५/२० |
| ४. | आप्रवास सम्बन्धी अन्तर्राष्ट्रिय संगठन (IOM) को नेपाल सदस्य बन्ने सम्बन्धी प्रस्ताव | मा. श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री श्री रमेश लेखक | २०६३/६/१ |
| ५. | सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार महासन्धिको इच्छाधिन आलेख, २००० | मा. महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्याल | २०६३/६/३ |
| ६. | द्वैध कराधान मुक्ति तथा कर सम्बन्धी बिषयमा पारस्परिक प्रशासनिक सहयोग सम्बन्धमा व्यवस्था भएको सार्क सीमित बहुपक्षीय सम्झौता | मा. अर्थमन्त्रीको तर्फबाट मा. सूचना तथा सञ्चार राज्यमन्त्री श्री दिलेन्द्रप्रसाद बडू | २०६३/६/१२ |
| ७. | चिरस्थायी जैविक प्रदुषकहरु सम्बन्धी स्टकहोम महासन्धिमा नेपाल पक्ष बन्ने सम्बन्धी प्रस्ताव | मा. वातावरण, विज्ञान तथा प्रविधि राज्यमन्त्रीको तर्फबाट मा. स्थानीय विकास मन्त्री श्री राजेन्द्रप्रसाद पाण्डे | २०६३/६/२७ |

| क्र.सं. | बिषय | प्रस्तुतकर्ता मा. मन्त्री | अनुमोदन भएको मिति |
|---|---|---|---|
| ८. | अन्तर्राष्ट्रिय व्यापारमा केही हानिकारक रसायन एवं जीवनाशक विषादीको पूर्व जानकारी गराउने सम्बन्धी रोटरडाम महासन्धिमा नेपाल पक्ष बन्ने सम्बन्धी प्रस्ताव | मा. वातावरण, विज्ञान तथा प्रविधि राज्यमन्त्रीको तर्फबाट मा. स्थानीय विकास मन्त्री श्री राजेन्द्रप्रसाद पाण्डे | २०६३/६/२७ |
| ९. | संयुक्त राष्ट्र संघीय मनोद्विपक औषधी सम्बन्धी महासन्धि, १९७१ मा नेपाल पक्ष बन्ने सम्बन्धी प्रस्ताव | मा. गृह मन्त्रीको तर्फबाट मा. अर्थ मन्त्री डा. रामशरण महत | २०६३/७/१६ |
| १०. | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको इच्छाधिन आलेख,१९९९ | मा. महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्याल | २०६३/८/२९ मा पेश भई २०६३/९/३ मा आरक्षण सहित पारित |
| ११. | खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवांशिक श्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा सम्मेलनको माध्यमबाट नेपाल पक्ष बन्ने सम्बन्धी प्रस्ताव | मा. कृषि तथा सहकारी मन्त्रीको तर्फबाट मा. महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्याल | २०६३/९/१८ |
| १२. | सार्क मध्यस्थता परिषद्को स्थापना गर्ने सम्झौता | मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री हृदयेश त्रिपाठी | २०६३/९/२६ |

## ४१. महासन्धि, सन्धि तथा सम्झौताहरुको जानकारी

यसै अवधिमा विभिन्न मन्त्रालयसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौताहरुको जानकारी गराइयो । सोको विवरण निम्नानुसार रहेको छ :-

| क्र.सं. | विषय | जानकारी गराउने मा. मन्त्री | जानकारी गारएको मिति |
|---|---|---|---|
| १. | बहुपक्षीय प्राविधिक तथा आर्थिक हितको लागि बंगालको खाडीको प्रयास (BIMSTEC) को Free Trade Area का सम्बन्धमा थाइल्याण्डको फुकेटमा फेब्रुअरी ८, २००४ मा भएको सम्झौता | मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री हृदयेश त्रिपाठी | २०६३/४/२२ |
| २. | पकिस्तानको इस्लामावादमा सम्पन्न सार्कको १२ औं शिखर सम्मेलनबाट दक्षिण एसियाली खुल्ला व्यापार क्षेत्र (SAFTA) को सम्बन्धमा भएको सम्झौताको विवरण | मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री हृदयेश त्रिपाठी | २०६३/४/२२ |
| ३. | हावा पानी परिर्वतन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि, १९९२ को Kyoto | मा. वातवरण, विज्ञान तथा प्रविधि राज्यमन्त्री | २०६३/४/२६ |

| क.सं. | विषय | जानकारी गराउने मा. मन्त्री | जानकारी गारएको मिति |
|---|---|---|---|
| | Protocol सम्बन्धी सम्झौताको विवरण | श्री मानबहादुर विश्वकर्मा | |
| ४. | वर्न महासन्धि Convention for the Protection of Literary and Artistic Works सम्बन्धी सम्झौताको विवरण | मा. संस्कृती, पर्यटन तथा नागरिक उडड्यन मन्त्री श्री प्रदिपकुमार ज्ञवाली | २०६३/४/२८ |
| ५. | विश्व व्यापार संगठन (WTO) को The Accession of the Kingdom of Nepal सम्बन्धी Protocol को विवरण | मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री हृदयेश त्रिपाठी | २०६३/४/२९ |

## ४२. बैदेशिक सहयोगको विवरण

मा. अर्थमन्त्री डा. रामशरण महतले २०६३ श्रावण १९ गतेको बैठकमा २०५८ साल फागुन १ गतेदेखि २०६२ चैत्र मसान्तसम्म बैदेशिक सहयोगका सम्बन्धमा भएका सम्झौताहरुको विवरण पेश गर्नुभयो ।

सोको विवरण अनुसूची १३ मा दिइएको छ ।

## ४३. वार्षिक प्रतिवेदन पेश

यस अवधिमा निम्नलिखित संवैधानिक अंगहरुको वार्षिक प्रतिवेदनहरु सदन समक्ष पेश भए :-

| क. सं. | प्रतिवेदन | प्रतिवेदन पेश गरेको मिति | प्रतिवेदन पेश गर्ने मा. मन्त्री |
|---|---|---|---|
| १. | महान्यायाधिवक्ताको आ.व. २०५८/५९, ०५९/६० र ०६०/६१ को वार्षिक प्रतिवेदन | २०६३/२/११ | मा. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको १६ औं वार्षिक प्रतिवेदन | २०६३/७/२० | मा. गृह मन्त्रीको तर्फबाट मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री |
| ३. | लोक सेवा आयोगको ४३, ४४, ४५, ४६ र ४७ औं वार्षिक प्रतिवेदन | २०६३/८/१० | मा. सामान्य प्रशासन राज्य मन्त्री |
| ४. | महालेखा परीक्षकको ४३ औं वार्षिक प्रतिवेदन, २०६३ | २०६३/८/२१ | मा. अर्थ मन्त्रीको तर्फबाट मा. कृषि तथा सहकारी मन्त्री |
| ५. | राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०६३ | २०६३/९/१८ | मा. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रीको तर्फबाट मा. महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री |

## ४४. माननीय सभामुखद्वारा दिइएका निर्देश र ध्यानाकर्षणहरु :

मा. सभामुखबाट यस बैठक कालमा विभिन्न मितिहरुमा मा. सदस्यहरु, मा. मन्त्रीहरु लगायत राज्यका विभिन्न पक्षहरुलाई निर्देश (Ruling) र ध्यानाकर्षण गरिएको थियो ।

सोको विस्तृत विवरण अनुसूची १४ मा दिइएको छ ।

## ४५. मन्त्रिपरिषद् गठन/हेरफेर, कार्यभार थप

### मिति २०६३ बैशाख १५ को प्रधानमन्त्री नियुक्त गरिएको पत्र

"श्री ५ महाराजधिराजका हजुरमा नेपाली कांग्रेसका महामन्त्रीद्वारा प्रधानमन्त्रीको नियुक्तिका सम्बन्धमा २०६३ साल वैशाख १४ गते चढाईएको जाहेरी पत्रमा उल्लेख भए बमोजिम यस सचिवालयबाट २०६३ साल बैशाख १४ गते प्रकाशित विज्ञप्तिमा "श्री ५ महाराजधिराजबाट आन्दोलनरत सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली कांग्रेसका सभापति तथा नेपाली कांग्रेस संसदीय दलका नेता श्री गिरिजाप्रसाद कोइरालालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सेको छ " भनी प्रकाशित भएकोमा नेपाली कांग्रेसका महामन्त्रीले मिति २०६३ साल बैशाख १५ गते उक्त विज्ञप्तिमा श्री ५ महाराजाधिराजबाट आन्दोलनरत सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली कांग्रेसका सभापति तथा नेपाली कांग्रेस संसदीय दलका नेता श्री गिरिजाप्रसाद कोइरालालाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरिवक्सेको छ भनी सच्याउन पुनः जाहेर गरी पठाउनु भएकोले सो बमोजिम सच्याइबक्सेको छ ।"

### मिति २०६३ बैशाख १९ गते मन्त्रिपरिषद् गठन गरिएको पत्र

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा निजकै अध्यक्षतामा देहाय अनुसारको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजन समेत गरिवक्सेको छ ।

| मन्त्रिपरिषद् गठन विधि | | कार्य विभाजन |
|---|---|---|
| १. श्री गिरिजाप्रसाद कोइराला | प्रधानमन्त्री | रक्षा |
| २. श्री के.पी. शर्मा ओली | उप-प्रधानमन्त्री | परराष्ट्र |
| ३. श्री गोपालमान श्रेष्ठ | मन्त्री | भौतिक योजना तथा निर्माण |
| ४. डा. रामशरण महत | मन्त्री | अर्थ |
| ५. श्री महन्थ ठाकुर | मन्त्री | कृषि तथा सहकारी |

| | | |
|---|---|---|
| ६. श्री कृष्णप्रसाद सिटौला | मन्त्री | गृह |
| ७. श्री प्रभुनारायण चौधरी | मन्त्री | भूमिसुधार तथा व्यवस्था |

माथि तोकिए बाहेक बाँकी सबै मन्त्रालयहरु हाललाई प्रधानमन्त्रीको मातहतमा रहने गरी तोकी बक्सेको छ । साथै मौसुफबाट नेपाल र नेपालीको हित तथा उन्नती हुने कार्यमा यो मन्त्रिपरिषद्लाई सबैबाट आवश्यक सहयोग प्राप्त हुनेनै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

## मिति २०६३ जेठ ८ गते मन्त्रिपरिषद् हेरफेर र थप गरिएको पत्र

| मन्त्रिपरिषद् गठन विधि | | कार्य विभाजन |
|---|---|---|
| १. श्री गिरिजाप्रसाद कोइराला | प्रधानमन्त्री | राजदरबार सम्बन्धी, रक्षा, स्वास्थ्य, तथा जनसंख्या र उद्योग वाणिज्य तथा आपूर्ति । |
| २. श्री के.पी. शर्मा ओली | उप-प्रधानमन्त्री | परराष्ट्र । |
| ३. श्री गोपालमान श्रेष्ठ | मन्त्री | भौतिक योजना तथा निर्माण । |
| ४. श्री महन्थ ठाकुर | मन्त्री | कृषि तथा सहकारी । |
| ५. डा. रामशरण महत | मन्त्री | अर्थ । |
| ६. श्री नरेन्द्रबिक्रम नेम्वाङ | मन्त्री | कानून, न्याय तथा संसदीय व्यवस्था |
| ७. श्री कृष्णप्रसाद सिटौला | मन्त्री | गृह । |
| ८. श्री प्रभुनारायण चौधरी | मन्त्री | भूमिसुधार तथा व्यवस्था । |
| ९. श्रीमती चित्रलेखा यादव | मन्त्री | जलस्रोत । |
| १०. श्री राजेन्द्रप्रसाद पाण्डे | मन्त्री | स्थानीय विकास । |
| ११. श्री प्रदिपकुमार ज्ञवाली | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन । |
| १२. डा. श्री मंगलसिद्धि मानन्धर | मन्त्री | शिक्षा तथा खेलकूद । |

**राज्यमन्त्री**

| | | |
|---|---|---|
| १३. श्री गोपाल राई | राज्यमन्त्री | वन तथा भू-संरक्षण । |
| १४. श्री दिलेन्द्रप्रसाद बडू | राज्यमन्त्री | सूचना तथा संचार । |
| १५. श्री उर्मिला अर्याल | राज्यमन्त्री | महिला, वालवालिका तथा समाज कल्याण |
| १६. श्री मानबहादुर विश्वकर्मा | राज्यमन्त्री | वातावरण, विज्ञान तथा प्रविधि । |
| १७. श्री धर्मनाथप्रसाद शाह | राज्यमन्त्री | सामान्य प्रशासन । |
| १८. श्री रमेश लेखक | राज्यमन्त्री | श्रम तथा यातायात व्यवस्था । |

## मिति २०६३ जेष्ठ २९ गते मन्त्रिपरिषद् थप नियुक्ति तथा कार्य विभाजन गरिएको पत्र

मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मौजुदा मन्त्रिपरिषद्मा देहाय बमोजिम थप नियुक्ति तथा कार्यविभाजन समेत गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

| क.सं. | नाम | | पद तथा कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री अमिक शेरचन | उप-प्रधानमन्त्री | स्वास्थ्य तथा जनसंख्या । |
| २. | श्री हृदयेश त्रिपाठी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति । |
| ३. | श्री ज्ञानेन्द्रबहादुर कार्की | राज्यमन्त्री | जलस्रोत । |

## ४६. अन्तरव्यवस्थापिका संघ (IPU) मा नेपालको सहभागिता

यस बैठक कालमा विश्वका विभिन्न राष्ट्रका व्यवस्थापिका र विधायकहरु बीच पारस्परिक मैत्री, सद्भाव र समझदारीको अभुबृद्धि गरी अन्तर्राष्ट्रिय सम्पर्क र सहयोग विस्तार गर्ने उदेश्यले स्थापित अन्तर व्यवस्थापिका संघ (IPU) को ११५ औं अधिवेसन स्विट्जरल्याण्डको जेनेभामा अक्टोवर १६-२०, २००६ तदनुसार असोज ३० गतेदेखि कार्तिक ३ गतेसम्म भएको थियो । टोलीमा निम्नानुसार सदस्यहरु रहनुभएको थियो :-

| | |
|---|---|
| १. मा. सभामुख श्री सुभाष नेम्वाङ्ग | (टोली नेता) |
| २. मा. श्री रामबहादुर बिष्ट | (सदस्य) |
| ३. मा. श्री रघुजी पन्त | " |
| ४. मा. श्री गेहेन्द्र गिरी | " |
| ५. मा. श्री अष्टलक्ष्मी शाक्य (बोहरा) | " |
| ६. मा. श्रीमती काशी पौडेल | " |
| ७. मा. श्री गोविन्दबिक्रम शाह | " |
| ८. महासचिव श्री सूर्य किरण गुरुङ्ग | " |
| ९. स.स श्री मुकुन्दप्रसाद शर्मा | " |

## ४७. नेपाली संसदीय प्रतिनिधिमण्डलद्वारा विदेश भ्रमण

यस बैठक कालमा नेपाली संसदीय प्रतिनिधिमण्डलद्वारा विभिन्न मितिमा विभिन्न देशहरुको सद्भावना भ्रमण भएको छ । सद्भावना भ्रमण सम्बन्धी विवरण यस प्रकार छ :-

| क.स. | कार्यक्रम | प्रतिनिधिमण्डलका सदस्यहरु | भ्रमण गरेको मुलुक | भ्रमण अवधि |
|---|---|---|---|---|
| १. | Regional Seminar on Security Sector Reform in the National and Regional context for Parliaments from South-East Asia and the Wider Asia-Pacific Region | मा. श्री टेकबहादुर चोखाल<br>मा. श्री रामबहादुर बिष्ट<br>मा. श्री गोरखबहादुर बोगटी<br>मा. श्री अष्टलक्ष्मी शाक्य (बोहरा)<br>मा. श्रीमती काशी पौडेल<br>मा. श्री राजेन्द्र महतो<br>मा. श्री परि थापा<br>स.स श्री टेकप्रसाद ढुंगाना | थाईल्याण्ड, फुकेट | September 1-2, 2006 |
| २. | APPCED | मा. श्री सोमप्रसाद पाण्डे | दक्षिण कोरिया | Septermber |

| क.स. | कार्यक्रम | प्रतिनिधिमण्डलका सदस्यहरु | भ्रमण गरेको मुलुक | भ्रमण अवधि |
|---|---|---|---|---|
| | Parliamentarians Workshop in MDGs and the International Development Co-operation in Asia Pacific Region | मा. श्री लेखनाथ न्यौपाने<br>मा. श्री प्रकाशबहादुर गुरुङ्ग | | 1-4, 2006 |
| ३. | 6th International Conference for New or Restored Democracies | मा. उपाध्यक्ष श्री रामप्रित पासवान<br>मा. श्री जनकराज गिरी<br>मा. श्री सुभाष कर्माचार्य<br>मा. श्री केशव थापा<br>स.स श्री जयनारायण नेपाल<br>उ.स. श्री मुरारी महत | कतार | October 29-November 1, 2006 |
| ४. | 7th Session of the Asian Parliaments Association of Peace Programme | मा. उपसभामुख श्रीमती चित्रलेखा यादव<br>मा. श्री राधेश्याम अधिकारी<br>मा. श्री तिलकुमार मेन्याङ्बो (लिम्बु)<br>स.स. श्री मनोहरप्रसाद भट्टराई<br>मु.अ. श्री रामबहादुर डंगोल | इरान | November 12-14, 2006 |
| ५. | 28th Annual Parliamentarty Forum on Human Society | मा. श्री विद्यादेवी भण्डारी<br>मा. श्री कमला पन्त(आचार्य)<br>मा. श्री विरोध खतिवडा<br>मा. श्री परशुराम मेघी गुरुङ्ग<br>मा. श्री गोविन्दबहादुर शाह<br>मा. श्री रामहरी ढुंगेल<br>मा. श्री यज्ञजीत शाह<br>स.स. श्री मनेहरप्रसाद भट्टराई | जापान | December 4-5, 2006 |

## ४८. विदेशी संसदीय प्रतिनिधिमण्डलद्वारा नेपाल भ्रमण

यस बैठक कालमा यूरोपियन यूनियनका संसदीय प्रतिनिधिमण्डलद्वारा July 16-21, 2006 सम्म नेपालको सद्भावना भ्रमण गरेको छ । सद्भावना भ्रमणको विवरण यसप्रकार छ :-

**List of Members and committees:**

| S.No. | Member | Group/Country | Committee |
|---|---|---|---|
| 1. | Ms. Neena GILL, Chair | Socialist Group in the European Parliament, | Committee on Budgets, President of the SAARC Delegation |

| S.No. | Member | Group/Country | Committee |
|---|---|---|---|
| | | United Kingdom | |
| 2. | Ms. Luisa MORGANTINI | Confederal Group of the European United Left-Nordic Green Left, Italy | Committee on Development Chair, Subcommittee on Human Rights |
| 3. | Mr. Thomas MANN | Group of the European People's Party (Christian Democract) and European Democrates, Germany | Committee on Employment and Social Affairs, Vice-Chair, Member of the SAARC Delegation |
| 4. | Mr. Josef LEINEN | Socialist Group in the European Parliament, Germany | Committee on Constitutional Afffairs, Chair, Member of the SAARC Delegation |
| 5. | Mr. Jan MULDER | Group of the Alliance of Liberal and Democrates for Europe, Netherlands | Committee on Budgets, Vice-Chair Committee on Budgetary Control Vice-President on the SAARC Delegation |
| 6. | Mr. Eugenijus MALDEIKIS | Union for Europe of the Nations Group Lithuania | Committee on Industry, Reasearch and Energy |
| 7. | Th. Bogdan GOLIK | Socialist Group in the European Parliament | |

## List of Staff

| | |
|---|---|
| Mr. Xavier NUTTIN | Principal Administrator |
| Ms. Eva ATANASSOVA | Administrator |
| Ms. Germane CARNAZZA | Administrative Assistant |

## List of Political groups

| | |
|---|---|
| Ruth DE CESARE | Socialist Group in the European Parliament |
| Mr. Alexander SPACHIS | Charged Affairs, European Commission Delegation |
| Mr. Christian TOUWAIDE | Act. Charge d'Affairs |

## ४९. मा. सभामुखबाट शिष्टाचार भेट

यस बैठककालमा सम्माननीय सभामुखज्यूसँग विभिन्न मुलुकका विशिष्ट अतिथिहरुले शिष्टाचार भेटघाट गर्नुभयो । भेटघाट सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम छ :

| सि.नं | मिति | देश | भेटघाट गर्नुहुने पदाधिकारीहरु | सो अवसरमा उपस्थित पदाधिकारीहरु |
|---|---|---|---|---|
| १. | २०६३/२/९ | अमेरिका | संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि श्री म्याथ्यू कहाने | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २. | २०६३/२/९ | पाकिस्तान | पाकिस्तानका महामहिम राजदूत श्री सोहेल अमिन | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३. | २०६३/२/३१ | भारत | भारतका महामहिम राजदूत श्री शिव शंकर मुखर्जी | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ४. | २०६३/३/९ | रसिया | रसिया फेडेरेशनका महामहिम राजदूत श्री एन्द्रे लेओनिन्दोवीच ट्रोफिमोव | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ५. | २०६३/३/९ | इजरायल | इजरायलका महामहिम राजदूत श्री ड्यान स्टाब | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ६. | २०६३/४/१ | युरोप | महामहिम श्रीमती निना गिलज्यूको नेतृत्वमा आएको European Parliamentary Delegation का प्रतिनिधि मण्डल | नर्वेका महामहिम राजदूत श्री टोरे टोरेङ्ग |
| ७. | २०६३/४/३ | अमेरिका | संयुक्त राज्य अमेरिकाको राजदूतावासका Charge d' Affairs श्री निकोलस डिन | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ८. | २०६३/४/९ | भारत | भारतका विदेश सचिव श्री श्याम शरण | भारतका महामहिम राजदूत श्री शिव शंकर मुखर्जी र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ९. | २०६३/४/११ | अमेरिका | अमेरिकाका महामहिम राजदूत श्री जेम्स एफ मारियार्टी | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १०. | २०६३/४/११ | जापान | जापान-नेपाल पार्लियामेन्ट्री फ्रेण्डसिप समूहका एडभाइजर श्री मात्सुहसी | जापानका महामहिम राजदूत श्री ट्यूटोमो हिराओका र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |

| सि.नं | मिति | देश | भेटघाट गर्नुहुने पदाधिकारीहरु | सो अवसरमा उपस्थित पदाधिकारीहरु |
|---|---|---|---|---|
| ११. | २०६३/४/१२ | जापान | जापानका बैदेशिक मामिला सम्बन्धी वरिष्ठ उप मन्त्री श्री यासुहिसा सियोजाकी | जापानका महामहिम राजदूत ट्योटोमो हिराओका र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १२. | २०६३/४/१२ | चीन | चीनका बैदेशिक उप मन्त्री श्री ड्यूडावई को नेतृत्वमा आएको प्रतिनिधि मण्डलका माननीय सदस्यहरु | चीनका महामहिम राजदूत श्री सून हेपिङ्ग र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १३. | २०६३/४/१७ | मलेशिया | मलेशियाका महामहिम राजदूत श्री महेन्द्र सिंह | |
| १४. | २०६३/४/२८ | अमेरिका | संयुक्त राज्य अमेरिकाको सिनेटका सदस्य एवं Committee on the Judiciary का अध्यक्ष श्री आरलिन स्पेक्टर | अमेरिकाका महामहिम राजदूत श्री जेम्स एफ मोरियार्टी र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १५. | २०६३/४/२८ | टर्की | टर्कीका महामहिम राजदूत श्री ह्यालिल एकिन्सी | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १६. | २०६३/४/२९ | श्रीलंका | श्रीलंकाका नव नियूक्त महामहिम राजदूत श्री अमरालाल सुमिथ नाकान्बाला | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १७. | २०६३/५/६ | अष्ट्रेलिया | अष्ट्रेलियाका महामहिम राजदूत श्री ग्रेम लेड | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १८. | २०६३/५/६ | बेलायत | बेलायतका नवनियुक्त महामहिम राजदूत डा. एन्ड्रेओ हाल | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| १९. | २०६३/५/६ | इजरायल | इजरायलका महामहिम राजदूत श्री ड्यान स्टाव | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २०. | २०६३/५/९ | अमेरिका | अमेरिकाका Congressional भ्रमण टोली | |
| २१. | २०६३/५/१२ | अमेरिका | अमेरिकी कांग्रेसका सदस्य तथा Sub - Committee on Foreign Operations का अध्यक्ष श्री जीन कोल्वे | अमेरिकी महामहिम राजदूत श्री जेम्स एफ मोरियार्टी र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २२. | २०६३/५/१२ | स्विट्जरल्याण्ड | स्विट्जरल्याण्डका Federal Department of Foreign Affairs, Political Division for Human | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |

| सि.नं | मिति | देश | भेटघाट गर्नुहुने पदाधिकारीहरु | सो अवसरमा उपस्थित पदाधिकारीहरु |
|---|---|---|---|---|
| | | | Security, Peace Policy Head श्री स्टीफन हुसे | |
| २३. | २०६३/५/१६ | जापान | जापानका संसदका सदस्यहरु मा. श्री तादाहिको इतो, मा. श्री तक्सियानो, मा. श्री तेसिकि नाकाइ | जापानका महामहिम राजदूत श्री ट्यूटोमो हिराओका र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २४. | २०६३/५/१८ | अन्तर्राष्ट्रिय | अन्तर्राष्ट्रिय पत्रकार महासंघका अध्यक्ष श्री क्रिस्टोफर वोस, International Media Support का कार्यकारी निर्देशक श्री जेस्पर हार्जोग र अर्टिकल १९ का वरिष्ठ सदस्य श्री टोवी मेन्डल | पत्रकार महासंघका अध्यक्ष श्री बिष्णु निष्ठुरी र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २५. | २०६३/६/६ | डेनमार्क | डेनमार्कका Development Cooperation Minister श्रीमती उला टोरन्याइस | डेनमार्कका महामहिम राजदूत श्री फिन थिलस्टेड र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २६. | २०६३/६/९ | फ्रान्स | French Senators श्री कुलिन व्योन, श्री रेपिन्टिन थियरी र श्रीमती कम्मरमेन कृस्टेन | फ्रान्सका महामहिम राजदूत श्री माइकल जोलिभेट र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २७. | २०६३/६/६ | अष्ट्रिया | अष्ट्रियाका महामहिम राजदूत डा. जुटा स्टेफन व्यास्टल | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २८. | २०६३/७/२१ | इजिप्ट | इजिप्ट गणतन्त्रका महामहिम राजदूत श्री अब्देलहमिद महमुद सोलियम्यान | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| २९. | २०६३/७/२१ | UNDP | National Human Rights Commission का लागि UNDP का Senior Human Right Advisor श्री क्येथ डि लिस्ले | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३०. | २०६३/७/२९ | बंगलादेश | बंगलादेशका महामहिम राजदूत श्री इमितिजा अहमद | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३१. | २०६३/७/३० | अमेरिका | अमेरिकाका Assistant Secretary of State for South and Central Asian Affairs श्री रिचार्ड व्याउसर | अमेरिकी महामहिम राजदूत श्री जेम्स एफ मोरियार्टी र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |

| सि.नं | मिति | देश | भेटघाट गर्नुहुने पदाधिकारीहरु | सो अवसरमा उपस्थित पदाधिकारीहरु |
|---|---|---|---|---|
| ३२. | २०६३/८/५ | भारत | भारत सरकारका विदेश सचिव श्री शिव शंकर मेनन | भारतका महामहिम राजदूत श्री शिव शंकर मुखर्जी र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३३. | २०६३/८/१५ | डेनमार्क | डेनमार्कको संसदको Foreign Affairs Committee का सदस्यहरु श्री स्टिन ग्याड, श्री याविन्ड व्यासिलबो, सुश्री कृस्टेन व्यास्बोल | डनमार्कका महामहिम राजदूत श्री फिन थिलस्टेड र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३४. | २०६३/८/२६ | अमेरिका | अमेरिकी महामहिम राजदूत श्री जेम्स एफ मोरियार्टी | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३५ | २०६३/८/२६ | इजरायल | इजरायलका महामहिम राजदूत श्री ड्यान स्टाव | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३६. | २०६३/९/३ | चीन | चीनको सम्पादक समाजका अध्यक्ष श्री गुई ज्यओफिङ्गज्यूको नेतृत्वमा आएको प्रतिनिधि मण्डल | चीनका महामहिम राजदूत श्री सून हेपिङ्गि र संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३७. | २०६३/९/१८ | कोरिया | Democratic Republic of Korea का महामहिम राजदूत श्री ह्वाङ्ग योङ्ग व्हान | संसदका महासचिव श्री सूर्य किरण गुरुङ |
| ३८. | २०६३/९/३० | चीन | Standing Committee of NPC का उपाध्यक्ष श्री लि टाइङ्गज्यूको नेतृत्वमा आएको २० सदस्यीय प्रतिनिधि मण्डल | मा. श्री राधेश्याम अधिकारी, मा. श्री श्रीमाया थकाली, संसदका महासचिव श्री सूर्य किरण गुरुङ र चीनका महामहिम राजदूत श्री सून हेपिङ्ग |

## ५०. बैठकको भौतिक संरचनामा हेरफेर

अन्तरिम संविधान, २०६३ जारी भएपछि  सात राजनैतिक दल र ने.क.पा.(माओवादी) को सहभागितामा ३३० सदस्यीय व्यवस्थापिका-संसद गठन हुने विषयमा सहमति भएपछि उक्त व्यवस्थापिका-संसदको बैठक संचालन गर्न प्रतिनिधि सभा भवनमा रहेको मौजुदा २३७ सीट संख्याबाट बढाएर कम्तिमा ३३० सिट बनाउनुपर्ने भएकोले दर्शक दिर्घा, विशिष्ट व्यक्तिहरुको दिर्घा र पत्रकार दिर्घाका केही सिटहरु कटाएर मा. सदस्यहरु बस्ने बैठक दिर्घाको सिट संख्यामा १०३ थप गर्ने कार्य भयो । साथै प्रतिनिधि सभा ग्यालरीको बीच बीचमा रहेका

कलात्मक खम्बाहरुले मा. सदस्य र मा. सभामुखको बीच प्रत्यक्ष (Face to Face) सम्पर्क हुन सम्भव नदेखिएकोले सो समस्या समाधान गर्न CCTV जडान गर्ने कार्य सम्पन्न भएको छ । उक्त कार्य सम्पन्न गर्नको लागि संसद सचिवालयलाई १० दिनको समय लागेको थियो । उपरोक्त भौतिक संरचनामा हेरफेर गर्नका लागि रु १४, ७२, २५९/- खर्च भएको थियो ।

## ५१. गोष्ठी र अन्तरक्रिया

प्रतिनिधि सभाबाट गठित वार्ता प्रक्रिया संसदीय अनुगमन समितिको आयोजनामा "हतियार व्यवस्थापन समस्या र समाधान" विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम मिति २०६३ साल भाद्र ३ गते शनिवार विरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा डा. इन्द्रजीत राई, डा. बिष्णुराज उप्रेती र रथी (अ.प्रा.) श्री चित्रबहादुर गुरुङ्गबाट प्रस्तुत कार्यपत्रमा विस्तृत छलफल भएको थियो । सो अन्तरक्रियाको विस्तृत प्रतिवेदन संसद सचिवालयले तयार गरेको थियो ।

## ५२. लोगो बितरण

कार्यव्यवस्था परामर्श समितिको मिति २०६३ भाद्र १३ गतेको निर्णय अनुसार पुर्नस्थापित प्रतिनिधि सभाका मा. सदस्यहरुलाई नयाँ लोगो बितरण गरियो ।

## ५३. अन्तरिम संविधान जारी

प्रतिनिधि सभाको २०६३ पुष ३० गतेको बैठकमा "नेपालको अन्तरिम संविधान, २०६३" प्रस्तुत भयो । माघ १ गतेको बैठकले संविधान उपर सैद्धान्तिक छलफल गऱ्यो भने सोही दिनको प्रतिनिधि सभाको अर्को बैठकले मा. सदस्यहरुले राख्नुभएको संशोधन उपर छलफल गर्दै मत बिभाजनद्वारा नेपालको छैठौं संविधानको रुपमा अन्तरिम संविधान, २०६३ सर्वसम्मतिले जारी गरियो । सो अन्तरिम संविधान जारी गरियोस् भनी मा. प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । अन्तरिम संविधान जारी गर्ने क्रममा मत बिभाजन गर्दा नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियोस् भन्ने प्रस्तावमा मतदान गर्नुहुने कुल १८५ जना मा. सदस्यहरु मध्ये जारी गरियोस् भन्ने प्रस्तावको पक्षमा १८५ र विपक्षमा शुन्य मत परेको थियो । अन्तरिम संविधानको धारा १, ३, ४, ५, ७, ८, १२, १५, १६, १९, २०, २१, २२, २३, २४, २७, २८, २९, ३०, ३३, ३५, ३६, ३७, ३८, ४०, ४४, ४५, ५१, ५३, ५५, ५६, ६१, ६३, ८०, ८५, १००, १०३, १०५, १०६, ११३, ११७, ११९, १२५, १२६, १२८, १३१, १३४, १३८, १३९, १४१, १४२, १४५, १४९, १५४, १५६, १५७ र १५९ गरी कूल ५७ वटा धारामा १८३ वटा संशोधनहरु प्रस्तुत गरिएका थिए । जसमध्ये मा. श्री

सूर्यबहादुर थापा, मा. श्री नवराज सुवदी र मा. श्री हरी आचार्यले एकल रुपमा र मा. श्री गोविन्दबिक्रम शाह सहित ४ जनाले संयुक्त रुपमा पेश गर्नुभएको संशोधनहरु बैठकमा निर्णयार्थ प्रस्तुत गर्दा बहुमतबाट अस्वीकृत भयो भने मा. श्री गोपालप्रसाद कोइराला सहित १९ जना, मा. श्री बिजयकुमार गच्छदार सहित ७ जना र परशुराम मेघी गुरुङ्ग सहित १७ जनाले संयुक्त रुपमा पेश गर्नुभएको संशोधनहरु बैठकबाट फिर्ता लिनुभयो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा कूल २५ भाग र त्यसभित्र १६७ धाराहरु रहेका छन् भने राष्ट्रिय झण्डा बनाउने तरिका, व्यवस्थापिका-संसदका सदस्यहरुको नामावली, हतियार व्यवस्थापन र अनुगमन शुरु भएपछि प्रतिनिधि सभाद्वारा यो संविधान जारी गर्ने र अन्तरिम व्यवस्थापिका-संसदद्वारा अनुमोदन गर्ने सहमति र नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता एवं Agreement on Monitoring of Management of Arms and Armies-8 December, 2006 समावेश भएको ४ वटा अनुसूचीहरु रहेका छन् ।

## ५४. व्यवस्थापिका - संसद

मा. सभामुखले २०६३ माघ १ गतेको पुर्नस्थापित प्रतिनिधिसभाको अन्तरिम बैठकमा अन्तरिम संविधान, २०६३ जारी भए पश्चात् उक्त संविधानको अनुसूची -२ मा समावेश भएका ३२९ सदस्यीय व्यपस्थापिका-संसदका सदस्यहरुको नामावली पढेर सुनाउनु भयो ।

व्यवस्थापिका-संसदका सदस्यहरुको नामावली अनुसूची -१५ मा रहेको छ ।

## अनुसूची-१

## प्रतिनिधि सभाको घोषणा, २०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिता प्रति उच्च सम्मान गर्दै,

स्वतन्त्र र सार्वभौसत्ता सम्पन्न नेपालको राज्यशक्तिको श्रोत जनता रहेको र नेपाली जनताले केही समय अघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको श्रोत जनता मात्र भएको सत्यलाई स्थापति गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सात दल ने.क.पा. (माओवादी) बीचको बाह्र बुँदे समझदारी अनुरुप नेपाली जनताले संविधान सभा मार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनःसंरचना सहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पुरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

“राज्यशक्तिको श्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलन मार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठवन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द लगायत समग्र समस्याहरुको समाधान गर्न” २०६३ बैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापति प्रतिनिधि सभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरुलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरुलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी वहन गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरु प्रयोग गर्नका लागि यो प्रतिनिधि सभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ र राज्यशक्ति यहि प्रतिनिधि सभा मार्फत प्रयोग हुने भएकोले देहाएको घोषणा गर्दछ-

### १.व्यवस्थापिकाका सम्बन्धमा

१.१. नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधि सभाद्वारा प्रयोग गरिनेछ । कानून निर्माण गर्ने प्रक्रिया प्रतिनिधि सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

१.२. संविधान सभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधि सभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

१.३. प्रतिनिधि सभाको अधिवेशनको आह्वान र अन्त्य देहाय बमोजिम हुनेछ -

क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

ख) प्रतिनिधि सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधि सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले सभामुख समक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्रदिन भित्र बस्नेगरी मिति र समय तोक्नुपर्नेछ ।

१.४. प्रतिनिधि सभाले प्रतिनिधि सभा नियमावली बनाइ लागु गर्नेछ ।

**२. कार्यकारिणीका सम्बन्धमा**

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने छ । "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ ।

२.२. प्रतिनिधि सभा सदस्य नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन् ।

२.३. मन्त्रिपरिषद् प्रतिनिधि सभाप्रति उत्तरदयी रहनेछ । मन्त्रीपरिषद् र मन्त्रिहरु सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधि सभाप्रति उत्तरदायी रहनेछन् । प्रशासन, सेना, प्रहरी लगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधि सभाप्रति उत्तरदायी सरकारको मातहतमा रहने छन् ।

२.४. सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधि सभामा प्रस्तुत गरिनेछ ।

**३. सेनाका सम्बन्धमा**

३.१. "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ ।

३.२. राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी बिद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४. सेनाको परमाधिपति सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५. सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३०(तीस) दिन भित्र प्रतिनिधि सभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

३.६. नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

**४. राजपरिषद्का सम्बन्धमा**

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधि सभाले व्यवस्था गरे बमोजिम हुनेछ ।

**५. राजदरवार सम्बन्धमा**

५.१. राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संसोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधि सभामा रहनेछ ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधि सभाको निर्णय बमोजिम हुनेछ ।

५.३. श्री ५ को नीजि सम्पत्ति र आय माथि कानून बमोजिम कर लाग्नेछ ।

५.४. श्री ५ बाट भए गरेका कामहरुका बारेमा प्रतिनिधि सभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५. विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइनेछ ।

५.६. राजदरवारको सुरक्षा प्रवन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ ।

**६. मुलुकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिनेछ ।**

**७. प्रचलनमा रहेको “राष्ट्रिय गान” लाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।**

**८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।**

**९. विविध**

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधि सभाबाट अधिकार पाएको सम्झी यस प्रति निष्ठावान रही सबैले आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधि सभाले तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासंग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आईपर्ने कुनैपनि वाधा अड्काउ प्रतिनिधि सभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ङ) उपरोक्त खण्ड (ग) ‘र’ (घ) को प्रयोजनका लागि प्रतिनिधि सभामा एक समिति रहनेछ ।

***

## अनुसूची-२

अधिवेशनकालको बैठक विवरण

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १. | २०६३/०१/१५ | ५:०० | ५:३० |
| २. | २. | २०६३/०१/१७ | ४:३५ | ८:३० |
| ३. | ३. | २०६३/०१/१९ | ३:३५ | ४:३० |
| ४. | ४. | २०६३/०१/२१ | २:२० | ६:५५ |
| ५. | ५. | २०६३/०१/२२ | १२ :०० | ४:१५ |
| ६. | ६. | २०६३/०१/२४ | ११ :३५ | ५:४० |
| ७. | ७. | २०६३/०१/२७ | १:४५ | ७:३५ |
| ८. | ८. | २०६३/०१/२८ | ३:४० | ५:१५ |
| ९. | ९. | २०६३/०१/२९ | ४:१० | ४:३० |
| १०. | १०. | २०६३/०१/३० | ३:४० | ६:१५ |
| ११. | ११. | २०६३/०२/०१ | ३:१० | ३:४५ |
| १२. | १२. | २०६३/०२/०४ | ३:०० | ४:४० |
| १३. | १३. | २०६३/०२/०८ | ३:५५ | ४:४० |
| १४. | १४. | २०६३/०२/१० | २:२० | ६:२० |
| १५. | १५. | २०६३/०२/११ | १:२५ | ४:२० |
| १६. | १६. | २०६३/०२/१५ | १:२० | ४:२० |
| १७. | १७. | २०६३/०२/१६ | ३:५० | ५:१० |
| १८. | १८. | २०६३/०२/२१ | २:२० | ७:२५ |
| १९. | १९. | २०६३/०२/२४ | १:५५ | ५:४० |
| २०. | २०. | २०६३/०२/२७ | ४:३० | ७:४५ |
| २१. | २१. | २०६३/०२/२९ | ४:५ | ४:२० |
| २२. | २२. | २०६३/०३/०१ | ६:४५ | ७:४५ |
| २३. | २३. | २०६३/०३/१८ | ११:४५ | ४:४० |
| २४. | २४,<br>२५ | २०६३/०३/१९ | ३:०७<br>५:१५ | ३:१२<br>६:१५ |
| २५. | २६ | २०६३/०३/२० | १२:५ | १२:१० |
| २६. | २७,<br>२८ | २०६३/०३/२५ | ११:१५<br>१:३० | ११:४०<br>५:३० |
| २७. | २९ | २०६३/०३/२६ | १०:२० | ७:२५ |
| २८. | ३०,<br>३१ | २०६३/०३/२७ | १०:०८<br>४:३५ | ३:०५<br>६:५५ |
| २९. | ३२,<br>३३ | २०६३/०३/२८ | ४:२०<br>७:२५ | ६:००<br>९:३० |
| ३०. | ३४ | २०६३/०३/३० | ११:३५ | ७:०० |
| ३१. | ३५, | २०६३/०३/३१ | ११:१० | ११:१३ |

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| | ३६ | २०६३/०३/३१ | ११:५५ | ७:०० |
| ३२. | ३७ | २०६३/०३/३२ | २:१५ | ६:१० |
| ३३. | ३८ | २०६३/०४/०५ | ११:२० | १:४० |
| ३४. | ३९ | २०६३/०४/०७ | ११:३५ | ५:५० |
| ३५ | ४० | २०६३/०४/०८ | ११:५५ | ४:३५ |
| ३६. | ४१ | २०६३/०४/०९ | ११:३० | ५:२० |
| ३७. | ४२ | २०६३/०४/१० | ११:४५ | ४:०० |
| ३८. | ४३ | २०६३/०४/११ | ११:२५ | ४:०५ |
| ३९. | ४४ | २०६३/०४/१२ | ११:३० | ५:२० |
| ४०. | ४५ | २०६३/०४/१४ | ११:१५ | ७:१० |
| ४१. | ४६ | २०६३/०४/१५ | १२:१० | ५:४५ |
| ४२. | ४७ | २०६३/०४/१६ | ११:१० | ६:०० |
| ४३. | ४८ | २०६३/०४/१७ | ११:५० | ६:०५ |
| ४४. | ४९ | २०६३/०४/१८ | ११:४० | ४:२५ |
| ४५. | ५० | २०६३/०४/१९ | ११:५० | ५:२० |
| ४६. | ५१ | २०६३/०४/२१ | ११:४५ | ४:५५ |
| ४७. | ५२ | २०६३/०४/२२ | १२:०५ | ३:५५ |
| ४८. | ५३ | २०६३/०४/२३ | १२:१० | ४:२० |
| ४९. | ५४ | २०६३/०४/२६ | ११:२० | ४:२० |
| ५०. | ५५ | २०६३/०४/२८ | ११:४५ | ५:१५ |
| ५१. | ५६ | २०६३/०४/२९ | ११:५५ | ७:२५ |
| ५२. | ५७ | २०६३/०४/३० | ११:२० | २:५० |
| ५३. | ५८ | २०६३/०५/०१ | ११:३० | ४:५५ |
| ५४. | ५९ | २०६३/०५/०२ | ११:३० | ६:०५ |
| ५५. | ६०,<br>६१ | २०६३/०५/०४ | १२:१०<br>१:१५ | १२:१५<br>४:४० |
| ५६. | ६२ | २०६३/०५/०७ | ११:३० | ६:०५ |
| ५७. | ६३ | २०६३/०५/०८ | ११:५० | १:२५ |
| ५८. | ६४ | २०६३/०५/१२ | १२:२५ | ४:२० |
| ५९. | ६५ | २०६३/०५/१३ | १२:२५ | २:३५ |
| ६०. | ६६ | २०६३/०५/१९ | ३:०५ | ५:०० |
| ६१. | ६७ | २०६३/०५/२० | ११:५५ | ३:२५ |
| ६२. | ६८ | २०६३/०५/२५ | ११:५० | ३:०० |
| ६३. | ६९ | २०६३/०५/२७ | ११:५९ | २:४० |
| ६४. | ७०,<br>७१ | २०६३/०५/२८ | ११:४५<br>१:१५ | १२:२०<br>१:३० |
| ६५. | ७२ | २०६३/०६/०१ | ११:४० | २:३० |
| ६६. | ७३ | २०६३/०६/०३ | १२:०५ | २:३० |
| ६७. | ७४,<br>७५ | २०६३/०६/०५ | ११:४५<br>४:१० | ३:४५<br>४:१५ |

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| ६८. | ७६ | २०६३/०६/०६ | १२:१० | १:१० |
| ६९. | ७७ | २०६३/०६/०९ | १:३० | १:०० |
| ७०. | ७८ | २०६३/०६/१० | १:२५ | २:२० |
| ७१. | ७९ | २०६३/०६/१२ | ११:३० | १२:३० |
| ७२. | ८० | २०६३/०६/२५ | ११:४५ | २:४५ |
| ७३. | ८१ | २०६३/०६/२६ | ११:३० | ११:३५ |
| ७४. | ८२ | २०६३/०६/२७ | ११:२५ | १२:४५ |
| ७५. | ८३ | २०६३/०७/१६ | २:३० | ५:१५ |
| ७६. | ८४ | २०६३/०७/२० | ११:५० | १२:३० |
| ७७. | ८५ | २०६३/०७/२१ | ११:३५ | १२:२५ |
| ७८. | ८६ | २०६३/०७/२३ | ११:२५ | २:३० |
| ७९. | ८७ | २०६३/०८/०३ | ११:२५ | ११:३५ |
| ८०. | ८८ | २०६३/०८/०७ | ११:५० | २:२५ |
| ८१. | ८९,<br>९० | २०६३/०८/१० | ११:३०<br>१२:५५ | ११:५५<br>२:३५ |
| ८२. | ९१ | २०६३/०८/१३ | ११:५० | १:४० |
| ८३. | ९२ | २०६३/०८/१५ | २:२० | ३:५० |
| ८४. | ९३ | २०६३/०८/२१ | १२:२८ | १:४५ |
| ८५. | ९४ | २०६३/०८/२९ | १२:३० | १:३० |
| ८६. | ९५ | २०६३/०९/०३ | ११:४५ | १:२० |
| ८७. | ९६,<br>९७ | २०६३/०९/०४ | ११:२५<br>१:३० | १२:४०<br>१:४५ |
| ८८. | ९८ | २०६३/०९/११ | ११:४५ | १:२० |
| ८९. | ९९,<br>१०० | २०६३/०९/१३ | ३:५५<br>४:३० | ४:००<br>४:४० |
| ९०. | १०१ | २०६३/०९/१८ | ११:५० | १:२० |
| ९१. | १०२,<br>१०३ | २०६३/०९/१९ | ११:२०<br>१:३५ | १२:१५<br>४:१५ |
| ९२. | १०४ | २०६३/०९/२३ | २:४५ | ४:१५ |
| ९३. | १०५,<br>१०६ | २०६३/०९/२६ | १:२५<br>३:४० | २:३५<br>४:१० |
| ९४. | १०७ | २०६३/०९/२९ | ४:३५ | ४:५० |
| ९५. | १०८ | २०६३/०९/३० | १:३० | १:३५ |
| ९६. | १०९,<br>११० | २०६३/१०/०१<br>दोस्रो बैठक<br>पुनः दोस्रो बैठक | ९:५५<br>३:२०<br>६:२० | १:५५<br>४:३५<br>८:२५ |

## अनुसूची-३

जरुरी सार्वजनिक महत्वका प्रस्तावहरु

| क.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| १. | मा.प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला | मा.श्री माधवकुमार नेपाल<br>मा.श्री शेरबहादुर देउवा<br>मा.श्री लीलामणि पोखरेल<br>मा.श्री नारायाणमान विजुक्छे<br>मा.श्री हृदयेश त्रिपाठी | संविधान सभाको निर्वाचनमा जाने निर्णय गरियोस् भन्ने विषयको प्रस्तावमा ऐतिहासिक जनआन्दोलनबाट नेपाली जनताले विश्वमा नै नयाँ किर्तिमान स्थापित गरेका छन् । यो महान उपलब्धिको पहिलो श्रेय आफ्नो अमुल्य जीवन गुमाउने शहिदहरुलाई जान्छ । ती सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली र सम्मान अपर्ण गर्दछु भन्नुहुँदै सिंगै राष्ट्रका जनताले यो आन्दोलनमा प्रकट गरेको एकता, महान् त्याग र बलिदानबाट यो सदन पुर्नजीवित भएको छ । अब यो सदनले आन्दोलनमा अभिव्यक्त भएको जनभावना पूरा गर्ने माध्यम बन्नुपर्छ । यो सदनले जनआन्दोलनमा प्रकट भावना, सातदलको मार्ग चित्र र सात दल र ने.क.पा. (माओवादी) बीच भएको १२ बुँदे समभ्रूदारी बमोजिम आफ्नो दायित्व बहन गर्नेछ भन्ने वक्तव्य दिनुभएको । | २०६३/१ /१७ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | मा. श्री दिलेन्द्रप्रसाद बडू | मा.श्री अष्टलक्ष्मी शाक्य (बोहरा)<br>मा.श्री नवराज सुवेदी<br>मा.श्री उमाकान्त चौधरी | शान्तिपूर्ण संयुक्त जनआन्दोलनको क्रममा जीवन बलिदान गर्ने बीर शहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै उनीहरुको सम्झनालाई चिर स्थायी राख्ने स्मारकको निर्माण, शहिद परिवारहरुलाई एकमुष्ट आर्थिक सहायता, शिक्षा र रोजगारीको सुविधा प्रत्याभुत गर्ने निर्णय गर्दछ । जनआन्दोलनको क्रममा अंग भंग भई अपागं भएका वा गम्भिर घाइते भएका योद्धाहरु प्रति पनि हार्दिक सम्मान प्रकट गर्दै | २०६३/१ /२१ | गृह मन्त्रालय |

| क्र.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| | | | औषधोपचार, आर्थिक सहयोग र रोजगारीको उचित प्रवन्ध गर्ने निर्णय गर्दछ । प्रतिनिधि सभाको यो बैठक आन्दोलनको क्रममा घाइते भएका थुपै अन्य आन्दोलनकारीहरुको उचित औषधोपचारको सम्पूर्ण जिम्मा सरकारले बहन गर्ने निर्णय गर्दछ । यसका साथै २०४६ सालको जनआन्दोलनमा शहिद भएका वा गम्भिर घाइते भई अस्वस्थ भएकाहरुको परिवारको हकमा कुनै सुविधा नपाएको भएमा राज्यको तर्फबाट उपरोक्त व्यवस्था गर्न यो बैठक निर्णय गर्दछ । | | |
| ३. | मा.श्री लीलामणी पोखरेल | मा.श्री आनन्दप्रसाद ढुंगाना<br>मा.श्री गोकर्णराज बिष्ट<br>मा.श्री गोविन्दबहादुर शाह | निरंकुश शाही सत्ता विरुद्ध जनआन्दोलन मार्फत राज्यको पुर्नसंरचना गरी समावेशी र सहभागितामूलक लोकतन्त्र तथा दिगो शान्ति स्थापना गरी मुलुकलाई अग्रगमनद्वारा निकास दिने सन्दर्भमा राष्ट्रिय संकट समाधानका लागि साझा सहमति प्रतिवद्धताको घोषणा पत्र २०६२ बैशाख २५, २०६२ असार ४ र २०६२ श्रावण ९ गतेका निर्णयहरु र विभिन्न समयमा जारी मार्गचित्र, बिज्ञप्ति तथा घोषणा मार्फत गरिएका प्रतिवद्धताहरु र ने.क.पा.माओवादी तथा सात राजनैतिक दलबीच २०६२ मार्ग ७ मा भएको १२ बुँदे पहिलो तथा चैत्र ६ गते दोस्रो समझदारी सम्पन्न भएको छ । उक्त घोषणा, समझदारी, बिज्ञप्ति तथा निर्णयहरु निरंकुशता विरुद्धको शान्तिपूर्ण संयुक्त जनआन्दोलनका ठोस आधार भएको यो बैठक अनुभूति गर्दछ । तसर्थ उक्त घोषणा, समझदारी, बिज्ञप्ति तथा निर्णयहरुमा व्यक्त प्रतिवद्धताहरुलाई यो प्रतिनिधि सभाको बैठक पूर्ण सम्मान गर्दै अनुमोदन गर्दछ । साथै आफ्ना प्रतिवद्धताहरुलाई पूर्णतः इमान्दार रही कार्यान्वयन गर्न सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछ । | २०६३/१/२१ | गृह मन्त्रालय |

| क्र.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| ४. | मा. श्री होमनाथ दाहाल | मा.श्री विजय सुब्बा<br>मा.श्री डिलाराम आचार्य<br>मा.श्री अर्जुनप्रसाद जोशी | शान्तिपूर्ण संयुक्त जनआन्दोलनका क्रममा ललितपुरको मंगलबजारमा २०६२ जेठ २० मा सम्पन्न भएको तेस्रो प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरुको बैठकले प्रतिनिधि सभाको पुर्नस्थापना पश्चात प्रतिनिधि सभा सदस्यको हैसियतमा विघटित अवधिको पारिश्रमिक तथा भत्ता तथा सुविधा वापत कुनैपनि रकम लिने छैन भनी व्यक्त गरेको प्रतिवद्धता अनुरुप यो बैठक उक्त विघटित अवधिको परिश्रमिक भत्ता तथा अन्य सुविधा वापतको कुनै रकम नलिने घोषणा गर्दछ । साथै चालू बैठकको बैठक भत्ताको पूरै रकम जनआन्दोलनका घाइतेहरुको उपचार कोषमा प्रदान गर्ने घोषणा गर्दछ । | २०६३/१/२१ | गृह मन्त्रालय |
| ५. | मा. श्री इश्वर पोखरेल | मा.श्री तिर्थ राम डंगोल<br>मा.श्री चित्रबहादुर के.सी.<br>मा.श्री खेमराज भट्ट मायालु<br>मा.श्री हृदयेश त्रिपाठी | शान्तिपूर्ण जनआन्दोलनको क्रममा निरंकुश शाही सत्ताद्वारा आन्दोलनकारी एवं सर्वसाधारण माथि भएको ज्यादती, मानव अधिकारको उल्लंघन एवं हत्या, यातना लगायत क्रुरता पूर्वक दमनका घटनाहरु माथि छानविन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गरी दोषी माथि कारवाही गर्न यो सदन सरकारलाई निर्देश गर्दछ । | २०६३/१/२१ | गृह मन्त्रालय |
| ६. | मा. श्री रमेश लेखक | मा.श्री धर्मनाथ प्रसाद शाह<br>मा.श्री परि थापा<br>मा.श्री रामकुमार चौधरी | माघ १९ गतेको असंवैधानिक तथा अप्रजातान्त्रिक घोषणा पछि शाही सत्ताको निरंकुशतालाई सबल गर्न प्रजातन्त्रवादी नेता कार्यकर्ताको तेजोवध गरी चरित्र हत्या गर्ने दुर्नियतले अप्रजातान्त्रिक, असंवैधानिक तथा प्राकृतिक न्यायका सिद्धान्तका प्रतिकुल गठन गरिएको शाही आयोगले कथित भ्रष्टाचार नियन्त्रणका नाममा ज्यादतीपूर्ण तवरले गरेको काम कारवाहीको भर्त्सना गर्दै त्यस्ता | २०६३/१/२२ | अर्थ मन्त्रालय |

| क्र.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| | | | ज्यादतीपूर्ण काम कारवाहीमा संलग्न व्यक्तिहरु माथि कडा कारवाही गर्न यो बैठक सरकारलाई निर्देश गर्दछ । | | |
| ७. | मा. श्री सुरेशकुमार कार्की | मा.श्री हरि आचार्य<br>मा.श्री शंकरप्रसाद पाण्डे<br>मा.श्री भरतकुमार शाह | २०६० माघ १९ गते सिराहा क्षेत्र नं. ४ का प्रतिनिधि सभा सदस्य श्री हेमनारायण यादवको षडयन्त्रपूर्ण ढंगले हत्या गरिएको सम्बन्धमा छानविन गरी दोषी माथी कडा कारवाहीको सिफारिश गर्न संसदीय समिति गठन गर्न यो बैठक प्रतिबद्धता व्यक्त गर्दछ । | २०६३/१/२२ | अर्थ मन्त्रालय |
| ८. | मा. श्री राजेन्द्र महतो | मा.श्री बेनुपराज प्रसाई<br>मा.श्री घनेन्द्र बस्नेत<br>मा.श्री टंकप्रसाद राई | सरकार र ने. क. पा.(माओवादी) दुवै पक्षबाट भएको युद्ध विरामको घोषणा पश्चात् सरकारले रेड कर्नर नोटिस तथा आतंककारी घोषणा फिर्ता लिंदै वार्ताको लागि आह्वन्न गरेको र ने.क.पा.( माओवादी) ले पनि वार्ता सम्बन्धमा सकारात्मक जवाफ दिएकोमा यो बैठक दुबै पक्षको सकारात्मक प्रयासलाई स्वागत गर्दछ । प्रस्तुत सन्दर्भमा विगतको अनुभवलाई दृष्टिगत गर्दै अविलम्ब आचार संहिताको निर्माण र वार्ता प्रारम्भ गर्न सरकारलाई निर्देश गर्दै यो बैठक वार्ताको सम्पूर्ण प्रक्रियाको संसदीय अनुगमन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । | २०६३/१/२४ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ९. | मा. श्री प्रदिपकुमार ज्ञवाली | मा.श्री रामबहादुर विष्ट<br>मा.श्री मोहनबहादुर बस्नेत | नेपालमा निरंकुश सत्ता विरुद्ध लोकतन्त्र स्थापनार्थ पटक पटक जनताले आन्दोलन गर्नुपरेको छ । २००७, २०३६, २०४६, र २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन विशेष रुपमा उल्लेखनीय रहेका छन् । लोकतन्त्र स्थापनार्थ भएका यी जनआन्दोलनमा राष्ट्रसेवक निजामती कर्मचारी, शिक्षक, प्राध्यापक, इन्जिनियर, कानून व्यवसायी, बैंक तथा वित्तिय सेवा संस्थानहरु, स्वास्थ्य र वन प्राविधिक क्षेत्रमा कार्यरत कर्मचारीहरुले समेत आफ्नो जागिर र | २०६३/१/२८ | अर्थ मन्त्रालय |

| क.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| | | | जीवनलाई समेत खतरामा राखेर महत्वपूर्ण भूमिका निभाएका छन् । २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन (भाग २) को क्रममा २०६२/१२/३० गते आन्दोलनका नेतृत्वकर्ता सात प्रमुख राजनैतिक दलहरुका शिर्षस्थ नेताहरुद्वारा कर्मचारीहरुलाई आन्दोलनमा सामेल हुन आव्हान गर्दै लोकतन्त्र वहाली भएमा सबै पेशा कर्मीहरुलाई ट्रेड युनियन अधिकार स्थापित गर्ने प्रतिबद्धता व्यक्त भएको कुरालाई समेत स्मरण गर्दै जनआन्दोलनबाट स्थापित यो प्रतिनिधि सभा राष्ट्रसेवक कर्मचारीहरुको लोकतन्त्र प्राप्तिको प्रतिबद्धता र चाहनाको कदर गर्दै सुरक्षा सेवामा कार्यरत राष्ट्रसेवक, रा.प. प्रथम श्रेणी र सो भन्दा उच्च तहका राष्ट्रसेवक र व्यवस्थापकीय कार्य गर्नुपर्ने कार्यालय प्रमुख बाहेक निजामती कर्मचारी लगाएतका सम्पूर्ण पेशाकर्मीहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धी अनुसारका ट्रेड युनियनका आधारभूत अधिकारहरु प्रदान गर्ने संकल्प गर्दछ । सो अनुसार श्रम ऐन र ट्रेड युनियन ऐनमा तत्काल आवश्यक कानूनी व्यवस्था गर्न सरकारलाई निर्देश गर्दछ । | | |
| १०. | मा.श्री दिलेन्द्र प्रसाद बडू | मा.श्री राजेन्द्रप्रसाद पाण्डे<br>मा.श्री रमेश लेखक<br>मा.श्री डिलाराम आचार्य | प्रतिनिधि सभाको सभामुख पद केही दिनदेखि रिक्त रहेकोले मिति २०६३ बैशाख ३० गते शनिवारका दिन सभामुख पदको निर्वाचन गरियोस् भनी प्रतिनिधि सभाको यो बैठक प्रस्ताव गर्दछ । | २०६३/१/२९ | कुनै मन्त्रालयसंग सम्बन्धित नभएको |
| ११. | मा. श्री भरतमोहन अधिकारी | मा.श्री डिल्लीराज खनाल | अहिले देशको आर्थिक स्थिति ज्यादै नाजुक रहेको अवस्थामा जनआन्दोलनले स्थापित गरेको संसद र सरकार मार्फत आर्थिक संकट समाधान गर्दै अहिलेको राजनीतिक मुद्दामा सहयोगी भूमिका निभाउने गरी आर्थिक नीति अगाडि बढाउन जरुरी भएको । | २०६३/२/१० | अर्थ मन्त्रालय |

| क्र.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| १२. | मा. श्रीमती विद्यादेवी भण्डारी | मा.श्री कमला पन्त (आचार्य)<br>मा.श्री नवराज सुवेदी | आमा वा बाबु मध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखि हाललाई कम्तिमा एक तिहाई महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, त्यस्तै विभेदकारी कानूनको खारेजी गर्न र महिला प्रति हुने गरेका हिंसा अन्त्य गर्न जरुरी भएको । | २०६३/२/१६ | गृह मन्त्रालय |
| १३. | मा.श्री परशुराम मेघी गुरुङ्ग | मा.श्री हरि आचार्य<br>मा.श्री रामहरि ढुंगेल<br>मा.श्री टंकप्रसाद राई<br>मा.श्री गोविन्दबिक्रम शाह | संविधान सभाको घोषणा भैसकेको सन्दर्भमा संविधान सभाको गठन तथा संविधान निर्माण गर्ने सम्पूर्ण प्रक्रियामा सहभागी गराई छुवाछुत प्रथाको सम्पूर्ण विभेदकारी नीति र कार्यको अन्त्य गरी उत्पीडित दलित जातिलाई राष्ट्रको मूलधारमा समावेश गरी समतामुलक समाजको निर्माण गर्न त्यस्ता उत्पीडित जातिको तथ्याङ्क संकलन गरी गरिवीको रेखामुनि रहेका उत्पीडित दलित जातीलाई शिक्षा, स्वास्थ्य र रोजगारको उचित प्रवन्ध गर्न विशेष आर्थिक कार्यक्रम संचालन समेत गरी छुवाछुत र भेदभाव मुक्त राष्ट्र नेपाल घोषणा गरियोस् । | २०६३/२/२१ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| १४*. | मा.डा. रामवरण यादव | मा.श्री शेरधन राई<br>मा.श्री प्रकाशबहादुर गुरुङ्ग | प्रजातन्त्रको पुनर्स्थापनाको लागि सात राजनैतिक दलहरुबाट संचालित जन आन्दोलनमा शाही सरकारबाट भएको हिंसा, आतंक, दमनबाट हजारौंको संख्यामा सर्वसाधारण नागरिकहरु, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरुमध्ये केहीको ज्यान गएको र हजारौंको संख्यामा घाईते भएका मध्ये केहीको तत्काल उपचार भएको, | २०६३/३/१८ | गृह मन्त्रालय |

* क्रम संख्या १४ देखि तलका प्रस्तावहरु छलफल मात्र भई सम्बन्धीत मन्त्रीले जवाफ दिने कार्य भयो ।

| क.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| | | | केहीको आजसम्म पनि अधिराज्यका विभिन्न अस्पतालहरुमा उपचार भईरहेको र केही अपाङ्ग भएका छन् । जन आन्दोलनको क्रममा शहिद हुने नेपाली आमाका सपुतहरुको आश्रित परिवारलाई र घाइतेहरुको आजसम्म पनि उचित राहत र उपचारको व्यवस्था हुन सकेको छैन र घाइते, अपाङ्ग तथा कुरुवाहरुको उचित उपचार र राहतको व्यवस्थाको लागि नेपाल सरकारले सक्दो सहयोग उपलब्ध गराओस् । | | |
| १५. | मा.श्री रामकुमार चौधरी | मा.डा. वंशीधर मिश्र<br>मा.श्री भरतकुमार शाह | तराई तथा अन्य क्षेत्रका अधिकांश नेपाली जनताले नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित रहेको वास्तविकतालाई मध्यनजर राख्दै प्रतिनिधि सभाको २०६३ जेठ ४ गतेको ऐतिहासिक घोषणाबाट समेत नागरिकता सम्बन्धी समस्या समाधान गर्ने वर्तमान सरकारले प्रतिबद्धता व्यक्त गरिसकेको सन्दर्भमा र मुलुक संविधान सभाको प्रक्रियामा प्रवेश गरिसकेको अवस्थामा नागरिकता प्रमाणपत्र नपाएकै कारणले अधिकाशं तराई बासी तथा अन्य क्षेत्रका नेपाली नागरिकहरु संविधान सभाको मतदानबाट वञ्चित हुन सक्ने सम्भावनालाई मध्यनजर राखी नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित रहेका सम्पूर्ण नेपालीहरुलाई सरल र सहज तरिकाले सरकारले अविलम्ब नागरिकताको प्रमाणपत्र उपलब्ध गराओस् । | २०६३/४/१४ | गृह मन्त्रालय |
| १६. | मा. श्री होमनाथ दाहाल | मा.श्री रघुजी पन्त<br>मा.श्री पूर्णबहादुर खड्का | प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक एवं सम्पूर्ण नेपाली आम संचारकर्मीहरुको पेशागत हक, हित र अधिकारको संरक्षण गर्न, जनआन्दोलनमा प्रेसले खेलेको भूमिकाको सम्मान गर्न, नेपाली संचार क्षेत्रको दीर्घकालीन पुनः संरचना गर्न र प्रतिनिधि सभाको | २०६३/४/१६ | सूचना तथा सञ्चार मन्त्रालय |

| क्र.सं. | प्रस्तावक सदस्य | समर्थक सदस्य | प्रस्तावको विषय | पारित मिति | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|---|---|
| | | | गत जेठ ४ गतेको घोषणा अनुरुप संचार क्षेत्रलाई अगाडि बढाउने कार्यमा संसदले पनि भूमिका खेल्न संसदीय कार्यदल गठन गरियोस् । | | |
| १७. | मा.श्री कमला पन्त (अचार्य) | मा.श्री सोमप्रसाद पाण्डेय | आधारभूत आवश्यकता समेतको अभावमा जीवनयापन गर्न बाध्य बालबालिका, महिला, अपाङ्ग, बृद्ध-बृद्धा, असहाय, दलित, जनजाती एवं आदिवासी माथि सामाजिक सुरक्षा प्रदान गर्न उनीहरुको जीवनयापनमा उल्लेखनीय सुधार ल्याउने गरी नीतिगत एवं कानूनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याउन तथा विद्यालय शिक्षा, आधारभूत स्वास्थ्य एवं जिविकोपार्जनलाई मौलिक हकको रुपमा प्रत्याभूत गर्न जरुरी भएकोले । | २०६३/४/१७ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| १८. | मा.डा. रामवरण यादव | मा.श्री शंकर नाथ शर्मा अधिकारी<br>मा.श्री गंगाप्रसाद नेपाल<br>मा.श्री रामकुमार चौधरी<br>मा.श्री सोहनप्रसाद चौधरी<br>मा.श्री गोरखबहादुर बोगटी<br>मा.श्री रामबहादुर विष्ट<br>मा. श्री आनन्दप्रसाद ढुंगाना | अन्नको भण्डारको रुपमा रहेको तराइ तथा भित्री मधेश लगायत पहाडी एवं हिमाली क्षेत्रमा पानी नपरि अनिकालको स्थिति सृजना भएको छ । वर्षाको कमीको कारण धान एवं मकै वालीको उब्जनी न्यून हुनजाने स्थिति देखा परेको छ । तसर्थ उक्त वर्षा नभएका क्षेत्रहरुलाई सुख्खा क्षेत्र घोषणा गरी कृषकहरुलाई उचित राहत उपलब्ध गराउन र सुख्खा पिडित कृषकहरुलाई मल तथा विउविजनमा अनुदान दिई सिंचाईको व्यवस्था समेत मिलाउन र हिउँदे वालि लगाउने कृषकहरुलाई सुपथ मुल्यमा मल, विउ विजन र सिंचाईको व्यवस्था नेपाल सरकारले मिलाओस् । | २०६३/५/२ | कृषि तथा सहकारी मन्त्रालय |

## अनुसूची-४

मा.मन्त्रीहरुद्वारा सार्वजनिक महत्वको विषयमा वक्तव्य

| क्र.सं. | वक्तव्य दिएको विषय | वक्तव्य दिएको मिति | वक्तव्य दिने मा. मन्त्री |
|---|---|---|---|
| १. | शाही नेपाली सेनाको गाडिले बबरमहलमा अर्को गाडीलाई दिएको ठक्करको विषयमा र अन्य सार्वजनिक महत्वको विषयमा । | २०६३/१/२२ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| २. | सुनसरीको झुम्कामा टेम्पो दर्घटनामा परि १३ जना वालवालिकाको मृतकका परिवारलाई उचित राहत प्रदान र सत्य-तथ्य छानविन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिएको विषयमा । | २०६३/१/२७ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| ३. | जनआन्दोलनका घाइतेहरुको उपचारमा सहयोग गर्नेहरुलाई धन्यवाद दिनुका साथै सर्लाहीका प्रमुख जिल्ला अधिकारीको रिहाइको लागि ने.क.पा.(माओवादी) संग अपिल गर्नुभयो र त्यस्तै ६ वटा प्रतिगामी अध्यादेशहरु खारेज भएको र अन्य यस्ता अध्यादेश खारेज गर्ने क्रममा रहेको र मातृका यादव र सुरेश आलेमगरलाई रिहाइको लागि सम्बन्धित ठाउँमा निर्देशन दिएको विषयमा । | २०६३/१/२८ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| ४. | अर्थतन्त्रको वर्तमान अवस्था सम्बन्धी स्वेत पत्र बारे जानकारी दिएको विषयमा । | २०६३/२/१ | मा.अर्थमन्त्री डा. रामशरण महत |
| ५. | प्रतिनिधि सभाको घोषणा, २०६३ लाई पढेर सुनाउन सभामुख समक्ष प्रस्तुत गर्नुभयो र मा. सभामुख श्री सुभाष नेम्वाङ्गले प्रतिनिधि सभाको घोषणा बैठकमा पढेर सुनाउनु भयो । | २०६३/२/४ | मा.प्रधानमन्त्री तथा रक्षा मन्त्री श्री गिरिजाप्रसाद कोइराला |
| ६. | जनआन्दोलनको अवधिमा करदाताहरुले बुझाउनु पर्ने सरकारी दै-दस्तुर एवं विवरणहरु म्याद भित्र बुझाउन नसक्नेलाई जरिवाना छुट दिने निर्णय गरेको विषयमा । | २०६३/२/८ | मा.अर्थमन्त्री डा. रामशरण महत |
| ७. | माओवादीसंग वार्ता गर्न गृह मन्त्री श्री कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा ३ सदस्यीय वार्ता टोली गठन । कृषिमन्त्री श्री महन्थ ठाकुरको संयोजकत्वमा विद्यमान कानूनमा व्यापक सुधार र परिमार्जन गर्न गठित कानून सुधार सुझाव आयोगले छिट्टै मन्त्रिपरिषद् समक्ष पेश गर्ने र मन्त्रिपरिषद् कार्य सञ्चालन नियमावली संशोधन गर्न मन्त्रिपरिषद् क्रियाशिल रहेको जनआन्दोलनका क्रममा हटाइएका कर्मचारीहरुलाई पुर्नबहाली गर्ने निर्णय, बेपत्ता पारिएका नागरिकहरुका सम्बन्धमा छानविन गरी सत्य तथ्य सार्वजनिक गर्न एक | २०६३/२/११ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |

| क्र.सं. | वक्तव्य दिएको विषय | वक्तव्य दिएको मिति | वक्तव्य दिने मा. मन्त्री |
|---|---|---|---|
| | सदस्यीय आयोग गठन, थुनामा रहेका माओवादीलाई मुद्दा फिर्ता लिने कार्य जारी, लुम्बिनी अंचल अस्पताल र एभरेष्ट नर्सिङ्ग होममा अराजक तत्वको घुसपैठ रहेको जानकारी दिएको विषयमा । | | |
| ८. | ने.क.पा.(माओवादी) र नेपाल सरकारबीच २५ बुँदे युद्धविराम आचारसंहिता बारे जानकारी दिएको विषयमा । | २०६३/२/१५ | मा.गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |
| ९. | सेना परिचालन गर्ने विषयमा मन्त्रिपरिषद्ले कुनै निर्णय नगरेको, बर्दियामा माओवादी कार्यकर्ताको गोली प्रहारबाट हत्या भएको विषयमा सरकारले आवश्यक कार्यवाही गर्न निर्देशन दिईसकेको र देशमा अहिले भएको परिवर्तनलाई आत्मसात गर्न नसक्ने, परिवर्तन प्रति असन्तुष्ट तत्वहरुले असामाजिक कृयाकलाप देखाउन खोजेकोले सो गतिविधि रोक्न आवश्यक निर्देशन दिईसकेको विषयमा । | २०६३/२/१६ | मा. गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |
| १०. | प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले २०६३ जेठ २३ देखि २६  गतेसम्म भारतको ४ दिने सद्भावना भ्रमणको जानकारी दिएको विषयमा । | २०६३/२/२१ | मा.उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री<br>श्री के.पी. शर्मा ओली |
| ११. | भारत भ्रमणबाट लोकतान्त्रिक, शान्तिपूर्ण र समृद्ध नेपाल निर्माण गर्ने विषयमा नेपालद्वारा चालिएका कदम प्रति भारत सरकारबाट पूर्ण सद्भाव र समर्थन प्राप्त भइरहने जानकारी दिएको विषयमा । | २०६३/२/२९ | मा.प्रधानमन्त्री तथा रक्षा मन्त्री<br>श्री गिरिजाप्रसाद कोइराला |
| १२. | भारत भ्रमणको क्रममा भारतले विभिन्न किसिमका निस्वार्थ र  निसर्त आर्थिक सहयोग प्रदान गर्ने जानकारी दिएको विषयमा । | २०६३/२/२९ | मा.अर्थमन्त्री<br>डा. रामशरण महत |
| १३. | सरकार र माओवादी बीच वार्ताको प्रगति र वर्तमान स्थितिबारे जानकारी दिएको विषयमा । | २०६३/३/१८ | मा. गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |
| १४. | प्रधानमन्त्रीको स्वास्थ्य स्थिति बारेमा जानकारी दिएको विषयमा । | २०६३/३/२० | मा.उपप्रधामन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री<br>श्री अमिक शेरचन |
| १५. | कास्कीको दानसिंङ गा.वि.स. मा वाड नं. ९ लगायत मुलुकका विभिन्न भागमा परेको अविरल वर्षाका कारण बाढी पहिरोबाट भएका क्षति र उद्धार कार्यको विवरणका विषयमा । | २०६३/३/३२ | मा.गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |

| क्र.सं. | वक्तव्य दिएको विषय | वक्तव्य दिएको मिति | वक्तव्य दिने मा. मन्त्री |
|---|---|---|---|
| १६. | लेवनानमा रहेका नेपालीहरु हालसम्म हताहत र घाइते नभई सुरक्षित रहेको विषयमा । | २०६३/४/९ | मा.उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री के.पी. शर्मा ओली |
| १७. | भैरवनाथ गणका सेनाको टोलीले दरवारमार्ग स्थित वडा प्रहरी कार्यालयका प्रहरीलाई निर्घात कुटपटि गरेको सम्बन्धमा घटनासंग सम्लग्न क्याप्टेन लगायत जवानलाई निलम्बन गरी हिरासतमा राख्न निर्देशन दिएको र छानविन समिति गठन गरेको विषयमा । | २०६३/४/१४ | मा. गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| १८. | नेपाल सरकार र ने.क.पा.(माओवादी) द्वारा नेपालको समग्र शान्ति प्रक्रिया निर्माणका लागि संयुक्त राष्ट्र संघलाई पठाइएको अनुरोध पत्रको जानकारी दिएको विषयमा । | २०६३/४/२६ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| १९. | बर्दिया जिल्लाका श्री सुशिल ज्ञवालीको हत्यामा संलग्न रहेकालाई कारवाही गर्न स्थानीय प्रशासनलाई निर्देशन दिएको । हालसम्म २५ जिल्लाका ५३ प्रहरी चौकी पुनः स्थापित र अन्यलाई पुनःस्थापित गर्न प्रयत्नशील र विस्थापितलाई घर फर्काउन, घर जग्गा फिर्ता गराउन एवं जवरजस्ती चन्दा असुली रोक्न माओवादीसंग अनुरोध भएको जनकारी दिएको विषयमा । | २०६३/५/२ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| २०. | वर्षाबाट मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चल क्षेत्रका कतिपय स्थानमा बाढी, पहिरो र डुबानबाट प्रभावित क्षेत्रमा उद्धार कार्य संचालन भईरहेको जानकारी दिएको विषयमा । | २०६३/५/१२ | गृह मन्त्रीको तर्फबाट मा. भौतिक योजना तथा निर्माण मन्त्री श्री गोपालमान श्रेष्ठ |
| २१. | विभिन्न सञ्चार माध्ययमबाट नेपाली सेनाका लागि हतियार सहितको कार्गो लिएर युक्रेनी चार्टर बिमान भारत हुँदै नेपाल आउन लागेको र भारतले नेपाल ल्याउन नदिई भारतको अहमदावाद विमानस्थलमा रोकी राखेको भन्ने समाचार आएको प्रति नेपाल सरकारको ध्यानाकर्षण भएको जानकारी दिएको विषयमा । | २०६३/५/१९ | मा. गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| २२. | मकवानपुर, धादिङ र चितवनको बाढी पहिरोबाट प्रभावित गरेको जिल्लाहरुमा तीन लाखको दरले थप राहत उपलब्ध गराइएको । जनआन्दोलनका घाइतेहरुलाई गठित चिकित्सक टोलीको सिफारिसको आधारमा उपचारको व्यवस्था गरिने र स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको आन्दोलनमा गलत तत्व घुस्न नपाउन् भनी कर्मचारीहरुलाई आ-आफ्नो काममा फर्कन आग्रह गरेको विषयमा । | २०६३/५/२५ | मा.उपप्रधामन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री अमिक शेरचन |

| क्र.सं. | वक्तव्य दिएको विषय | वक्तव्य दिएको मिति | वक्तव्य दिने मा. मन्त्री |
|---|---|---|---|
| २३. | मधेशी मुक्ति मोर्चाको जुलुस माथि भएको कारवाहीबाट घाइतेहरुलाई आवश्यक औषधोपचारको व्यवस्था गरिने र संयुक्त राष्ट्र संघको आह्वानमा लेवनान जाने सेनाका लागि धादिङको गजुरीमा सेनाका गाडीहरुले सेनाको सामान लिएर आएको ती सामानहरु युद्धका लागि होइन अतः माओवादीलाई आपसी विश्वास र सहमतिमा ल्याउन आग्रह गरेको विषयमा । | २०६३/५/२८ | मा.गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |
| २४. | सरकारद्वारा बेपत्ता पारिएका नागरिकहरुका सम्बन्धमा काठमाडौंको कोटेश्वरबाट हराएको बालकको खोजीको विषयमा र डोटीमा दलितमाथि भएको घटनाको सम्बन्धमा जानकारी दिएको विषयमा । | २०६३/६/६ | मा. गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |
| २५. | श्री एयरलायन्सको हेलिकोप्टर हराएको र सरकारको तर्फबाट चिन्ता व्यक्त गरेको तथा फेला पार्ने व्यक्ति वा समुदायलाई पुरस्कारको घोषणा गरेको विषयमा । | २०६३/६/९ | मा. संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री<br>श्री प्रदिपकुमार ज्ञवाली |
| २६. | श्री एयरलायन्सको हेलिकप्टर दुर्घटनामा परी वन तथा भू-संरक्षण राज्यमन्त्री गोपाल राई तथा उहाँकी श्रीमती लगायत स्वदेशी र विदेशी व्यक्तिहरुको मृत्यु भएको साथै मृतकका शवहरु ल्याउन हेलिकोप्टरको व्यवस्था गरिएको र दुर्घटनाको जाँच बुझ गर्न श्री केसरीराज पण्डितको अध्यक्षतामा सात सदस्यीय जाँचबुझ समिति गठन एवं राष्ट्रिय शोक मनाउन भोली सार्वजनिक बिदा गरिएको र आधा झण्डा झुकाउने निर्णय गरेको विषयमा । | २०६३/६/१० | मा. संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री<br>श्री प्रदिपकुमार ज्ञवाली |
| २७. | आम जनताको चाहना बमोजिम स्थायी शान्ति बहाली र संविधान सभाको चुनाव सम्पन्न गर्ने उद्देश्यले वार्ता सकारात्मक ढंगले अगाडी बढीरहेको र विभिन्न पक्षबीच छलफल भइरहेको, विगतमा माओवादीद्वारा कव्जा गरिएको घर जग्गा फिर्ता गर्ने सम्बन्धमा एक अर्कालाई लगाइएका सम्पूर्ण अभियोगहरु फिर्ता गर्ने सम्बन्धमा अन्तरिम व्यवस्थापिका, स्वतन्त्र न्यायपालिका, स्थानीय निकायको परिचालन, संविधान सभाले बनाउने राज्यको ढाँचाबारे सैद्धान्तिक सहमती बनाउन सकारात्मक ढंगले छलफल भइरहेको सम्बन्धमा र सांसद कृष्णचरण श्रेष्ठको हत्यामा संलग्न दोषीलाई कठघरामा उभ्याउन अनुसन्धान भइरहेको तथा बालक विवेक शर्मा लुइटेल हत्या काण्डको बारेमा जाँचबुझ आयोगको प्रतिवेदन अनुसार कारवाही गर्न सरकार प्रतिवद्ध रहेको विषयमा । | २०६३/६/२७ | मा.गृह मन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |

| क्र.सं. | वक्तव्य दिएको विषय | वक्तव्य दिएको मिति | वक्तव्य दिने मा. मन्त्री |
|---|---|---|---|
| २८. | बाँकेको तीन गा.वि.स.मा फैलिएको मलेरियाबाट ३१ जनाको मृत्यु भइसकेको, रोगको पहिचान एवं नियन्त्रणको लागि ६ जना डाक्टर र पत्रकार सहितको टोली पुगेको र मलेरिया, इन्सेफलाइटिस र डेगुं रोगको नियन्त्रण गर्न सरकार दृढ रहेको विषयमा । | २०६३/७/१६ | मा.उपप्रधामन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री अमिक शेरचन |
| २९. | सात दल र ने.क.पा (माओवादी) बीच भएको सहमतिले लोकतन्त्र, शान्ति, सम्वृद्धि, अग्रगामी आर्थिक सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै २०६४ जेष्ठ भित्र संविधान सभाको निर्वाचन गर्न मिति २०६३ कार्तिक २२ गते सात दल र ने.क.पा. (माओवादी) का शीर्ष नेताहरुको बैठकबाट भएका निर्णयहरुका विषयमा । | २०६३/७/२३ | मा.प्रधानमन्त्री तथा रक्षा मन्त्री श्री गिरिजाप्रसाद कोइराला |
| ३०. | नेपाल सरकार र ने.क.पा (माओवादी) बीच २०६३ मंसिर ५ मा भएको शान्ति सम्झौताको विषयमा जानकारी गराउँदै सो को प्रति टेवुल गरेको विषयमा । | २०६३/८/७ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| ३१. | कमजोर स्वास्थ्य स्थितिमा रहनु भएका मा. प्रधानमन्त्री तथा रक्षा मन्त्री श्री गिरिजाप्रसाद कोइराला, श्री माधव कुमार नेपाल, श्री शेरबहादुर देउवा, श्री अमिक शेरचनद्वारा गठित शान्ति समितिको सुझावहरुले वार्ता टोलीलाई सफल बनायो । साथै २०६३ मंसिर १२ मा सम्पन्न Agreement on Monitoring of the Manage ment of Arms and Armies सम्बन्धमा भएको सम्झौताको बारेमा जानकारी दिएको विषयमा | २०६३/८/१३ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| ३२. | अन्तरिम संविधान तयार भइसकेको र उक्त संविधान मन्त्रिपरिषद् हुँदै संसदमा प्रस्तुत हुने, हतियार व्यवस्थापनको लागि संयुक्त राष्ट्र संघसंग अनुरोध गरिएको साथै हतियार थन्काउने कन्टेनरहरु विरगञ्ज आइसकेको विषयमा । | २०६३/९/३ | मा. गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |
| ३३. | पुष ११ गते नेपालगञ्ज आसपास क्षेत्रमा तोडफोड र लुटपाट र आगजनी समेतका घटनाको सम्बन्धमा जानकारी गराउँदै स्थानीय निवासी कमल गिरीको दुःखद निधन भएको, कैयौं व्यक्ति घाइते भएको विषयमा तीन सदस्यीय जाँच बुझ आयोग गठन गरेको, उक्त घटनाको निरीक्षण गर्न आठै दलका प्रतिनिधिहरु पुष १३ गते त्यस तर्फ प्रस्थान गरेको विषयमा । | २०६३/९/१३ | मा.गृह मन्त्री श्री कृष्णप्रसाद सिटौला |

## अनुसूची-५

### नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच मिति २०६३ जेष्ठ १२ गते सहमति भएको युद्धविराम आचार-संहिता

**नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच सहमति भएको युद्धविराम आचार-संहिता**

**प्रस्तावना**

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मानव अधिकारको विश्वव्यापि घोषणा पत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरु प्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. (माओवादी) बीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मुल्य मान्यता प्रति प्रतिवद्धता व्यक्त गर्दै,

नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाक धम्की र हिंसाको प्रभाव बिना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै, तथा

लोकतन्त्र, शान्ति, सम्वृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्ययमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचारसंहिता जारी गरिएको छ :

<u>भयमुक्त नागरिक जीवनको सुनिश्चितता</u>

१. एक अर्कालाई उत्तेजित गर्नेगरी कुनै सार्वजनिक वक्तव्य दिने वा यस प्रकारका अन्य कुनै काम नगर्ने,
२. दुवैपक्षले जन समुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने,
३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन विच्छ्याउने वा यम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने,
४. शान्ति सुव्यवस्था कायम राख्न दुवैपक्षले पारस्परिक सहयोग गर्ने,

५. हात हतियार तथा सैनिक व्यवस्थापन बारे आपसी सहमतिका आधारमा आवश्यकता अनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

जनतामा विश्वासको वातावरण निर्माण

१. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनीतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्व्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने,
२. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरुले देशको कुनैपनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवैपक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक तथा शाररिक दवाव नदिने ।

जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

१. युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरु नगर्ने । तर शान्तिपूर्ण ढंगका सभा जुलुसहरु गर्न सकिने ।
२. जनताका आधारभूत सेवा र सुविधा निर्वाद रुपले संचालन हुन दिने ।
३. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढंगले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुर्याउने ।
४. खाद्यान्न, औषधी, विकास निर्माणका सामाग्रीहरु तथा दैनिक उपभोगका वस्तुहरु ओसार पसार गर्न बन्देज नलगाउने र वाधा विरोध नगर्ने ।

शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरुको सुसञ्चालन

१. विद्यालय, कलेज, विश्व विद्यालय, अस्पताल, उपाचार केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानलाई सुचारु रुपले सञ्चालन गर्न दुवैपक्षबाट वातावरणको निर्माण गर्ने ।

सञ्चार माध्ययमबाट शान्ति वार्तालाई सहयोग

१. युद्धविराम, आचार संहिता र शान्ति प्रक्रियाका विषयमा सुचना प्रवाह गर्ने तथा राजनैतिक प्राचार प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१. कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

रिहाइ र पुनस्थापना

१. विभिन्न व्यक्तिहरु माथि दुवैपक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरुलाई रिहाइ गर्दै जाने ।

२. बेपत्ता नागरिकहरुको स्थिति यथाशिघ्र सार्वजनिक गर्ने ।
३. विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।
४. द्वन्दको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कव्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसि सहमतिका आधारमा समाधान नगर्ने ।

वार्ता सहजीकरण

१. वार्तामा संलग्न हुने दुवैपक्षका व्यक्तिहरुको आवागमन एवं गतिविधिमा कुनै प्रकारको वाधा व्यवधान नगर्ने ।

अनुगमन

१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्धारा युद्धविरामको अनुगमन गराउने ।

विविध

१. आचार संहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवैपक्षको सहमतिबाट समस्याको समाधान गरिने ।
२. प्रस्तावनाको भावना अनुरुप यो आचार संहितामा दुवैपक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।
३. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।
४. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने ।

| | |
|---|---|
| ने.क.पा (माओवादी) का तर्फबाट | नेपाल सरकारका तर्फबाट |
| नामः कृष्णबहादुर महरा | नामः कृण्ण प्रसाद सिटौला |

मितिः२०६३/२/१२

## अनुसूची-६

### सात दल र ने.क.पा.(माओवादी) को शीर्ष नेताहरुको २०६३ कार्तिक २२ गतेको बैठकका निर्णयहरु

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र ने.क.पा (माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति र २५ बुँदे आचार संहिता लगायत नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचार संहिता र संयुक्त राष्ट्र संघलाई प्रेसित समान धारणाको पत्राचार प्रति पूर्ण प्रतिवद्धताको पुर्नपुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्दै राज्यको अग्रगामी पुर्नसंरचना गर्नुपर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दाहोऱ्याउँदै,

नेपाली जनताको भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधन सभाको निर्वाचन सम्पन्न गर्ने दुवै पक्षको प्रतिवद्धतालाई कार्यान्वयन गर्न आज मिति २०६३ साल कार्तिक २१ गते सात दल र ने.क.पा. (माओवादी)का शीर्ष नेताहरुको बैठकबाट निम्न लिखित निर्णयहरु भएका छन् ।

### I. विगतका सहमतिहरुको कार्यान्वयन सम्बन्धमा

१. विगतमा गरिएका सबै समझदारी, सहमति र आचारसंहितालाई पूर्णरुपले, इमान्दारितापूर्वक र कडाइका साथ कार्यान्वयन गर्ने गराउने ।

२. बिगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता परिएका भनिएका नागरिकहरुको सम्बन्धमा छानविन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानविन आयोग गठन गर्ने ।

३. कब्जा गरिएका घर जग्गा सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीब्रता दिने । विस्थापितहरु घर फर्किने वातावरणको सुनिश्चितता गर्ने । यसका निम्ति जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने । यी सबै कार्यलाई एक महिना भित्र पूर्णता दिने ।

४. राज्य र ने.क.पा.(माओवादी) द्वारा राजनीतिक नेता तथा कार्यकर्ताहरु माथि लगाइएका सबै आरोप र अभियोगहरु फिर्ता भएको सार्वजनिक घोषणा गर्ने र दुवै तर्फका राजनीतिक बन्दीहरुलाई तुरुन्त रिहा गर्ने ।

## II. सेना र हतियार व्यवस्थापन सम्बन्धमा

१. संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण, निश्पक्ष र भय रहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिकरण तथा पुर्नसंरचना गर्न विगतमा भएका १२ बुँदे समझदारी, ८ बुँदे सहमति, २५ बुँदे आचारसंहिता र संयुक्त राष्ट्र संघलाई पठाइएको ५ बुँदे पत्रको भावना अनुरुप निम्न कामहरु गर्ने-

**माओवादी सेनाको सम्बन्धमा** :

१. २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.क.पा. (माओवादी) को तर्फबाट संयुक्त राष्ट्र संघलाई पठाइएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकुहरु (Combatants) निम्नलिखित स्थानहरुमा अस्थायी शिविरहरु (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने ।

**मुख्य शिविरहरु निम्न स्थानहरुमा रहने छन्** :

१. कैलाली २. सूर्खेत ३. रोल्पा ४. पाल्पा ५ काभ्रे ६. सिन्धुली ७. इलाम
मुख्य शिविरहरु वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरु रहने छन् ।

२. माओवादी सेनाका लडाकुहरु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हात हतियार र गोली गट्ठा बाहेक अन्य सबै हतियारहरु शिविर भित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहितयारहरुको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा-अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ ने.क.पा. (माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने ।

३. माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको रासन पानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४. माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटि बनाएर काम गर्ने ।

५. माओवादी नेताहरुको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाको सम्बन्धमा** :

६. संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुसार नेपाली सेना व्यारेक भित्र सीमित रहने । उसका हतियारहरु कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाको तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि अफ्ना हतियारहरु सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हात हतियारहरुको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, नेपाल सरकार र ने.क.पा. (माओवादी)को सहमतिले तयार गर्ने ।

७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समिति समेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेसी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने ।

८. नेपाली सेनाले गर्दै आएका सिमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्यूत गृह, टेलिफोन टावर, केन्द्रिय सचिवालय, विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायतका कामहरुलाई निरन्तरता दिने ।

## III. अन्तरिम संविधानका विषयवस्तु बारे

### १. अन्तरिम संविधान बारे

(क) अन्तरिम संविधान मस्यौदा समितिद्वारा प्रस्तुत अन्तरिम संविधानलाई आज भएका सहमतिका आधारमा पूर्णता दिने ।

(ख) पुनर्स्थापित प्रतिनिधि सभाद्वारा अन्तरिम संविधान जारी गरिनेछ र नव गठित अन्तरिम बिधायिकाले उक्त संविधानलाई अनुमोदन गर्नेछ ।

### २. राजतन्त्र बारे

(क) मुलुकको शासन व्यवस्था सम्बन्धी कुनैपनि अधिकार राजामा रहने छैन ।

(ख) स्वर्गीय राजा विरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ती नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्र हितम प्रयोग गर्ने ।

(ग) राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तीहरु (जस्तै विभिन्न स्थानका दरवारहरु, वन तथा निकुञ्जहरु ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु आदि) राष्ट्रियकरण गर्ने ।

(घ) राजसंस्था कायम राख्ने वा नराख्ने बारे संविधान सभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने ।

**३. अन्तरिम व्यवस्थापिका-संसद बारे**

(क) अन्तरिम व्यवस्थापिका निम्नप्रकार एक सदनात्मक संसद हुनेछ :

(i) सात राजनीतिक दल र अन्य दलका हाल प्रतिनिधि सभा र राष्ट्रिय सभाका निर्वाचित सदस्यहरु समेत गरी २०९ जना (जनआन्दोलनको विपक्षमा रहेकाहरु बाहेक) । संयुक्त बाममोर्चाको वर्तमान संसदमा प्रतिनिधि नभएको हुँदा सहमतिका आधारमा मनोनयन गरिने ।

(ii) ने.क.पा. (माओवादी) को तर्फबाट ७३ जना

(iii) जनवर्गीय तथा पेशागत संगठन, उत्पीडित जाती तथा क्षेत्रका प्रतिनिधिहरु र राजनीतिक व्यक्तित्वहरुबाट ४८ जना (सहमतिको आधारमा मनोनित गर्ने) । कूल संख्या -३३० तर जनआन्दोलनको विपक्षमा रहेकाहरु अन्तरिम व्यवस्थापिकामा रहने छैनन् ।

(ख) अन्तरिम व्यवस्थापिकाको गठन भएपश्चात् पुर्नस्थापित प्रतिनिधि सभा र रष्ट्रिय सभा भंग हुने ।

(ग) अन्तरिम व्यस्थापिका-संसद गठन भएको दिनदेखि ने.क.पा. (माओवादी) को नेतृत्वमा रहँदै आएका जनसरकार, जनअदालत लगायतका सत्ता सम्बद्ध सबै निकाय बन्द हुने ।

(घ) अन्तरिम व्यवस्थापिका राजनीतिक सहमतिका आधारमा संचालन गर्ने ।

**४. अन्तरिम सरकारबारे**

(क) सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद् गठन गर्ने ।

(ख) अन्तरिम मन्त्रिपरिषद्को संरचना र कार्यविभाजन आपसी सहमतिबाट तय गर्ने ।

(ग) अन्तरिम सरकारको संचालन संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृति अनुरुप गर्ने ।

**५. न्यायपालिका बारे**

(क) स्वतन्त्र न्यायपलिकाको अवधारणा र मूल्य मान्यतालाई अनुसरण गर्ने ।

(ख) न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधान प्रति प्रतिवद्ध बनाउने ।

(ग) संविधान सभा सम्बन्धी विवादहरुको निरुपण गर्न संवैधानिक अदालतको गठन गर्ने ।

### ६. संवैधानिक अंगहरु बारे

(क) प्रधानमन्त्री, प्रधान न्यायाधीश र अन्तरिम व्यवस्थापिकाका सभामुख सहितको नयाँ संवैधानिक परिषद्को व्यवस्था गरेर यस मार्फत संवैधानिक अंगहरुको नियुक्ति लगायत विषयहरुमा सिफारिस गर्ने व्यवस्था मिलाउने । नियुक्तिहरु गर्दा निश्चित मापदण्डलाई आधार बनाउने ।

(ख) सहमतिको आधारमा निर्वाचन आयोगलाई पूर्णता दिने ।

### ७. स्थानीय निकायहरु बारे

(क) सात दल र ने.क.पा. (माओवादी) को सहमतिले जिल्ला, नगर र गाँउस्तरमा अन्तरिम स्थानीय निकाय गठन गर्ने ।

### ८. नागरिकता समस्या सम्बन्धमा

(क) संविधान सभाको निर्वाचन अगावै नागरिकताबाट बञ्चित सबै नेपाली नागरिकहरुलाई नागरिकताको प्रमाण पत्र वितरण गर्ने ।

(ख) २०४६ साल चैत्र मसान्तलाई आधार वर्ष मानी त्यसभन्दा अगाडी नेपालमा जन्मभई निरन्तर स्थायी बसोबास गर्दै आएका सबै नेपाली नागरिकहरुलाई सरल ढंगले नागरिकताको प्रमाण पत्र वितरण गर्ने व्यवस्था गर्ने ।

(ग) नागरिकता प्राप्ति सम्बन्धी अन्य व्यवस्था कानूनमा उल्लेख भए बमोजिम हुने ।

### ९. संविधान सभा निर्वाचन सम्बन्धमा

(क) आगामी २०६४ जेठ भित्र संविधान सभाको निर्वाचन सम्पन्न गर्नेगरी मिति तय गर्न अन्तरिम मन्त्रिपरिषद्लाई अधिकार प्रदान गर्ने ।

(ख) संविधान सभाको निर्वाचन मिश्रित प्रणालीको आधारमा गर्ने । २०५ सदस्य उम्मेदवारलाई मत दिने 'पहिलो हुने निर्वाचित हुने' (First Past the Post) प्रणाली अनुसार र २०४ सदस्य पार्टीलाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने । यस सम्बन्धमा निर्वाचन आयोगसंग छलफल गरेर कानून बनाउने ।

(ग) दलहरुले उम्मेदवारहरु सूचिकृत गर्दा उत्पीडित जाती, क्षेत्र, मधेशी, महिला, दलित लगायत अन्य वर्ग समेतको समानुपातक प्रतिनिधित्व गराउनु पर्ने ।

(घ) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरु मध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनित हुने १६ जना ।

(ङ) संविधान सभाको कुल संख्या .. ४२५ ...कायम गर्ने ।

(च) अन्तरिम संविधान जारी हुँदाका बखत १८ वर्ष उमेर पुगेका नेपाली नागरिक मतदाता हुने ।

(छ) संविधान सभाको निर्वाचनको अनुगमन संयुक्त राष्ट्र संघद्वारा गराउने ।

### १०. राज्यको ढाँचावारे

(क) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।

(ख) राज्यको पुनर्संरचनाका लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गर्ने ।

(ग) राज्यको पुनर्संरचनाको अन्तिम टुङ्गो संविधानसभाले लगाउने ।

### ११. आर्थिक-सामाजिक रुपान्तरणवारे निर्देशक सिद्धान्तहरू

(क) सामन्तवादका सवै रुपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रुपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

(ख) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति तय. गर्ने ।

(ग) राष्ट्रिय उद्योगधन्दा र साधनश्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसरण गर्ने ।

(घ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

(ङ) सुकुम्वासी, कमैया, हलिया, हरुवाचरुवा लगायतका आर्थिक-सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

(च) सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कारवाही गरी दण्डित गर्ने नीति लिने ।

(छ) देशको आर्थिक-सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रुपले समृद्धशाली वनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

(ज) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिको लागि लगानी वृद्धि गरी रोजगारी एवं आय-आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

## IV. द्वन्दपीडितहरूको व्यवस्थापन सम्वन्धमा

१. सशस्त्र द्वन्दको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपांग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुर्नस्थापनाको व्यवस्था गर्ने ।

२. छानविन आयोगको प्रतिवेदनको आधारमा वेपत्ता भएकाहरूको पीडित परिवारलाई राहत उपलब्ध गराउने ।

३. सशस्त्र द्वन्दको क्रममा विस्थापितहरूको पुर्नस्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निर्माण गर्न विशेष कार्यक्रम संचालन गर्ने ।

४. सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गंभीर उल्लंघन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूको वारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण

निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने ।

## V. विविध

१. सबै सहमति र सम्झौताहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्न सहमतिले एक उच्च स्तरीय संयुक्त अनुगमन समिति गठन गर्ने ।

२. आचारसंहिता, समझदारी-सहमति, सम्झौता तथा कानून विपरीतका गतिविधि एवं कामकारवाही गर्ने जो कसैलाई पनि सरकारले कारवाही गरी दण्डित गर्नेछ ।

३. गणतन्त्र, आर्थिक-सामाजिक रूपान्तरण, जनमतसंग्रह, निर्वाचन प्रणाली लगायत अहिले साझा सहमति कायम हुन नसकेका विषयहरूमा पार्टीहरू संविधानसभाको निर्वाचनको क्रममा आ-आफना नीति र मत अनुसार प्रस्तुत हुन स्वतन्त्र हुनेछन् ।

## VI. समय-तालिका

१. नेपाल सरकार र ने.क.पा. (माओवादी)वीच विस्तृत शान्ति सम्झौता २०६३ कार्तिक ३० गतेसम्म गर्ने ।

२. उल्लेखित II १ बमोजिम २०६३ मंसिर ५ गतेभित्र माओवादी सेनाका लडाकुहरू हातहतियारसहित निर्धारित शिविरमा जम्मा (Confine) भैसक्ने र हतियार भण्डारण गर्ने । संयुक्त राष्ट्र संघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगन गर्ने ।

३. उल्लेखित II ५ वमोजिम २०६३ मंसिर ५ गतेभित्र नेपाली सेना व्यारेकभित्र सीमित रहने, निर्धारित हातहतियार भण्डारण गर्ने र त्यसको अनुगमन संयुक्त राष्ट्र संघले गर्ने ।

४. २०६३ मंसिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने ।

५. २०६३ मंसिर १० गतेभित्र अन्तरिम संविधान जारी गर्ने, अन्तरिम व्यवस्थापिकाको गठन गर्ने र प्रतिनिधि सभा र राष्ट्रिय सभाको विघटन गर्ने ।

६. २०६३ मंसिर १५ सम्म अन्तरिम मन्त्रिपरिषद्को गठन गर्ने ।

______________
प्रचण्ड
अध्यक्ष, ने.क.पा. (माओवादी)

______________
गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री तथा सभापति, नेपाली कांग्रेस

.........................
माधवकुमार नेपाल
महासचिव, नेकपा(एमाले)

......................
शेरबहादुर देउवा
सभापति, नेपाली कांग्रेस (प्रजातान्त्रिक)

........................
अमिक शेरचन
उप-प्रधानमन्त्री
तथा अध्यक्ष, जनमोर्चा नेपाल

.....................
भरत विमल यादव
उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

...................
नारायणमान विजुक्छे
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

...................
सि.पी मैनाली
अध्यक्ष, संयुक्त बाममोर्चा

मिति : २०६३ कार्तिक २२

माथिका निर्णयहरुमा अन्य सबै दलहरुको सहमति भएकाले कार्यान्वयनमा जाने कुरामा सहमत हुँदै हाम्रो पार्टीको निम्न बमोजिम भिन्न मत रहेको छ।

१. राजसंस्था राख्ने वा नराख्ने भन्ने बारेमा संविधान सभाको निर्वाचन संग संगै जनमत संग्रह गर्नुपर्छ भन्ने ने.क.पा.(एमाले)को भिन्न मत रहेको छ।
२. संविधान सभाको निर्वाचनको निम्ति समानुपातिक प्रणाली नै अपनाउन सवै भन्दा लोकतान्त्रिक तरिका हुन्छ भन्ने ने.क.पा.(एमाले) को भिन्न मत रहेको छ।

महासचिव
ने.क.पा. (एमाले
२०६३।७२२
राती १:१५

## अनुसूची-७

### नेपाल सरकार र ने.क.पा(माओवादी)बीच मिति २०६३ कार्तिक ५ गते भएको विस्तृत शान्ति सम्झौता

प्रस्तावना

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनजान्दोलन मार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र ने.क.पा.(माओवादी)वीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी)बीच सम्पन्न २५ बुँदे आचारसंहिता, २०६३ साल कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरुको बैठकका निर्णयहरु लगायत नेपाल सरकार र ने.क.पा.(माओवादी)वीच सम्पन्न सवै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्र संघलाई प्रेषित समान धारणाको पत्राचार प्रति पूर्ण प्रतिवद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पुर्ण प्रेस-स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्यमान्यता प्रतिको पूर्ण प्रतिवद्धतालाई दोहोऱ्याउदै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधान सभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता अखण्डता सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

२०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधान सभामार्फत् नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्सरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरण गर्न दुबै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै,

नेपाल सरकार र नेकपा (माओवादी)का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिवद्धताका साथ नेपाल सरकार र नेकपा (माओवादी)का बीच यो विस्तृत शान्ति संझौता सम्पन्न गरिएको छ ।

## १. प्रारम्भिक

१.१ यस सम्झौताको नाम "विस्तृत शान्ति सम्झौता, २०६३" रहेको छ । छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिने छ ।

१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणा मार्फत् आजैका मितिदेखि लागु हुनेछ ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने गराउने छन् ।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्ष बीच भएका सबै सहमति समभ्रुदारी, आचारसंहिता र निर्णयहरु यस सम्झौताको अभिन्न अङ्ग मानिने छन् ।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकता अनुसार पछि गरिने सहमति र सम्झौताहरु पनि यसैका अंग मानिने छन् ।

## २. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :-

(क) **"युद्धविराम"** भन्नाले नेपाल सरकार तथा ने.क.पा. (माओवादी)बीच एक अर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरुको परिचालन, सुदृढीकरण, आक्रामक एवं हिंसात्मक कारवाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ ।

ख) **"अन्तरिम संविधान"** भन्नाले संविधान सभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मको लागि जारी गरिने " नेपालको अन्तरिम संविधान २०६३" लाई जनाउँछ ।

(गा) **"अन्तरिम मन्त्रिपरिषद्"** भन्नाले अन्तरिम संविधान बमोजिम गठन हुने "अन्तरिम मन्त्रीपरिषद्" लाई जनाउँछ ।

(घ) **"दुवै पक्ष"** भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ ।

(ङ) **"प्रचलित कानून"** भन्नाले नेपालको अन्तरिम संविधान २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानूनलाई जनाउँछ । तर यस परिभाषाले अन्तरिम संविधान २०६३ जारी हुनु अघिको कानूनी व्यवस्थालाई वाधा पुऱ्याउने छैन ।

(च) **"प्रमाणीकरण"** भन्नाले संयुक्त राष्ट्र संघले सेना, लडाकु र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ ।

## ३.राजनीतिक-आर्थिक-सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापन :

दुबै पक्ष देहाय बमोजिम राजनीतिक-आर्थिक- सामाजिक रुपान्तरणको नीति तथा कार्यक्रम अवलम्वन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमत छन् :

३.१. २०६३ कार्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरुको बैठकका निर्णयहरु (अनुसूची ६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने ।

३.२. अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका-संसद गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रुपमा संविधान सभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यवहारिक प्रत्याभूति गर्ने ।

३.३. मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरु (जस्तै विभिन्न स्थानका दरबारहरु, वन तथा निकुञ्जहरु, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु आदि) राष्ट्रियकरण गर्ने । राजसंस्था कायम राख्ने या नराख्ने बारे संविधानसभाको पहिलो बैठकद्वारा  साधारण वहुमतले टुंगो लगाउने ।

३.४. विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरुका कृयाकलापहरुमा पारदर्शीता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्वन गर्ने र भ्रष्टाचार तथा दण्डहिनताको अन्त्य गर्दै सुशासन कायम गर्ने ।

३.५. वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेशी उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई संवोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्सरचना गर्ने ।

३.६. सामन्तवादका सबै रुपहरुको अन्त्य गर्ने आर्थिक सामाजिक रुपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

३.७. सामन्ति भूस्वामित्वको अन्त्य गर्दै बैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्वन गर्ने ।

३.८. राष्ट्रिय उद्योगधन्दा र साधनश्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुसरण गर्ने ।

३.९. शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

३.१०. सुकुम्वासी, कमैया, हलिया, हरवाचरवा लगायतका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

३.११. सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ती आर्जन गर्नेहरु उपर कडा कारवाही गरी दण्डित गर्ने नीति लिने ।

३.१२. देशको आर्थिक-सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रुपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

३.१३. श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानी वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरुको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

## ४. सेना र हतियार व्यवस्थापन

संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिकरण तथा पुनर्संरचना गर्न बिगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, संयुक्त राष्ट्र संघलाई पठाइएको पाँच बुँदे पत्र र कार्तिक २२ गते सम्पन्न शीर्ष नेताहरुको बैठकका निर्णयहरु अनुरुप निम्न कामहरु गर्ने -

**माओवादी सेनाको सम्बन्धमा -**

४.१. २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.क.पा.(माओवादी) को तर्फबाट संयुक्त राष्ट्र संघलाइ पठाएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकुहरु (Combatants) निम्नलिखित स्थानहरुमा अस्थायी शिविरहरु (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्र संघद्वारा उनीहरुको प्रमाणीकरण र अनुगमन गर्ने ।

मुख्य शिविरहरु निम्न स्थानहरुमा रहनेछन् :

१. कैलाली　२. सुर्खेत　३. रोल्पा　४. नवलपरासी
५. चितवन　६. सिन्धुली　७. इलाम

मख्य शिविरहरु वरिपरि ३/३ वटाका दरले सहायक शिविरहरु रहनेछन् ।

४.२. माओवादी सेनाका लडाकुहरु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठा वाहेक अन्य सवै हतियारहरु शिविर भित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्र संघको निगरानीका लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, ने.क.पा.(माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने ।

४.३. माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको रासन पानी लगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने ।

४.४. माओवादी सेनाका लडाकुहरुको रेखदेख समायोजन र पुर्स्थापनाका निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

४.५. माओवादी नेताहरुको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाको सम्बन्धमा-**

४.६. संयुक्त राष्ट्र संघलाई प्रेषित पत्रमा व्यक्त प्रतिवद्धता अनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरु कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरु सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चावी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयक्त राष्ट्र संघको निगरानीको लागि उसको रेकर्ड, साइरन सहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरुको आवश्यक जाँच गर्नु पर्दा संयुक्त राष्ट्र संघले सम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामरा अनुगमन लगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्र संघ, नेपाल सरकार र ने.क.पा. (माओवादी)को सहमतिले तयार गर्ने ।

४.७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समिति समेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेसी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने ।

४.८. नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युत गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरुको सुरक्षा लगायतका कामहरुलाई निरन्तरता दिने ।

**५. युद्धविराम**

**५.१. सैन्य कारवाही र सशस्त्र परिचालनको अन्त्य :**

५.१.१. दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिवद्धता र्व्यक्त गर्दछन् :-

क) प्रत्यक्ष वा अप्रत्यक्षरुपमा एक अर्कोप्रति लक्षित कुनै पनि किसिमको हात हतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

ख) दुबै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियार सहित या रहितरुपमा अर्को पक्षको हातहतियार खानतलासी वा वरामदी गर्ने कार्य,

ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दवाव पुऱ्याउने कार्य,

घ) एक अर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

ङ) हत्या तथा हिंसात्मक कारवाहीहरु,

च) अपहरण/पक्राउ/ थुनछेक /बेपत्ता पार्ने कार्य,

छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

ज) हवाई आक्रमण वा बमबारी,

झ) जमिन मुनी बारुद विछ्याउने कार्य (माइनिङ्ग) र विध्वंसात्मक कार्य (स्यावोटेज),

ञ) एक अर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगट्ठा तथा विष्फोटक पदार्थ ओसार पसार वा एक अर्का विरुद्द सैनिक हर्कत गर्ने छैनन् ।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार विन्दुमा हात हतियार, विष्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थ जस्ता सामानहरु गैरकानूनी रुपमा ओसार पसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा वरामदी गर्न सक्नेछ ।

५.१.३. कुनै पनि व्यक्ति वा समूह अवैध हात हतियार, गोलीगट्ठा र विष्फोटक पदार्थ साथमा लिई आवतजावत गर्ने छैनन् ।

५.१.४. दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एक अर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् ।

५.१.५. कुनै पनि नागरिक सभा वा राजनैतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्व्याट पोशाकसहित उपस्थित हुने छैनन् ।

५.१.६. नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति सम्झौताको मर्म र भावना अनुरुप तथा प्रचलित कानून बमोजिम कानूनी व्यवस्था र शान्ति सुव्यवस्था एवं अपराध अनुसन्धानको कार्य चालु राख्नेछ ।

५.१.७. एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्न समेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८. सशत्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरु लगत खडा गरी तत्काल फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

**५.२. स्थिति सामान्यीकरणका उपायहरुः**

५.२.१. इच्छा विपरीत तथा प्रचलित कानून प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुली गर्न पाइने छैन ।

५.२.२ . आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३. दुवै पक्षद्वारा वेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको बास्तविक नाम थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४. दुवै पक्ष सशस्त्र द्वन्दबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुर्नस्थापना गराउन राष्ट्रिय शान्ति तथा पुर्नस्थापना आयोग गठन गर्न र त्यस मार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५. दुबै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गंभीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६. दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चत गर्ने प्रतिवद्धताकासाथ देशमा विद्यमान सबै स्वरुपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७. दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८. दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरु पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई ससम्मान पुर्नस्थापना तथा सामाजिकरण गर्न प्रतिवद्धता व्यक्त गदछन् ।

५.२.९. उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरु आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकुल वातावरण सृजना गर्ने कार्यमा सबै राजनीतिक दलहरु, नागरिक समाज र स्थानीय संघ संस्थाहरु समेतको सहयोगमा व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायित्व लिई कार्यान्वयन, गर्न गराउन दुबै पक्ष सहमत छन् ।

५.२.१०. दुवै पक्ष परिवारका कुनै सदस्य एक अर्का पक्षसँग सम्वद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरुमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दवाव नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११. नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरुलाई देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवत जावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको क्रममा कुनै पनि किसिमको वाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरुको काममा सहयोग गर्न दुवै सहमत छन् ।

५.२.१२. संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय दातृ समुदाय लगायत नेपालस्थित कुटनैतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, प्रेस, मानव अधिकारवादीहरु, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरुलाई नेपाल राज्यभित्र कानून बमोजिम निर्वाध आवत जावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् ।

५:२.१३. दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरु शिष्ट र मर्यादित ढङ्गले संचालन गर्न प्रतिबद्ध छन् ।

### ६.युद्ध समाप्ति

६.१. २०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार माओवादीवीच चालु युद्धविरामलाई स्थायी रुप दिँदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त गएको घोषणा गर्दछौं ।

६.२. सात दल र ने.क.पा.(माओवादी)का शीर्ष नेताहरुको २०६३ साल कार्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरु दिर्घकालिन शान्तिको लागि मूल नीतिगत आधार हुनेछन् ।

६.३. नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा आईसकेपछि सहमति, संझौता र कानून प्रतिकूल हतियार राख्न, प्रदर्शन, डरत्रास र कुनै पनि रुपमा हिंसा र हतियारको प्रयोग गर्न कानूनतः दण्डनीय हुनेछ ।

६.४. दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न र पक्ष विपक्षमा लाग्न पाउने छैनन् । तर उनीहरुलाई मताधिकारबाट बञ्चित गरिनेछैन ।

### ७. मानव अधिकार, मौलिक अधिकार र मानवीय कानूनको परिपालना

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै दुबै पक्ष देहायका विषयहरुमा आफ्नो सहमति जनाउँछन् :

**७.१ मानव अधिकार :**

७.१.१. दुवै पक्षले मानव अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको प्रतिवद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२. दुवै पक्ष नेपाली जनताको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिवद्ध छन् ।

७.१.३. दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरु माथि कानून अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

७.१.४. दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने  काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारवाही समेत गर्नेछन् ।

७.१.५. दुवै पक्षले धर्म निरपेक्षताको मूल्य मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।

**७.२. बाँच्न पाउने अधिकार :**

७.२.१. दुबै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट बञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानून बनाइने छैन ।

**७.३. वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार**

७.३.१. दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानून बमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित व्यक्ति लगायत कोही पनि यातना वा अन्य कुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानूनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।

७.३.२. दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानूनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन् । दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरुका परिवारजन, कानूनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससंग सम्बन्धित जानकारी दिन सहमत छन् ।

७.३.३. दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानूनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै दन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरु आफ्नो मूल वासस्थानमा फर्कन पाउने वा तिनीहरुले चाहे अनुसार अन्य कुनै ठाउँमा वसोवास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिवद्धता व्यक्त गर्दछन् ।

## ७.४. नागरिक तथा राजनीतिक अधिकार

७.४.१. दुवैपक्ष प्रत्येक व्यक्तिको विचार अभिव्यक्ति, संघ सस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषण विरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिवद्ध छन् ।

७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधि मार्फत् सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

७.४.३. दुवै पक्ष व्यक्तिको सु-सूचित हुने अधिकारको सम्मान गर्न प्रतिवद्ध छन् ।

## ७.५. आर्थिक-सामाजिक अधिकार

७.५.१ व्यक्तिले स्वतन्त्ररुपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवन यापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिवद्ध छन् ।

७.५.२. दुवै पक्ष सबै जनताको खाद्य सुरक्षा सम्बन्धी हकको सम्मान एवं प्रत्याभूति गर्न प्रतिवद्ध छन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसारपसार तथा बितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् ।

७.५.३. दुवै पक्ष नागरिकको स्वास्थ्य सम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवं स्वास्थ्य सम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरुको औषधी उपचार गर्न एवं पुनर्स्थापनाको कार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।

७.५.४. दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिवद्ध छन् । दुवै पक्ष शिक्षा सम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन् । शिक्षण संस्थालाई कब्जामा लिने एवं प्रयोग गर्ने र शिक्षक विद्यार्थीहरुलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने, कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य व्यारेक नराख्न सहमति व्यक्त गर्दछन् ।

७.५.५. कानून बमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

७.५.६. दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्बल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदाबाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिक बीच कुनै समस्या उत्पन्न भएमा उनीहरुलाई शान्तिपूर्ण रुपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विस्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन् ।

**७.६ महिला तथा बालबालिकाको अधिकार**

७.६.१. दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरुको विशेष संरक्षण गर्न, कुनैपनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा बालबालिका विरुद्ध हुने बाल श्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरु माथि तत्काल रोक लागाउन र १८ वर्ष वा सो भन्दा मुनीका केटाकेटीहरुलाई कुनैपनि सैन्य बलमा समावेस तथा उपयोग नगर्न पूर्ण रुपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरु तुरुन्त उद्धार गरिनेछन् र तिनीहरुको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

**७.७. वैयक्तिक स्वतन्त्रताको अधिकार**

७.७.१. दुबै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिना हातहतियार भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता, आफुखुशी पेशा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता, कानूनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न गराउन सहमत छन् ।

**८. मतभेद निरुपण तथा कार्यान्वयन संयन्त्रः**

८.१. दुवै पक्ष विगतमा भए गरेका त्रुटिहरुलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रुपमा सच्यांउदै लैजाने गरी बैयक्तिक एवं सामुहिक रुपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२. राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकता अनुसार संयन्त्रहरुको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्रिपरिषद्ले तय गरे बमोजिम हुनेछ ।

८.३. दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी सम्वाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् ।

८.४. यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा (माओवादी)वीच भएका सबै निर्णय, सहमति र समझदारीहरु कार्यन्वयन गर्न अन्तरिम मन्त्रीपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचना सम्बन्धी उच्चस्तरीय सुझाव आयोग लगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरुको गठन गर्ने र तिनीहरुको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुवै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

## ९. कार्यान्वयन तथा अनुगमन

यस सम्झौतामा उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनको लागि निम्न व्यवस्था गर्न दुवै पक्ष सहमत भएका छन् -

९.१. दुवै पक्ष संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयबाट यस संझौतामा उल्लेखित मानवअधिकार सम्बन्धी प्रावधानहरुको अनुगमनको कामलाई निरन्तरता दिन सहमत छन् ।

९.२. दुबै पक्ष संयुक्त राष्ट्र संघको नेपालस्थित मिशनबाट पूर्व प्रेषित पाँच बुँदे पत्र र यस संझौतामा उल्लेख भए अनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमत छन् र त्यस कार्यमा सहयोग पुऱ्याउन प्रतिवद्धता व्यक्त गर्दछन् ।

९.३. दुबै पक्ष संयुक्त राष्ट्र संघबाट संविधान सभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमत छन् ।

९.४. राष्ट्रिय मानव अधिकार आयोगले कानून बमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानव अधिकार अनुगमन सम्बन्धी कार्यहरु पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्य सम्पादन गर्ने क्रममा मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५. माथि उल्लेखित सबै निकायले दिएका प्रतिवेदनहरु बुझ्न, अनुरोध गरेका सूचनाहरु उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयन सहमति र छलफलको आधारमा गर्न दुवै पक्ष सहमत छन् ।

## १०. विविध :

१०.१. कार्तिक २२ गतेको निर्णयको मर्म र शान्ति सम्झौताको भावना अनुरुप सरकार वा राज्य संयन्त्रका कुनैपनि क्षेत्रमा समानान्तर वा अन्य स्वरुपको संयन्त्र सञ्चालन नगर्न दुवै पक्ष सहमत छन् ।

१०.२. दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य पूरक सहमतिहरुमा हस्ताक्षर गर्न मन्जुर गर्दछन् ।

१०.३. दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनैपनि समयमा संशोधन गर्न सकिनेछ । संशोधन गर्न चाहेमा सोको लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यता प्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानूनको मापदण्ड तथा शान्ति स्थापनाको मूल मर्मभन्दा न्यून हुने छैन ।

१०.४. यो संझौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो संझौताको प्रस्तावना र अनुसूचीमा संलग्न दस्तावेजहरुका आधारमा दुवै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्नेछ र यो व्याख्या अन्तिम हुनेछ ।

१०.५. अन्तरिम व्यवस्थापिका-संसद गठन भएपछि यस संम्झौतामा उल्लेखित “दुई पक्ष” को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ । यसपछि यस सम्झौतामा उल्लेखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने गराउने दायित्व अन्तरिम मन्त्रिपरिषद्ले व्यवस्था गरे बमोजिम हुनेछ । सम्झौताको पालना तथा कार्यन्वयनमा सहयोग पुऱ्याउनु सबै राजनीतिक दलहरुको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

१०.६. सिंगो मुलुक संविधान सभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भईरहेको बेला आफ्ना समस्या र मागहरुलाई संवाद र वार्ताको माध्यमबाट समाधान गर्न तथा संविधान सभाको निर्वाचन तथा शान्ति सुरक्षाको स्थितिलाई सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७. सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधान सभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सकृय सहभागिता जनाई सफल बनाउन राजनीतिक दल, नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय सङ्गठनहरु, पत्रकार जगत, वुद्धिजीवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

१०.८. पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुऱ्याउन सबै मित्र राष्ट्रहरु तथा संयक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्दछौं ।

देश र जनताको भविष्यप्रतिको जिम्मेवारी बोध गर्दै र यस विस्तृत शान्ति सम्झौता प्रति पूर्ण प्रतिवद्ध हुँदै हामी-नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौं ।

| | |
|---|---|
| प्रचण्ड | गिरिजा प्रसाद कोइराला |
| अध्यक्ष | प्रधानमन्त्री |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | नेपाल सरकार |

हस्ताक्षर मिति : २०६३/८/५

अनुसूची-८

# Agreement on Monitoring of the Management of Arms and Armies, 29 November 2006

**Preamble**

In keeping with the letters to the United Nations (UN) Secretary-General of 9 August and the Comprehensive Peace Accord of 21 November 2006;

Guaranteeing the fundamental right of the Nepali people to take part in the constituent assembly elections in a free and fair environment without fear;

Declaring the beginning of a new chapter of peaceful democratic interaction by ending the armed conflict taking place in the country since 1996, based on the Comprehensive Peace Accord between the two parties in order to accomplish, through the constituent assembly, certainty of sovereignty of the Nepali people, progressive political outlet, democratic restructuring of the state, and social-economic-cultural transformation; and,

Affirming the will to fully observe the terms of this bilateral agreement witnessed by the United Nations:

The parties agree to seek UN assistance in monitoring the management of the arms and armies of both sides by the deployment of qualified UN civilian personnel to monitor, according to international norms, the confinement of Maoist army combatants and their weapons within designated cantonment areas and monitor the Nepal Army (NA) to ensure that it remains in its barracks and its weapons are not used against any side.

## 1 Modalities of the Agreement

### 1.1 Principles

Neither of the parties shall engage in movement or redeployment of forces resulting in tactical or strategic advantage.

Any claims or reports of violations of this agreement will be reported to UN monitors, substantiated or not substantiated, and subsequently reported to the parties through the appropriate representative of the UN Mission in Nepal.

The security forces deployed by the interim government shall have authority to conduct routine patrol, explore in order to prevent illegal trafficking of the weapons, explosives or raw materials used in assembling weapons at the international border or custom points and seize them.

Both parties agree to allow the United Nations, international donor agencies and diplomatic missions based in Nepal, national and international non-governmental organizations, press, human rights activists, election observers and foreign tourists to travel unrestricted according to law in the state of Nepal. The parties will respect the security, freedom of movement and well-being of UN Mission and associated staff, goods and services in all parts of Nepal.

The parties shall immediately take all necessary measures to cooperate with efforts aimed at controlling illicit trafficking of arms and the infiltration of armed groups.

Both parties fully agree to not include or use children who are 18 years old and under in the armed forces. Children thus affected would be immediately rescued and necessary and appropriate assistance will be provided for their rehabilitation.

**1.2 Definitions**

The following definitions are accepted:

(1) Cantonment (Maoist army) is a temporarily designated and clearly defined geographical area for encampment and provision of services for the Maoist combatant units including weapons, ammunition and equipment. The cantonments are provided for all echelons of the Maoist army.

(2) Barracking (NA) is the deployment of Nepal Army units to barracks, including weapons, ammunition and equipment. No units below a company level will be independently deployed unless for activities specified elsewhere in this agreement or otherwise mutually agreed by the parties.

(3) Secure arms storage areas are either military barracks with regular armoury stores used for storage of weapons, munitions and explosives, or storage containers established in special perimeters at cantonment sites controlled and guarded by the responsible unit.

(4) "The parties" refers to the party of Government of Nepal (including the Nepal Army) and the party of the Communist Party of Nepal (Maoist), (including the Maoist Army.)

(5) UN Monitoring refers to all efforts by the United Nations to determine relative compliance with the terms spelled out in this agreement and to report to all the parties and others concerned its findings.

(6) The Joint Monitoring Coordination Committee (JMCC) is the monitoring, reporting and coordinating body chaired by the UN with membership of the parties. The JMCC is responsible for supervising compliance by the parties to this agreement.

(7) Joint Monitoring Teams (JMTs) are the bodies which will assist in monitoring the cessation of hostilities. The Joint Monitoring Teams will be active at the regional and local level and in mobile teams. Each team will be comprised of one UN monitor serving as team leader, one monitor from Nepal Army and one monitor from the Maoist Army. Joint Monitoring Teams will not be used for weapons storage inspections. Inspections at Maoist army cantonments will take place with a UN monitoring team and a representative of the Maoist army. Inspections at Nepal Army barracks will take place with a UN monitoring team and a Nepal Army representative.

(8) Maoist army combatants: For purposes of this agreement this will include regular active duty members of the Maoist army who joined service before 25 May 2006, who are not minors and who are able to demonstrate their service, including by CPN(M) identity card and other means agreed by the parties.

**1.3 Promotion**

The parties shall promote awareness of this agreement, and adherence to its provisions, among their commanders, members and affiliated groups.

The parties, Government of Nepal, Nepal Army (NA), CPN(M) and the Maoist army, shall design, in cooperation with the UN Mission, an awareness programme to ensure that local communities and the parties' commanders, members and affiliated groups understand the mandate of the UN Mission and all of the obligations of the parties spelled out in this agreement. The information programmes shall include the use of meetings and print and electronic media in local languages.

**1.4 Phases**

This agreement shall come into force upon signing. These phases shall occur in the following sequence:

(1) Reporting and verification;
(2) Redeployment and concentration of forces;
(3) Maoist army cantonment, NA barracking and arms control; and,
(4) Full compliance with the agreement.

A full and practical timeline will be established by the parties for all of these activities to take place in consultation with the UN.

## 2 Reporting and verification

The parties will report detailed information about their troops and this information will be treated with appropriate confidentiality by the United Nations. The parties will provide maps and sketches showing current dispositions, including:

(1) Order of battle/military structure, organisation, deployment and number of troops;
(2) Minefields, landmines, unexploded ordnance, standard explosives, improvised explosive devices and exact location of such items;
(3) All necessary information about roads, tracks, trails and passages related to encampments;
(4) Information regarding armed or unarmed groups working along with the parties, the Nepal Army (NA) and the Maoist army, including their responsibilities; and,
(5) Other information required by the UN for proper monitoring of the disposition of arms and armies.

The UN Mission shall check this information immediately after monitors are deployed.

## 3 Redeployment and concentration of forces

Comprehensive plans, timelines and routes for the redeployment and concentration of forces will be provided by both the NA and Maoist army to the UN Mission.

The redeployment and concentration of all combatants in Nepal - with the NA in barracks and the Maoist army moving in to cantonment sites - shall be carried out in consultation with the UN. The redeployment and cantonment of forces will be monitored by the UN monitors after they are deployed.

Both sides express an understanding to create a record of government, public and private buildings, land and other properties and return them immediately.

The parties will withdraw all military and paramilitary checkpoints (unless explicitly permitted in this agreement) to promote and guarantee free movement and create an environment free of fear and intimidation.
The Nepal Police and Armed Police Force shall continue the task of maintaining law and order and conduct criminal investigations as per the spirit and sentiment of the Jana Andolan and peace accord as well as the prevailing law. Both parties agree not to operate parallel or other forms of mechanism in any areas of the state or state machinery as per the spirit of the decisions of November 8, 2006 and the essence of the peace accord. All sides agree to let employees of Nepal Government and public agencies travel freely to any part of the country, to fulfill their duties and not to create any obstacle or obstruction while executing their work or not to let obstructions to arise and to facilitate their work.

## 4 Maoist Army cantonment, barracking of the NA and arms control

### 4.1 Maoist army cantonment

In accordance with the commitment expressed in the letter sent to the United Nations, Maoist army combatants and their weapons shall be confined within designated cantonment areas. The cantonment shall be based on comprehensive planning and preparation before implementation. After the Maoist army combatants stay in the temporary cantonments, the Government of Nepal will provide food supplies and other necessary arrangements. When implemented, the comprehensive concept shall ensure good communications and proper logistics. UN monitors will have access to any and all cantonment sites for purposes of monitoring.

#### 4.1.1 Commanders' responsibilities

The normal Maoist army chain of command, control, communication and information will be utilised to control the Maoist army cantonment, using the normal Maoist army structure in administration of the sites.
There will be seven main cantonment sites and 21 satellite cantonment sites of three per main cantonment site. The satellite sites will be clustered no more than two hours driving distance from the main sites unless otherwise agreed by the parties.
The designated seven main sites will be under command, control, communication and information of the Maoist army site commander and the satellite sites by the designated satellite commanders. The site commanders shall provide the following information in detail for each site to the UN Mission:

(1) Command structure for the unit and sub-units plotted on a map;
(2) Names of commanders down to company level;
(3) Communication system;
(4) Complete list of personnel;
(5) Complete list of weapons, i.e. types, numbers, serial number and calibre under storage at the main cantonment sites;
(6) Ammunition inventory type, lot number and amount; and,
(7) List of names for the site security guards detachment, and complete list of weapons and ammunition for the detachment (main and satellite cantonment levels).

Site commanders' responsibilities include:

(1) Camp security, including access control to the site;
(2) Respect of the security, freedom of movement and well-being of UN and associated staff, goods and services;
(3) Providing information in cooperation with the UN Mission;
(4) Maintenance of discipline, morale and normal training in the spirit of the Comprehensive Peace Accord, excluding live fire exercises;
(5) Daily routines and control of troops; and,
(6) Logistics and camp services (in cooperation with the Government of Nepal and other assisting agencies).

**4.1.2 Weapons storage and control**

The parties agree upon the safe storage of all Maoist army weapons and ammunition, in the seven main cantonment areas under UN monitoring, except as provided below for perimeter security purposes. Both sides shall assist each other to mark landmines and booby-traps used during the time of armed conflict by providing necessary information within 30 days and to defuse and remove/lift and destroy them within 60 days. All improvised explosive devices will be collected at designated sites a safe distance from the main cantonment areas. Unsuitable devices will be destroyed immediately. Stable devices will be stored safely and under 24-hour armed guard. The parties, in consultation with the UN, will determine a timeline and process for the later destruction of all improvised explosive devices. To ensure the safety of both monitors and Maoist army personnel, no improvised explosive devices or crude bombs will be brought inside the cantonment sites. In the main cantonment sites the weapons and ammunition storage area will be secured by the following system:

(1) A solid fence will surround the specified area, including a gate with a lock. There will be signs on the fence clearly identifying the restricted area.
(2) The weapons storage depot will be composed of storage containers painted white and furnished with shelves for safe weapons storage and easy control, and with a complete inventory (weapon type, calibre and serial number).
(3) A single lock provided by the UN will secure each storage container. The key will be held by the designated main cantonment site commander. A 24-hour surveillance camera will cover the storage site and will be monitored from the UN office in the cantonment site. Floodlights will be switched on automatically during hours of darkness.
(4) The UN will provide an inspection registration device mounted on each container door indicating when the storage container has been opened.
(5) An alarm system will be connected to sirens in both the UN office and the camp commander's office. The system will be activated if the container door is opened without a "safe button" having been switched off in connection with regular inspections.
(6) UN monitors will carry out the inspections of the arms storage area and containers in the presence of a Maoist army representative.

Each main cantonment site will be allowed 30 weapons of the same make and model to be used only for clearly defined perimeter security by designated guards, with each

satellite allowed 15 such weapons under the same conditions. These weapons will all be properly registered with make and serial number and locked in a guardhouse when not in use. The parties, in consultation with the UN, will periodically review the number of weapons needed for perimeter security purposes on the basis of a shared threat assessment.

Security provisions will be made for CPN(M) leaders through understanding with the government.The UN Mission shall monitor these commitments with a full-time presence at the Maoist army main cantonment sites and through field visits and regular inspections. These inspections will be carried out randomly and without warning.

**4.1.3 Registration of Maoist army combatants at cantonment sites**

All Maoist army combatants will be registered at the main cantonment sites. This registration will include the provision of age, name, rank, responsibilities within unit/formation, date of entry into service and will provide the basis for a complete list of personnel. Maoist combatants will be registered regardless if they are in possession of weapons or not. If with weapon, the type and condition of weapon will be specified. The total number of weapons will be categorized by unit/formation. Only those individuals who were members of the Maoist army before 25 May 2006 will be eligible for cantonment. The parties will agree as to how this pre-existing service is to be confirmed in consultation with the UN.

As part of this registration, all Maoist army combatants will present their Maoist army identity card to be marked by the UN. The process for marking the cards will be determined. This registration card will be the basis for any assistance received by Maoist army members. Unregistered persons will not be eligible for assistance or permitted to remain in cantonments.

Only those Maoist army combatants who have been properly registered at cantonment sites will be eligible for possible integration into the security forces fulfilling the standard norms. Any discharged personnel will be ineligible for possible integration. Those who are eligible for integration into the security forces will be determined by a special committee as agreed in the Comprehensive Peace Accord. This integration process will be determined in subsequent agreement with the parties.

Upon registration Maoist army combatants, if found to be born after 25 May 1988, will be honourably and automatically discharged.

Discharged Maoist army combatants must: release all weapons, uniforms and other military gear; and, agree not to return to cantonment sites unless mutually agreed by UN monitors in consultation with the parties. The assistance packages to be provided to voluntarily discharged personnel will be agreed by the parties in advance of cantonment.

The Interim Council of Ministers will form a special committee to supervise, integrate and rehabilitate the Maoist army combatants.

### 4.2 Barracking of the Nepal Army

#### 4.2.1 General regulations

In accordance with the commitment expressed in the letter sent to the United Nations, the Nepal Army shall remain in its barracks and its arms are not to be used in favour of or against any side. UN monitors will have access to any and all NA barracks for purposes of monitoring whether Nepal Army forces or weapons are being used for or against any party. Upon visiting any Nepal Army barracks for inspection, the site commander will be duly notified, and UN inspections will relate only to matters regarding the disposition of forces and weapons.

The Council of Ministers will control, mobilise and manage the Nepal Army as per the Army Act of 2006 (Sainik Ain 2063) or its successor legislation. The Interim Council of Ministers to prepare and implement the detailed action plan of the Nepal Army's democratization by taking suggestions from the concerned committee of the Interim Parliament/legislature. Under this to carry out activities like assessing the appropriate number of the Nepal Army, to train the army in democratic and human rights values while developing democratic structure, national and inclusive character.

#### 4.2.2 Commander responsibilities

The normal NA chain of command, control, communication and information will be utilised to monitor the NA deployment to barracks. The commanders shall provide the following information in detail to the UN Mission:

(1) Command structure for the unit and sub-units plotted on a map;
(2) Names of commanders down to company level;
(3) Communication system;
(4) Order of battle/military structure, organisation, deployment and number of troops;
(5) Minefields, landmines, unexploded ordnance, standard explosives, improvised explosive devices and exact location of such items; and,
(6) Other information required by the UN for proper monitoring of the disposition of arms and armies.

The NA will respect the security, freedom of movement and well-being of UN and associated staff, goods and services, and provide information in cooperation with the UN Mission according to Section 2.

The UN Mission shall monitor these commitments through daily presence in selected NA barracks, field visits and regular inspections.

#### 4.2.3 Weapons storage and control

The Nepal Army will remain within the barracks as per the commitment expressed in the letter sent to the UN to ensure that their arms are not used for or against any party. The Nepal Army to store arms in equal numbers to that of the Maoist army, to seal it with a single-lock and give the key to the concerned party. In the process of installing the lock, to assemble a mechanism including a siren and register for the monitoring by the UN. While carrying out the necessary examination of the stored arms, the UN will do so under the presence of the concerned party. The barrack where NA arms will be monitored under

the conditions spelled out in section 4.1.2 will be identified and agreed by the parties. The arms will be stored in storage containers.

**4.2.4 Deployment and Concentration of Forces – NA permitted activities**

In accordance with the spirit of the Comprehensive Peace Accord, continuity will be given to functions of the Nepal Army including border security, security of the conservation areas, protected areas, banks, airports, power houses, telephone towers, central secretariat and security of VIPs. A detailed list of these institutions and installations will be kept by the NA, along with the number and types of forces assigned to such duties. The list of such institutions and installations will be kept by the NA under seal, and this information will be made available to UN monitors when deemed necessary in a case-by-case basis.

**Permitted NA activities include:**

1. Routine military activities within the barracks and regular training in barracks and camps. The JMCC will be notified 48 hours in advance before undertaking limited live fire exercises at designated live firing ranges.
2. Participation in official ceremonies, parades, etc. as directed by the Government.
3. Provision of Border Security as directed by the Government.
4. Relief of troops on a one-to-one basis, including transport as mentioned.
5. Regular maintenance and replacement of non-lethal equipment, including transport as mentioned. Maintenance and replacement of lethal weapons will take place only with the determination of the interim government or agreement by both parties.
6. Execution of development and construction tasks as directed by the civilian authorities, on central, regional and local levels.
7. Provision of support in relief work in times of natural and other disasters as directed by the Government.
8. Participation in Peacekeeping Operations called for by the United Nations, and all preparations, transport, training, transfer of equipment, etc. connected to this.
9. Provision of security for VVIPs and VIPs.
10. Provision of security of vital installations as directed by the Government.
11. Provision of security of transportation of Nepal Rastra Bank funds.

For all of the above activities the rules regarding notification of troop, air movements and exercises spelled out in section 5.2 apply.

**5 Compliance with the Agreement**

**5.1 Prohibited Activities**

In the spirit of the Comprehensive Peace Accord, and in light of this agreement, after the placement of the Nepal Army in the barracks and the Maoist Army combatants in cantonment, the parties shall scrupulously refrain from the following activities:

1. Holding and carrying arms is in violation of the law. Displaying arms, intimidation and any type of use of violence is prohibited, and use of arms is legally punishable.
2. Any type of arms and weapons targeted against each other in a direct or indirect way or any act of attack.

3. Harming or intimidating any person, including internally displaced persons, humanitarian and development workers and other non-combatants, and any seizure of their equipment and property.
4. Ambushes, murder or violent operations.
5. Kidnapping, unlawful detention or imprisonment, disappearances;
6. All offensive military flights in and over Nepal.
7. Damaging or seizing public/private/government, military or UN property and all attacks on UN personnel and installations.
8. Planting mines or improvised explosive devices, conducting sabotage or military espionage.
9. Recruiting additional armed forces or conducting military activities against each other, including transporting weapons, ammunitions and explosives (unless mutually agreed by the parties and notified in advance according to the terms of this agreement.)
10. Collecting cash or goods and services or levying tax against one's wishes and against the existing law.
11. Any actions that impede or delay the provision of humanitarian assistance or protection to civilians.
12. Any restrictions on the safe, free and unimpeded movement of humanitarian or development agencies undertaking activities approved by the interim government or its successor.
13. All acts and forms of gender-based violence.
14. Any restrictions on the free movement of people and goods.
15. All activities that obstruct the efforts of the UN Mission and amount to a failure to cooperate with the UN Mission, including the prohibition of the UN Mission patrols and flights over any location.
16. Any attempt by a party to disguise its equipment, personnel or activities as those of the UN Mission, other United Nations agencies, the International Committee of the Red Cross/Crescent or any other similar organisation.
17. Any attempt to redeploy military forces and equipment or occupation of any positions out of their respective deployment positions without the consent of the Joint Monitoring Coordination Committee.
18. The use of children who are 18 years old and under in the armed forces.
19. All hostile propaganda and incitement to military action.

The parties shall also refrain from all activities that are prohibited elsewhere in this agreement.

**5.2 Permitted activities**

The key principle that shall underpin permitted activities for both sides shall be to alleviate the effects of the armed conflict on civilians and the war-affected areas and to galvanise popular support for peace. Permitted activities for both sides will be conducted as per the decisions of the interim government. Troop, air movements and exercises have to be properly notified and approved by the Joint Monitoring Coordination Committee at least 48-hours in advance.

Permitted activities include:

(1) De-mining and decommissioning of military hazards;
(2) Development activities to include improvement and opening of roads, rehabilitation of bridges and passages and airstrips according to the decisions of the interim government;
(3) Humanitarian relief;
(4) Socioeconomic activities such as assisting free movement of people, goods and services;
(5) Free movement of unarmed soldiers in plain civilian clothes who are on granted leave, medical referrals, or visiting families – no more than 12 percent of the total retained force at a given cantonment or barracks will be on authorised leave at any given time unless mutually agreed by the parties;
(6) Supply of non-lethal items to military units, food, water, medicine, petrol, oil and lubricants, stationary, uniforms etc; and,
(7) Medical evacuation.

**5.3 Violations**

The following acts shall constitute violations of the agreement:
(1) Any act that contravenes this agreement;
(2) Unauthorised troop movements;
(3) Unauthorised recruitment, conscription or mobilisation;
(4) Unauthorised replenishment of military equipment;
(5) Violation of human rights, humanitarian law or obstruction of freedom of movement of people, goods and services;
(6) Espionage, sabotage, air surveillance and acts of subversion; and,
(7) Military flights, or military flights utilising civilian aircraft, over cantonment sites without 48-hour notification to the parties and the UN mission, except in emergency situations or medical evacuations.

**6 The United Nations Mission**

**6.1 The Joint Monitoring Coordination Committee**

The Joint Monitoring Coordination Committee (JMCC), the chairman of which will be appointed by the UN mission and the delegates from the parties determined by the parties themselves. The nine-member JMCC shall be composed of representatives from the UN, NA and Maoist Army. The neutral Chairman will be appointed by the United Nations. There will be two Vice-Chairmen, one each from the Maoist Army and the NA. The remaining six members will be two UN, two NA and two Maoist army, all as selected by the parties.

The JMCC shall reach its decisions by consensus. In the event of a deadlock, the representative of the UN Secretary-General shall have final authority for reporting on the compliance of the parties with this agreement to the Secretary-General and to the interim government for resolution. The Chairman shall report regularly to the representative of the Secretary-General and to the designated representatives of the parties regarding the activities of the JMCC.

The JMCC shall serve three main functions:

(1) To assist the parties in implementing this agreement. The JMCC shall be the central coordinating body for monitoring arms and armies in accordance with the terms of this agreement.
(2) To serve as a dispute resolution mechanism. The JMCC shall resolve all disputes and military or operational difficulties, complaints, questions or problems regarding implementation of this agreement.
(3) To assist in confidence building. The JMCC shall work to gain the trust and confidence of the parties and promote the overall goals of this agreement among the people in Nepal.

In order to achieve these goals, the JMCC shall operate according to the following basic principles:

(1) Resolve all problems and disputes at the lowest level possible, i.e. delegation of authority to the JMTs;
(2) Promote joint problem-solving and build trust and confidence through active efforts to appropriately investigate and report on all incidents of concern to the parties; and,
(3) Build on lessons learned in the process.

The Joint Monitoring Teams (JMTs), will assist the Joint Monitoring Coordination Committee at the local level and through site visits. The JMTs will comprise one international monitor as the team leader and one monitor from Nepal Army and one monitor from the Maoist Army. The number of JMTs and their deployment will be determined by the chair of the JMCC in consultations with that body.

The tasks of the JMTs will include:

(1) Village and community visits and liaison with the civilian community;
(2) Cooperation with other UN-agencies, and liaison with international organisations and non-governmental organisations;
(3) Assistance to the parties in creating a favorable operational environment for the conduct of the ceasefire by information sharing and defusing local tension;
(4) A pro-active concept for initiation of conflict management at the local level; and,
(5) Investigation of complaints linked to possible alleged violations of the agreement, reference paragraph 5.1, and to recommend measures to ensure compliance.

**7 Miscellaneous**

This agreement can be revised at any time with the consent of both parties. Both parties agree to provide to each other prior written information if they wish to make any change. The amendments can be made to the agreement with the consent of both parties after receiving the information. The provisions to be made by such an amendment will not fall below the minimum standards of accepted international human rights and humanitarian laws.

Both parties consent to sign any complementary understandings, as necessary, for the implementation of the present agreement.

This agreement will be signed by both parties in Nepali and English. The United Nations will witness the English language version of this agreement and, accordingly, the

English-language version of this agreement will be considered as authoritative in matters of dispute.
